
असार - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३३, अङ्क ६ | २०८१ असार १६-३१ | पूर्णाङ्क ७६८


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ८ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | १० |
| इजलास नं. ३ | २४ |
| **जम्मा** | **४३** |

| | |
|---|---|
| इजलास नं. १० | ४ |
| इजलास नं. १३ | २ |
| इजलास नं. | |
| इजलास नं. | |
| इजलास नं. | |
| **जम्मा** | **६** |

**कूल जम्मा ४३ + ६ = ४९**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, असार – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

## सूचना

**<u>"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"</u>** को **<u>"वार्षिक ग्राहक"</u>** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ९** |
| १. | उत्प्रेषणयुक्त परमादेश | मनोजकुमार चौधरी वि. नेपाल एस.बी.आई. बैंक लिमिटेड, प्रधान कार्यालय, हात्तीसार, काठमाडौंसमेत | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | मोनिका तामाङ वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २ |
| ३. | बन्दी प्रत्यक्षीकरण | रितु विष्ट वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३ |
| ४. | उत्प्रेषणयुक्त परमादेश | राजु खड्का वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत | ३ |
| ५. | उत्प्रेषणयुक्त परमादेश | महेन्द्रमान सिं डंगोलसमेत वि. काठमाडौं महानगरपालिका, काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबार, काठमाडौंसमेत | ४ |
| ६. | अंश चलन | सृष्टि गुरूङसमेत वि. रामकाजी गुरूङसमेत | ५ |
| ७. | हक कायमसमेत | सगुन सुन्दर लावती वि. आमोदकुमार राई | ७ |
| ८. | उत्प्रेषणयुक्त परमादेश | युगल भट्टराईसमेत वि. नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागसमेत | ८ |
| **इजलास नं. १** | | | **१० - ११** |
| ९. | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रकाश दर्जी परियार | १० |
| **इजलास नं. २** | | | **११ - १८** |
| १०. | जबरजस्ती करणी | नेपाल सरकार वि. सार्के भन्ने गणेश गिरी | ११ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. काली भन्ने कुमारी जिमी लिम्बूसमेत | १२ |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुपाल सुहाङ | १२ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बालम बोहोरा | १३ |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. इच्छाबहादुर राई | १४ |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरबहादुर कार्की | १५ |
| १६. | ज्यानसम्बन्धी कसुर | नेपाल सरकार वि. इन्द्रे घर्ती | १५ |

| | | | |
|---|---|---|---|
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जयन्द्र पाइजा पुन | १६ |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. निर्दलिया भन्ने निरञ्जन चौधरी | १७ |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुमार भन्ने राजकुमार राई | १७ |
| **इजलास नं. ३** | | | **१८ – ४५** |
| २०. | फैसला / बन्डा मुचुल्का बदरसमेत | कृष्णकुमार यादव वि. रामजीप्रसाद यादव | १८ |
| २१. | उत्प्रेषण | सूर्यबहादुर रानाभाट वि. प्रहरी प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखा, काठमाडौंसमेत | २० |
| २२. | कर्तव्य ज्यान | रवीनन्दनी यादव वि. नेपाल सरकार | २१ |
| २३. | निर्णय दर्ता बदर दर्ता | जयकृष्ण शिल्पकार वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ सिंहदरबार प्लाजामा अवस्थित नेपाल कृषि अनुसन्धान परिषद्समेत | २२ |
| २४. | जबरजस्ती करणी | अर्जुन भन्ने रचित राई वि. नेपाल सरकार | २३ |
| २५. | जबरजस्ती करणी | मनिष न्यौपाने वि. नेपाल सरकार | २४ |
| २६. | मिलापत्र बदर | देवमाया महर्जनसमेत वि. भाजुरत्न महर्जनसमेत | २५ |
| २७. | घर बनाउन हालेको पिलर भत्काई जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ | रामसेवक मण्डल वि. संजयकुमार मण्डल | २६ |
| २८. | बैंकिङ कसुर | भोजबहादुर दर्जी वि. नेपाल सरकार | २७ |
| २९. | बैंकिङ कसुर | माधुरी शाह वि. नेपाल सरकार | २८ |
| ३०. | बैंकिङ कसुर | गिता राणा वि. नेपाल सरकार, नेपाल सरकार वि. गिता राणा | २८ |
| ३१. | उत्प्रेषण | मोलिमा खातुन वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | ३० |

| | | | |
|---|---|---|---|
| ३२. | उत्प्रेषणसमेत | रामबालक राय वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौंसमेत | ३१ |
| ३३. | उत्प्रेषणसमेत | प्रहलाद कार्की वि. वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानसमेत | ३१ |
| ३४. | उत्प्रेषण | विजयश्री गौतम अग्नीहोत्रीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ३२ |
| ३५. | रैकर परिणत दर्तासमेत | केदार पोखरेल वि. मनदेवी मिश्रसमेत | ३४ |
| ३६. | अदालतको अवहेलना | भरतबहादुर अधिकारी वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंसमेत | ३४ |
| ३७. | उत्प्रेषण | अति कुमारी थापा क्षेत्री वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | ३६ |
| ३८. | उत्प्रेषण / प्रतिषेध / परमादेश | सम्झना खतिवडा (अधिकारी) वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौंसमेत | ३७ |
| ३९. | अंश दर्ता | हरिनारायण महतो धानुक वि. विगनीदेवी धानुकसमेत | ३९ |
| ४०. | फलामको ढोका हटाई बाटो कायमसमेत | कुमार राना मगर वि. सरस्वतीदेवी पन्त | ४० |
| ४१. | जबरजस्ती करणी | नेपाल सरकार वि. मिलन राई | ४२ |
| ४२. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. नाम परिवर्तित C को नाति D को छोरा A | ४३ |
| ४३. | जबरजस्ती चोरी | तेजबहादुर थापा वि. नेपाल सरकार | ४३ |
| **इजलास नं. १०** | | | ४५ – ५१ |
| ४४. | निषेधाज्ञा | लोकेन्द्र यादवसमेत वि. उषा झा | ४५ |
| ४५. | उत्प्रेषण / परमादेशसमेत | धर्मेन्द्रप्रसाद धमला वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४६ |

| | | | |
|---|---|---|---|
| ४६. | बन्दी प्रत्यक्षीकरण | निरूपा श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत | ४८ |
| ४७. | वैदेशिक रोजगार | नेपाल सरकार वि. विकास गुरूङसमेत | ४९ |
| **इजलास नं. १३** | | **५१ – ५४** | |
| ४८. | परमादेशसमेत | मनिषा ठाकुर वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत | ५१ |
| ४९. | उत्प्रेषण / परमादेश | रिषवकुमार शर्मासमेत वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ५२ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-WO-०६४१, उत्प्रेषणयुक्त परमादेश, मनोजकुमार चौधरी वि. नेपाल एस.बी.आई. बैंक लिमिटेड, प्रधान कार्यालय, हात्तीसार, काठमाडौंसमेत*

निवेदकले आफूलाई फाइदा पुग्ने गरी अन्य खातावालाहरूको खाताबाट रकम निकाली आफ्नो छोराको खातामा जम्मा गरेको निज निवेदक स्वयम्ले स्वीकारेको देखिन्छ भने उक्त कारोबार गर्दा निजले बैंकमा रहेका निवेदकका माथिका अधिकारीहरूलाई जानकारी नगराएको र स्वयम् बैंकका खातावालाहरूको स्वीकृति लिएको देखिँदैन। यसरी निवेदकले यसपूर्व पनि गलत बिलहरू पेस गरी रकम सोधभर्ना लिएको र एक निक्षेपकर्ताले खाताको रकम बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन,२०६४ तथा नियमावली र बैंकका कर्मचारी विनियमावलीविपरीत हुने गरी आफ्नै छोराको खातामा हस्तान्तरण गरी बैंकको ख्याति तथा विश्वसनीयतामा समेत प्रश्न आउने गम्भीर प्रकृतिको गलत कार्य गरेको देखिन्छ। नेपाल एसबिआई बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली,२०६३ को विनियम ४४(१) (क) मा "कर्मचारीले विनियम ३० को कुनै प्रावधान उल्लङ्घन गरेमा" सेवाबाट बरखास्त गर्न सकिने व्यवस्था रहेको र निवेदकले विनियम ३० विपरीतको कार्य गरेको देखिँदा निजलाई सेवाबाट बरखास्त गर्ने गरी भएको निर्णय अन्यथा नदेखिने।

यसैगरी, नेपाल एसबिआई बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली,२०६३ विनियमावली विनियम ४२(क) को खण्ड (क) मा "प्रबन्ध तहसम्मका कर्मचारीको लागि-प्रमुख सञ्चालन अधिकृत/प्रमुख वित्तीय अधिकृतलाई अनुशासनात्मक अधिकृत तोकिएको" भन्ने व्यवस्था रहेको पाइन्छ भने सोही विनियमावलीको विनियम ४७ मा प्रमुख सञ्चालन अधिकृत वा प्रमुख वित्तीय अधिकृतबाट अनुशासनात्मक कारबाही गरिएको अवस्थामा प्रबन्ध सञ्चालक पुनरावेदन सुन्ने अधिकारी हुने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत रिट निवेदनमा निवेदकलाई सेवाबाट बरखास्त गर्ने गरी प्रमुख सञ्चालक अधिकृतबाट निर्णय भएको मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिन्छ भने उक्त निर्णयउपर प्रबन्ध सञ्चालकसमक्ष पुनरावेदन दर्ता भई निज प्रबन्ध सञ्चालकबाट नै निर्णय भएको देखिन्छ। यसरी अधिकार प्राप्त अधिकारीहरूबाट नै कारबाहीको निर्णय भएको अवस्थामा उक्त निर्णय कानूनबमोजिमकै रहेको हुँदा निवेदन मागदाबीबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने।

निवेदक स्वयम्ले नेपाल एसबिआई बैंक लि., कर्मचारी सेवा विनियमावली,२०६३ को विनियम ३०(२) र (८) विपरीतको कार्य गरेको स्वीकारी अब उप्रान्त सो कार्य नदोहोऱ्याउने भनी स्पष्टीकरणमा उल्लेख भएको देखिएको र अधिकार प्राप्त अधिकारीले निवेदकलाई निजले गरेको लगत कार्यको कारबाही स्वरूप सेवाबाट बरखास्त गर्ने गरी भएको निर्णय अन्यथा भन्न नमिल्ने।

अत: निवेदक मनोजकुमार चौधरीले नेपाल एसबिआई बैंक लि., कर्मचारी सेवा विनियमावली,२०६३ को विनियम ३०(२) र (८) मा व्यवस्था भए विपरीतका कार्यहरू तथा आचारसंहिता उल्लङ्घनसमेत गरी बैंकको विश्वसनीयतामाथि प्रश्न उठ्ने कार्य गरेको हुँदा निजलाई सेवाबाट बरखास्त गर्ने गरी भएका निर्णयहरू कानूनसम्मत नै भई निवेदन

मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ मङ्सिर २५ गते रोज १ शुभम्।

२

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH-०१५६, बन्दीप्रत्यक्षीकरण, मोनिका तामाङ वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकको नाउँको समाह्वान म्याद निजको स्थायी ठेगानामा तामेलीका लागि पठाइएको र घरमा कोही मानिस फेला नपरेको कारण निजको घरदैलोमा टाँसी तामेल भएको देखिन्छ। जाहेरी तथा अभियोगपत्रमा नै निवेदकको स्थायी वतनका साथै हाल बसोबास गर्दैआएको वतन तथा निजको सम्पर्क नम्बरसमेत उल्लेख भएको अवस्थामा निवेदकको हालको वतनमा म्याद तामेल नभएको र अभियोगपत्रमा उल्लेख भएको निवेदकको सम्पर्क नम्बरमा सम्पर्क नगरी मात्र निवेदकको स्थायी घरदैलोमा टाँसी म्याद तामेल गर्नुले मात्रै निवेदकले आफूउपर दायर भएको मुद्दाको बारेमा जानकारी पाउने भनी अनुमान गर्नु न्यायसङ्गत हुने देखिँदैन। निवेदक मोनिका तामाङ हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.६ बौद्धमा रहँदै आएको भन्ने मिसिल संलग्न निजले सिद्धार्थ बैंक, न्यूरोड शाखामा खाता खोल्दा सन् २०१७।१२।२३ मा भरेको KYC (के.वाई.सि.) फारामको प्रतिलिपिबाट समेत देखिन्छ। यस प्रकार निवेदक रहँदै नरहेको स्थानमा निजको नाउँमा जारी भएको समाह्वान म्याद मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ बमोजिम तामेल भएको मान्न मिल्ने नदेखिएको हुँदा त्यस्तो म्याद सूचनालाई कानूनबमोजिमको मानी उच्च अदालत पाटनबाट भएको फैसलाले उल्लिखित कानूनी व्यवस्था र स्वच्छ सुनुवाइ गर्न पाउने निवेदकको संवैधानिक हकसमेत हनन भएको देखिँदा यसलाई प्राकृतिक न्यायको सिद्धान्तअनुकूलसमेत मान्न मिल्ने नदेखिने।

निवेदकउपर लिलाबहादुर क्षेत्रीको जाहेरी परी अभियोगपत्र दायर भएकोमा निजलाई बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम सजाय भएको देखिन्छ। उत्प्रेषणबाट निवेदकलाई सजाय गर्ने गरी भएको फैसला बदर हुने भए तापनि अभियोग दाबी कायमै रहने हुँदा मुद्दाको प्रक्रियामा सहभागी गराउनै पर्ने हुँदा तत्काल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन। अब, निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिए तापनि माथि विवेचना भए अनुसार निवेदकको हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.६ बौद्धमा रहँदै आएको भन्ने निवेदकउपर दायर भएको मुद्दाको जाहेरी तथा अभियोगपत्रमा समेत देखिएको तथा सो तथ्यलाई निजले सिद्धार्थ बैंकमा खाता खोल्दा सन् २०१७।१२।२३ मा भरेको KYC (के.वाई.सि.) फारामको प्रतिलिपिसमेतबाट पुष्टि भएको स्थितिमा निवेदकका नाउँमा जारी भएको समाह्वान म्याद मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६१ बमोजिमको कार्यविधि अपनाई तामेल भएको नदेखिएको र सोबाट निवेदकले स्वच्छ सुनुवाइको अवसर प्राप्त गरेको नदेखिएको अवस्थामा उक्त म्यादलाई कानूनसङ्गत मान्न मिल्ने देखिएन। तसर्थ, निवेदकको स्थायी वतनको घरदैलोमा टाँस भएको मिति २०७८।०१।०४ को समाह्वान म्याद र सो आधारमा उच्च अदालत पाटनबाट मिति २०७८।०७।३० मा भएको फैसला

तथा सोपश्चात्का काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । सो ठहर्नाले निवेदकलाई हाल थुनामा राखिएको कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा थुनछेक प्रयोजनका लागि उपस्थित गराई बयान लिनेलगायतका मुद्दाको कारबाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

इति संवत् २०७९ साल चैत्र ६ गते रोज २ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH-०१५२, बन्दीप्रत्यक्षीकरण, रितु विष्ट वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकउपर मनिष बानियाँ क्षेत्रीको जाहेरी परी अभियोगपत्र दायर भएकोमा निजलाई बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम सजाय भएको देखिन्छ । उत्प्रेषणबाट निवेदकलाई सजाय गर्ने गरी भएको फैसला बदर हुने भए तापनि अभियोग दाबी कायमै रहने हुँदा मुद्दाको प्रक्रियामा सहभागी गराउनैपर्ने हुँदा तत्काल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । अब, निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिए तापनि माथि विवेचना भए अनुसार निवेदकको हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.५ हाँडीगाउँमा रहँदै आएको भन्ने निवेदकउपर दायर भएको मुद्दाको जाहेरी तथा अभियोगपत्रमा समेत देखिएको तथा सो तथ्यलाई निजले नेपाल बैंक लिमिटेडमा खाता खोल्दा मिति २०७५।०५।३१ मा भरेको व्यक्तिगत ग्राहक पहिचान विवरण (KYC) को प्रतिलिपिसमेतबाट पुष्टि भएको स्थितिमा निवेदकका नाउँमा जारी भएको समाह्वान म्याद मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६१ बमोजिमको कार्यविधि अपनाई तामेल भएको नदेखिएको र सोबाट निवेदकले स्वच्छ सुनुवाइको अवसर प्राप्त गरेको नदेखिएको अवस्थामा उक्त म्यादलाई कानूनसङ्गत मान्न मिल्ने देखिएन । तसर्थ, निवेदकको स्थायी वतनको घरदैलोमा टाँस भएको मिति २०७९।०१।०९ को समाह्वान म्याद र सो आधारमा उच्च अदालत पाटनबाट मिति २०७९।०३।१३ मा भएको फैसला तथा सोपश्चात्का काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । सो ठहर्नाले निवेदकलाई हाल थुनामा राखिएको कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा थुनछेक प्रयोजनका लागि उपस्थित गराई बयान लिनेलगायतका मुद्दाको कारबाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

इति संवत् २०७९ साल चैत्र ६ गते रोज २ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७६-WO-०१३७, उत्प्रेषणयुक्त परमादेश, राजु खड्का वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत*

निवेदकले आफूले लिए खाएको कर्जा रकम पटकपटक बोलकबोल गरेको मितिमा भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिँदैन । प्रत्यर्थी प्रकाश लामिछानेले आफूले दिएको ऋण रकम पाउनुपर्नेमा नपाएपछि कानूनबमोजिम असुलउपर गरिपाउँ भनी अदालत प्रवेश गरेकोमा अदालतबाट जारी भएको म्यादमा निवेदक राजु खड्का अदालतमा हाजिर नभएको, अदालतबाट फैसला भएपश्चात् यी निवेदकले सो फैसलाबमोजिम बिगो नबुझाएको, सोको सम्बन्धमा बिगो असुल हुने गरी सम्पत्तिको

विवरण दिन नसकेको, बिगो भरिभराउको क्रममा अरू नै मुद्दाको रोहमा रोक्कामा रहेको जग्गाबाट भराउनुपर्ने बिगो भराइपाउँ भनी अदालतलाई गुमराहमा पारी झुठो बेहोरा पेस गरी अदालतलाई सहयोग नगरी अदालतको समय र स्रोत साधनको दुरूपयोग गरेको देखियो। आफूले लिए खाएको ऋण आफैँ तिर्नुपर्नेमा सो दायित्व पूरा नगरी अदालतबाट पटकपटक भएको निर्णय आदेशसमेतको उल्लङ्घन गर्ने र यस अदालतलाई गुमराहमा पार्ने क्रियाकलाप गरेको देखियो। यसका अलावा यी निवेदकले यस अदालतमा रिट दर्ता गरी कानून व्यवसायी मुकरर गरेको वकालतनामा मिसिल संलग्न हुँदा हुँदै र कानून व्यवसायीबाट बहस पैरवी गरी अन्तरिम आदेश जारी भएपश्चात् मुद्दा लम्बाउने र प्रत्यर्थीलाई अनावश्यक दुःख हैरानी दिने नियतका साथ कानून व्यवसायी राख्न नसकेकोले पेसी स्थगित गरी कानून व्यवसायी मुकरर गर्ने समय पाउँ भनी निवेदनसमेत दिएको देखिन्छ। यसबाट यी निवेदकको मनसाय नै दूषित रहेको र अदालतलाई असहयोग गरी अदालतको स्रोत साधन र समयको दुरूपयोग गरी अदालतलाई गुमराहमा पारेको भन्ने कुरा निजको व्यवहारबाट पुष्टि भएको देखिने।

अत: भक्तपुर जिल्ला अदालतबाट कानूनबमोजिम यी निवेदक राजु खड्कालाई लागेको बिगो भुक्तान नगरेबापत थुनामा राख्ने गरी मिति २०७५।१२।२९ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी मिति २०७६।०४।३० मा उच्च अदालत पाटनबाट भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको नदेखिँदा उक्त निर्णय आदेशले यी निवेदकको संविधान तथा कानूनप्रदत्त हक अधिकारमा असर परेकोले सो बदर गरिपाउँ भन्ने निवेदन मागदाबीसँग यो इजलास सहमत हुन नसकेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नबिन आचार्य

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ साउन २४ गते रोज ३ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-WO-०१०७, उत्प्रेषणयुक्त परमादेश, महेन्द्रमान सिं डंगोलसमेत वि. काठमाडौं महानगरपालिका, काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबार, काठमाडौंसमेत*

रिट निवेदकहरूले मिति २०७४।०१।१२ को काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ६२ औं बैठकबाट भएको निर्णय बदर माग भएको सन्दर्भमा हेर्दा, उक्त निर्णयले "काठमाडौं महानगरपालिकाको मिति २०७३।०९।२५ को २९ औं नगरपरिषद्को बैठकले निवेदकहरूको व्यक्तिगत फाइल तथा पारिश्रमिकसमेत अध्ययन गरी ज्येष्ठता कायम गर्ने काठमाडौं महानगरपालिकालाई निर्देशन दिने भनी गरेको निर्णय कार्यान्वयन गर्नुपर्ने अवस्था छ। निवेदकहरूको २०७३ साल फागुन महिनासम्मको तलबमान अध्ययन विश्लेषण गर्दा निवेदकको तलबमान ११ वर्षपछि नियुक्त समान पद र तहमा कार्यरत सवारी चालकहरूको भन्दा केहीको समान र केहीको घटीसमेत देखिएकोले पछि नियुक्त भएका सवारी चालकहरूको भन्दा पहिले नियुक्ति लिएका निवेदकहरूको तलबमान स्वाभाविकै हिसाबले पनि केही बढी हुनुपर्ने हो" भन्ने बेहोरा उल्लेख गर्दै "प्रस्तुत विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र ऐ. नियमावली २०५६, सम्बद्ध कानूनी व्यवस्था र का.म.न.पा. को २९ औँ नगर परिषद्को निर्देशनात्मक निर्णयसमेतको आधारमा निवेदकहरूमध्ये पछि (२०६३ सालमा) नियुक्त समान

पदको सवारी चालकहरूको भन्दा घटी वा समान तलबमान कायम भएको हकमा पछि नियुक्त समान पदमा कार्यरत कर्मचारीभन्दा बढीमा १ भन्दा बढी फरक नपर्ने गरी बढीमा २ ग्रेड थप गरी नयाँ तलबमान कायम गर्ने" भन्ने निर्णय भएको देखिन्छ। काठमाडौं महानगरपालिकाको मिति २०७४।०१।१२ को बोर्ड बैठकबाट निर्णय भइसकेपश्चात् बोर्डको उक्त निर्णय कार्यान्वयनको लागि काठमाडौं महानगरपालिकाबाट मिति २०७४।०२।१८ मा तलबका सम्बन्धमा टिप्पणी आदेश उठाई ह.स.चा.हरूको सम्बन्धमा भा.स.चा. ४० जनामध्ये ४ जनाको अवकाश भई ३६ जनाको ग्रेड थप गरी तलबमान कायम गरी पारिश्रमिक उपलब्ध गराउन तयार गरिएको तलब चार्ट टिप्पणीसाथ निर्णयार्थ पेस भएको देखिन्छ भने मिति २०७४।०२।२५ मा उक्त टिप्पणी आदेश सदर गर्ने आदेश भएको देखिन्छ। यसरी निज रिट निवेदकहरूको निवेदन मागबमोजिम २०६३ सालमा नियुक्त भएका आफू समान तहका सवारी चालकभन्दा आफूहरूको माथिल्लो ज्येष्ठता कायम हुनुपर्ने र तलबसमेत बढी हुनुपर्ने मागका सम्बन्धमा मिति २०७४।०१।१२ मा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ६२ औँ बैठकबाट भएको निर्णयले सम्बोधन गरिसकेको देखिने।

यसरी यी ३६ जना रिट निवेदकको ग्रेड थप गरी नयाँ तलबमान कायम गर्ने भन्ने माग सम्बोधन भइसकेको देखिएको र सोही सुविधा २०६३ सालदेखि नै लागु हुनुपर्ने मागका सम्बन्धमा सोही समयदेखि अन्याय पर्न गएको भए सोही समयमा उजुरी गर्न आउनुपर्नेमा सो गरेको देखिएन। करिब ११ वर्षदेखि कार्यान्वयन भइरहेको विषयमा दशकपछि (करिब ११ वर्षपछि) २०६३ सालदेखि लागु हुनुपर्ने मागलाई विलम्ब गरी आएको देखिँदा सो सम्बन्धमा निवेदन मागबमोजिम हुन मिल्ने नदेखिने।

तसर्थ, मिति २०७४।०१।१२ मा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ६२ औँ बैठकबाट भएको निर्णयले रिट निवेदनको माग सम्बोधन गरिसकेको देखिँदा प्रस्तुत रिट निवेदनको प्रयोजन र औचित्य समाप्त भएकोले मागबमोजिम कुनै आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नवीन कुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ चैत्र ३ गते रोज ६ शुभम्।

## ६

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CI -०६२०, अंश चलन, सृष्टि गुरूङसमेत वि. रामकाजी गुरूङसमेत*

हाम्रो कानूनी व्यवस्था र यस अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित सिद्धान्तसमेत हेर्दा मुलुकी ऐन अंशबन्डाको महलको १ नं. मा अंशबन्डा गर्दा बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नुपर्छ भनी र ऐ.को २ नं. मा अंशबन्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ भनी उल्लेख भएको पाइन्छ। त्यसै गरी अंशबन्डाको ३२ नं. मा अंशबन्डा गर्दा घटी बढी गर्नु हुँदैन भन्नेसमेत उल्लेख भएको परिप्रेक्ष्यमा यी वादीहरू स्वर्गीय सिवुराम गुरूङको श्रीमती तथा छोराछोरी नाताका भई सिवुराम गुरूङको हुने १ भाग अंश प्राप्त गर्ने प्रतिवादीहरूका समान तहका अंशियार रहेको देखिन्छ। समान तहका स्वर्गीय सिवुराम गुरूङकी श्रीमती वादी पदमकुमारी गुरूङलाई के कति कारणले काठमाडौं, ललितपुर र भक्तपुरका जग्गा तथा घरबाट अंश नदिई कम सम्पत्ति अंशबापत दिइएको हो भन्ने सम्बन्धमा मिति २०७२।३।२१ को अंश भरपाईमा कुनै बेहोरा खुलाएको पाइँदैन। उक्त अंश भरपाईमा उल्लिखित सम्पत्तिबाहेक अन्य कुनै सम्पत्ति छैन,

भएमा पत्ता लगाउनेले एकलौटी खाएमा मन्जुर छ भनी उल्लेख गरेकोसमेत पाइन्छ। यसरी प्रतिवादीहरूका नाउँमा अंशभरपाईमा उल्लिखितबाहेक पनि अन्य सम्पत्तिसमेत रहेकोमा सो सम्बन्धमा वादीहरूलाई थाहा जानकारी दिएको वा वादीहरूको समेत सहमति मन्जुरीमा प्रतिवादीहरूको निजी आर्जनको हो भन्ने उल्लेख गरेको पनि देखिँदैन । यस अवस्थामा प्रतिवादीहरूका नाउँमा रहेका तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिहरूबाट पुनरावेदक वादीहरूले अंश प्राप्त गरेको भन्ने नदेखिँदा यी पुनरावेदक वादीहरू उक्त सम्पत्तिहरूमा रहेको आफ्नो अंश हकबाट वञ्चित हुन पुगेको देखिने।

सुरू जिल्ला अदालतको आदेशानुसार प्रत्यर्थी प्रतिवादीहरूले तायदातीमा उल्लेख गरेका सम्पत्तिमा प्रतिवादी नारायणबहादुर गुरूङका नाउँमा भक्तपुर जिल्ला निलबाराही गा.वि.स वडा नं. ९ क कि.नं. ९६० क्षेत्रफल ०-८-३-० जग्गा र घर, प्रतिवादी हरिशरण गुरूङका नाउँमा भक्तपुर जिल्ला निलबाराही गा.वि.स वडा नं. ९ क कि.नं. ९५९ क्षेत्रफल ०-८-३-० जग्गा र घर रहेको भन्ने देखिन्छ । त्यसै गरी प्रतिवादी रामकाजी गुरूङका नाउँमा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २९ मा कि.नं. ५३ को क्षेत्रफल ४०० वर्ग मिटर, ऐ.ऐ. कि.नं. ३१८ को क्षेत्रफल ५३१ वर्ग मिटर जग्गा र घर, ऐ.ऐ. वडा नं. १४ मा कि.नं. २११ को क्षेत्रफल १३०८.७० वर्ग मिटर जग्गा, जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. ५ ख कि.नं. १३७ क्षेत्रफल ०-१४-० जग्गा र घर रहेको भनी उल्लेख भएको पाइन्छ। सम्पत्ति आफूहरूले यु.के. के.जी फासनर उद्योग र गौरीशंकर ग्याँस उद्योग तथा शुभकामना आवासीय विद्यालय सञ्चालन गरी र जागिर तथा ऋण लिई आर्जन गरेकाले आफ्नो निजी आर्जनको हुँदा बन्डा गर्नुपर्ने होइन भनी जिकिर लिएको पाइन्छ । अंशबन्डाको १८ नं. मा मानो नछुट्टिई सँगै बसैका जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नम्बरबमोजिम लगायको ऋण सबै अंशियारलाई भाग लाग्छ भनी उल्लेख गरेबाट सगोलका अंशियारहरूका नाउँमा रहेको सगोलको सबै सम्पत्तिमा सबै अंशियारको समान हक रहेको पाइन्छ। सगोलमै रहँदा विभिन्न उद्योग तथा व्यवसाय गरी आर्जन गरेको देखिँदा सो सम्पत्ति सगोलकै भई वादीहरूको समेत अंश हक लाग्ने प्रकृतिको नै देखियो। ऋण लिई घर जग्गा बनाएको भन्ने प्रतिवादीहरूको जिकिरका सम्बन्धमा साहुको नालेस परेका बखत विचार हुने नै हुँदा सो सम्बन्धमा हाल केही बोलिरहन परेन। प्रतिवादीहरूका नाउँमा दर्ता रही मिति २०७२।३।२१ को अंश भरपाईमा उल्लेख नभएका यी प्रत्यर्थी प्रतिवादीहरूले तायदाती फाँटवारीमा उल्लेख गरेका सम्पत्तिमा समेत यी पुनरावेदक वादीहरूको पनि अंश हक निहित रहेको देखिँदा सोबाट समेत वादीहरूले अंश पाउने देखियो। यस अवस्थामा वादी दाबी ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसला प्रचलित कानून र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा मिलेको देखिने।

वादी दाबी ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७६।०२।०२ मा भएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।०९।०१ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम मिति २०७२।३।२१ मा मालपोत कार्यालय सिन्धुपाल्चोकबाट र.नं. ३९५२ बाट पारित

अंश भरपाईमा उल्लेख नभएका प्रतिवादीहरूको नाउँमा दर्ता रहेका तायदाती फाँटवारीमा उल्लिखित तपसिलबमोजिमको सम्पत्तिबाट समेत वादीहरूले ५ भागको १ भाग अंश पाउने ठहर्ने।

इजलास अधिकृत : कुबेर पाण्डे

इति संवत् २०८० साल जेष्ठ २ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७८-CR-१२६७, जालसाजी, सृष्टि गुरूङसमेत वि. रामकाजी गुरूङसमेत
- ०७८-CI-०४७७, दूषित अंश भर्पाई लिखत बदर गरिपाऊँ, सृष्टि गुरूङसमेत वि. रामकाजी गुरूङसमेत

**७**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०६९-CI-१०४४, हक कायमसमेत, सगुन सुन्दर लावती वि. आमोदकुमार राई*

पुनरावेदक/प्रतिवादीकी आमा सुलोचना लावतीले प्रत्यर्थी/वादी आमोदकुमार राईलाई निजले आफूलाई पालन पोषण गरी आवश्यक सहयोग गरेको र पछि पनि गर्ने वचन दिएको भन्ने बेहोरा पारी काठमाडौं जिल्ला कलङ्की ५ग कि.नं.८४५ को ०-४-१-२ जग्गा र घरसमेतको मिति २०६२।५।२९ मा मालपोत कार्यालय कलंकीबाट शेषपछिको बकस पत्र गरिदिएको देखिन्छ। उक्त बकस पत्रको लिखतमा सगुन सुन्दर लावती र निजको श्रीमती वविना लावतीसमेत आफैँ साक्षी बसेको देखिन्छ। यसबाट सुलोचना लावतीलाई प्रत्यर्थी/वादी आमोदकुमार राईले पालन पोषण औषधी उपचारसमेत गर्दैआएको भन्ने तथ्य पुष्टि हुन आयो । सोही बकसपत्रको लिखतबाट आफू एकासगोलको अंशियार भएको कुरा प्रत्यर्थी / वादीले स्वीकार गरेको र आमा सुलोचना आफूसँगै बसेकोले मलाईसमेत बन्डा लाग्ने सम्पत्ति हुँदा शेषपछिको बकसपत्र (अष्टलोह) को लिखतबाट आमाको हक हिस्साजतिमा मात्र निज प्रत्यर्थी / वादीको हक हुनेमा पूरै जग्गामा हक स्थापित हुन सक्दैन भनी पुनरावेदक / प्रतिवादी सगुन सुन्दर लावतीले जिकिर गरेको देखिन्छ। उक्त बकसपत्रको कागजबाट सुलोचना लावतीलाई आमोदकुमार राईले पालन पोषण र हेर विचार गर्दैआएको देखिएको साथै सुलोचना लावती यी पुनरावेदकसँग बसेको र निजले पालन पोषण र हेरविचार गरेको भन्ने देखिन आएन । शेषपछिको बकस पत्र गरिदिएका जग्गा सुलोचना लावतीले आफूखुसी गर्न पाउने सम्पत्ति होइनन् साथै यस कारण र प्रमाणले मेरोसमेत अंश भाग लाग्ने हो भनी पुनरावेदकले स-प्रमाण दाबी लिन सकेको पनि देखिँदैन । अर्कोतर्फ उक्त मिति २०६३।९।९ को शेषपछिको बकस पत्रको लिखतका सम्बन्धमा अदालतमा मुद्दा गरी दुवै पक्षका प्रमाण हेरी उक्त लिखत सद्दे भई कायम रहेको भन्ने अदालतबाट फैसला भई सो फैसला अन्तिम भएपछि फेरि सो सद्दे ठहरेको शेषपछिको बकसपत्रको लिखतमा प्रश्न उठाई बकसपत्र दाता सुलोचना देवीको नाममा रहेका जग्गामा आफ्नो अंश भाग लाग्ने भनी सोही विषयमा लिएको पुनरावेदन जिकिर मनासिब नदेखिने।

तत्काल प्रचलनमा रहेको मुलुकी ऐन, २०२० स्त्री अंशधनको महलको १ नं.मा "कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल आफूखुस गर्न पाउँछन् भन्ने व्यवस्था रहेको देखिन्छ । विवादको जग्गाका शेषपछिको बकसपत्र गर्ने दाता सुलोचना लावती कृषि विकास बैंकमा २०२४ सालदेखि अधिकृत तहबाट सेवा सुरू गरी प्रथमस्तरसम्मको पदमा कार्यरत कर्मचारी भई २०४८ सालमा स्वेच्छिक अवकास लिएकोमा निजले निजी तवरबाट पारिश्रमिकलगायतका सुविधा प्राप्त गरेको भन्ने यिनै वादी र प्रतिवादीबिच

काठमाडौं जिल्ला अदालतमा चलेको ०६३ सालको दे.मि.नं. ५५३० को शेषपछिको लिखत बदर मुद्दाबाट देखिन्छ। बाबु आमाको सम्पत्ति छोरा छोरीका निमित्त जुनसुकै तवरबाट प्राप्त भए तापनि अंश लाग्ने भन्ने सर्वोच्च अदालतको व्याख्या अंश मुद्दाका सन्दर्भमा भएकोमा प्रस्तुत मुद्दा अंशबन्डाको सम्बन्धमा नभई शेषपछिको बकस पत्रका सम्बन्धमा भएको, तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलाले मिति २०६३।९।९ को शेषपछिको बकस पत्र सद्दे कायम रहेको र वादी आमोदकुमार राईले सुलोचना लावतीको हेर विचार स्याहार सम्भार गरेको अवस्थालाई प्रतिवादी सगुन सुन्दर लावतीले आफू लिखतमा साक्षी बसी स्वीकार गरेकोसमेतको स्थितिमा अंशबन्डाको व्याख्याहरू प्रस्तुत विवादमा सान्दर्भिक हुन नआउने।

यसप्रकार सुलोचना लावतीले आफूलाई रिझाएबापत विवादका कि.नं.५६० र ५५७ का जग्गाहरू वादी आमोद कुमार राईलाई शेषपछिको बकसपत्र गरिदिन पाउने नै देखियो। साथै पुनरावेदक/ प्रतिवादीले विवादका बाहेकका अरू जग्गा छैन भन्न सकेको देखिँदैन । सुलोचना लावतीको पालन पोषण आमोदकुमार राइले गरेको भन्ने कुरा मिति २०६२।५।२९ को शेषपछिको बकसपत्रको लिखतमा पुनरावेदक सगुन सुन्दर लावती साक्षी बसेबाट पुष्टि भएको देखिन्छ । सुलोचना लावतीले आफ्नो निजी भई आफूखुस गर्न पाउने सम्पत्ति अर्का व्यक्तिलाई बकसपत्र गरेर दिन नपाउने भन्ने कुनै ठोस आधार र कारणसमेत पुनरावेदकले पेस गर्न नसकेको स्थितिमा उक्त विवादित कित्ता जग्गा पुनरावेदकको अंश भाग लाग्ने जग्गा भनी मान्न मिल्ने देखिएन। वादी आमोदकुमार राई र सुलोचना लावती दिदी भाई नाताका रहेका र बकस गरिदिएका उल्लिखित दुई कित्ता जग्गा सुलोचना लावतीले माइतीबाट प्राप्त गरेको हुँदा अरूलाई अंश भाग लाग्ने होइन भनी प्रत्यर्थी/वादी आमोदकुमार राईले जिकिर लिएकोमा सोलाई पुनरावेदकले यस कारण पैतृक हुन वा माइतीबाट प्राप्त गरेको होइन भनी पुष्टियोग्य प्रमाणसहित भन्न सकेको पनि पाइँदैन । अत: यी पुनरावेदक आफैँ साक्षी रहेको उल्लिखित बकसपत्र लिखत अन्यथा नदेखिँदा पुनरावेदक/प्रतिवादीकी आमा सुलोचना लावतीले प्रत्यर्थी/वादी आमोदकुमार राईलाई बकस गरिदिँदा यी पुनरावेदक/प्रतिवादीको मन्जुरी रहेछ भन्ने अवस्था प्रस्ट रूपमा स्थापित भएको पाइने।

उल्लिखित कि.नं.५५७ र कि.नं.५६० को दुई कित्ता जग्गामा वादीले प्राप्त गरेको बकस पत्रको लिखतबाट वादी आमोदकुमार राईको हक कायम गरी निजका नाममा नामसारी दर्ता हुने ठहऱ्याई सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६६।६।२७ मा भएको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।७।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ चैत्र २८ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-१०४५, नामसारी दर्ता हक कायमसमेत, सगुन सुन्दर लावती वि. आमोदकुमार राई।
- ०७५-WO-०७२३, उत्प्रेषणयुक्त परमादेश, आमोदकुमार राई वि. सुनसरी जिल्ला अदालतसमेत।

८

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिल प्रसाद श्रेष्ठ,** *०७३-WO-०१६५, उत्प्रेषणयुक्त*

*परमादेश, युगल भट्टराईसमेत वि. नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागसमेत*

वैदेशिक रोजगार विभागको मिति २०७२।३।११ को निर्णयमा कुन कानूनबमोजिम कारोबार रोक्का राखिएको हो भन्ने खुल्न आएको देखिँदैन । प्रचलित वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात गर्ने अनुसन्धान अधिकृतले इजाजतपत्रवालाको इजाजतपत्र निलम्बन गर्ने प्रतिवेदनको आधारमा ऐनको दफा ६१(७) बमोजिम विभागले इजाजतपत्रवालाको इजाजतपत्र बढीमा छ महिनासम्म निलम्बन गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । विशेष अदालतमा मुद्दा दायर भएको भन्ने आधारमा मात्र इजाजत प्राप्त व्यवसायीहरूको कारोबार रोक्का गर्न सक्ने अधिकार उक्त ऐनले विपक्षी वैदेशिक रोजगार विभागलाई प्रदान गरेको भन्ने देखिँदैन । यदि वैदेशिक रोजगार ऐन, २०६४ को उल्लिखित दफा ६१(७) को व्यवस्थाबमोजिम विभागले कारोबार रोक्का गरेको थियो भने पनि सो अवधि हाल व्यतीत भइसकेको देखिन्छ । उक्त ऐनबमोजिम निवेदकहरूउपर कुनै कारबाही भएको भनी विपक्षीहरूबाट जिकिर लिन सकेको पनि देखिँदैन । साथै प्रस्तुत विवादसँग समान विषयवस्तु रहेको एडभान्स रिक्रूटमेन्ट सर्भिसेज प्रा.लि. को हकमा मिति २०७०।०७।०८ मा र सन्ना इन्टरनेसनल प्रा. लि. को हकमा मिति २०७०।९।१६ मा भ्रष्टाचारको आरोपपत्र पेस हुनासाथ स्वतः निलम्बन रहने कानूनी प्रावधान नरहेको भनी विपक्षी वैदेशिक रोजगार विभाग आफैँले उक्त संस्थाहरूको कारोबार फुकुवा गर्ने भनी निर्णय गरेको कुरा मिसिल संलग्न उक्त निर्णयको प्रतिलिपिबाट देखिएको छ । यसरी विपक्षी विभागले समान अवस्थाका व्यक्तिहरूबिच असमान व्यवहार गरी कुनै व्यवसायीको हकमा कारोबार फुकुवा गर्ने र कुनै व्यवसायीको हकमा फुकुवा नगरी लगातार रोक्का राखेको देखिएको हुँदा त्यस्तो कार्यलाई पनि कानूनसम्मत रहेको भनी मान्न मिल्ने अवस्था नदेखिने ।

अतः निवेदकहरूउपर विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको भन्ने आधारमा वैदेशिक रोजगार व्यवसायीहरूको कारोबार रोक्का गर्ने गरी मिति २०७२।३।११ मा वैदेशिक रोजगार विभागबाट निर्णय भएकोमा निवेदकहरूउपरको भ्रष्टाचारको आरोप दाबी पुग्न नसक्ने भनी प्रतिवादीहरूले सफाइ पाउने गरी फैसला भई अन्तिम भइसकेको देखिएको र समान प्रकृतिका अन्य संस्थाहरूको हकमा रोक्का फुकुवा गर्ने गरी वैदेशिक रोजगार विभाग स्वयम्बाट निर्णय भइरहेको देखिएकोसमेतबाट निवेदकहरूका हकमा विभागबाट भएको निर्णय न्यायपूर्णसमेत नदेखिएको हुँदा वैदेशिक रोजगार विभागको मिति २०७२।३।११ को निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकहरू वैदेशिक रोजगार व्यवसायी संस्थाको कारोबार फुकुवा गर्नु गराउनु भनी विपक्षी वैदेशिक रोजगार विभागको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : शिवबहादुर थापा/कुवेर पाण्डे

इति संवत् २०७९ साल फागुन २६ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-WO-०३०२, उत्प्रेषणयुक्त परमादेश, शिवहरी तिमिल्सिनासमेत वि. नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागसमेत
- ०७३-WO-०३८५, उत्प्रेषणयुक्त परमादेश, मिनप्रसाद तामाङसमेत वि. नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागसमेत

## इजलास नं. १

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-०२०७, जबरजस्ती करणी, नेपाल सरकार वि. प्रकाश दर्जी परियार*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडित, जाहेरवाला तथा मौकामा बुझिएका मिना भण्डारी, यु कुमारी सेन र धना खड्काको कागज बेहोरा तथा निजहरूले अदालतसमक्ष गरेको बकपत्र बेहोरा समर्थित हुन सकेको देखिँदैन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको स्वास्थ्य परीक्षण गर्ने डा.अमुदा रेग्मीको बकपत्र बेहोरा, पीडितले अनुसन्धानको क्रममा गरेको घटनाविवरण कागज बेहोरासमेतका प्रमाण कागजातको आधारमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने प्रमाणित हुन सकेको नदेखिएकोले जाहेरवालाको जाहेरी दरखास्त, मौकामा बुझिएका मिना भण्डारी, यु कुमारी सेन, धना खड्काको कागज बेहोरा तथा निजहरूको बकपत्र बेहोरासमेतमा उल्लेख गरिएको परस्पर विरोधाभाषयुक्त भनाइलाई विश्वसनीय र भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्नु न्यायसङ्गत देखिन आउँदैन । मौकामा कागज गर्दाको अवस्थामा पीडितले, जाहेरवालाले अन्य कागज गर्ने व्यक्तिले समेत लिङ्ग योनिभित्र छिराएको भन्ने उल्लेख नगरेको, कपडामा फोहोर लागेको भन्ने पनि नरहेको स्थितिमा अदालतमा आई बकपत्र गर्दाको अवस्थामा मात्र सो कुरा उल्लेख गरेको देखिएको हुँदा मौकामा व्यक्त गर्न नसकी पछि आएर अदालतमा बकपत्र गर्दा उल्लेख गरेको बेहोरालाई सोच विचार गरी पछि प्रतिवादीले कसुर गरेको हो भनी गढाउ गर्ने किसिमबाट गरेको बकपत्र बेहोरालाई प्रमाणमा ग्रहण गर्न सक्ने देखिँदैन । यस स्थितिमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको कसुर भएको मान्न मिल्ने देखिएन ।

प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई विवाह घरबाट एकान्तस्थल दुखु जङ्गलतर्फ लगेको तथा घटनास्थलमा बुट्यान पाखोमा झारहरू मडारिएको, माटो उद्रिएको देखिएको, पीडितको शारीरिक परीक्षण हुँदा PERINEUM: ERYTHEMATOUS, VULVA: NORMAL, HYMEN: INTACT, NO SIGNS OF RECENT INJURIES भन्नेसमेत बेहोरा खुल्न आएको, स्वास्थ्य परीक्षण गर्ने चिकित्सक डा. अमुदा रेग्मीले पीडितको शरीरमा कुनै किसिमको घाउ चोट देखिएको थिएन । यौनाङ्गमा पनि घाउचोट थिएन । कन्याजाली च्यातिएको थिएन, जबरजस्ती गरेकोजस्तो लक्षणहरू खासै केही थिएन भन्नेसमेत बेहोरा बकपत्रमा लेखाइएको देखिन्छ । प्रतिवादीले मान्छेको आवाज आएको कारण यो कुरा कोही कसैलाई नभन्नु भनी डर त्रास देखाई छाडी गएको भन्ने जाहेरी दरखास्त, प्रतिवादीले मेरो पिसाब फेर्ने ठाउँमा निजले आफ्नो पिसाब फेर्ने निकाली खेलाई चलाइ गर्दागर्दै नजिकै मान्छेको आवाज आएको र म रोएकीले मलाई छाडी हिँडेको भन्ने बेहोरा पीडितको घटनाविवरण कागजमा उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दामा घटनालाई नजिकबाट नियाल्ने वादी पक्षका साक्षी मीना भण्डारी र युकुमारी सेनले पीडितले म धेरैबेर रोएपछि बल्ल मलाई छोडेको हो भन्दै काम्दै थिइन् भनी बकपत्र गर्ने क्रममा उल्लेख गरेको पाइन्छ । प्रस्तुत मुद्दाको वारदातको प्रकृति र रूपलाई हेर्दा मानिसको आवाज आएको प्रभाव र असरले गर्दा छोडेको कारणले करणीको कार्यले पूर्णता नपाएको स्थिति र अवस्था रहेको देखिन्छ । मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्रसमेतबाट प्रतिवादी प्रकाश दर्जी परियारले वर्ष ७ की पीडित परिवर्तित

नाम म्याग्दी ढ लाई विवाह घरबाट एकान्तस्थल दुखु जङ्गलतर्फ लगी पीडितलाई करणी गर्न खोज्दा अन्य मानिसको आवाजका कारण लिङ्गको केही भाग पनि योनिमा प्रवेश गराएको नदेखिएको अवस्थामा प्रतिवादी प्रकाश दर्जीले जबरजस्ती करणी उद्योगको कसुर अपराध गरेको पुष्टि हुन आयो। प्रतिवादीलाई उद्योगमा सजाय गरेतर्फ प्रतिवादीले पुनरावेदन नगरी चित्त बुझाई बसेको हुँदा सोतर्फ थप विवेचना गरिरहन परेन।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) मा के कस्तो कानूनी व्यवस्था रहेको छ भनी हेर्नु मननीय हुन आउँछ। सो ऐनको दफा ३६ मा सजायसम्बन्धी कानूनी व्यवस्था रहेको छ भने सोको उपदफा (४) मा सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाइको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीको उमेर १७ वर्ष रहेको कुरा पुष्टि भएको र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) को कानूनी व्यवस्थालाई मध्यनजर गरी जबरजस्ती करणीको उद्योगको कसुरमा सुरू जिल्ला अदालतबाट ठहराएको पाँच वर्ष कैद सजायको दुई तिहाइले हुने ३ वर्ष ४ महिना कैद सजाय हुने देखियो। यस स्थितिमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट प्रतिवादी प्रकाश दर्जी परियारलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) बमोजिम ३ वर्ष ४ महिना कैद हुने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७६।११।१९ मा भएको फैसला मिलेको देखिएको।

अत: प्रतिवादी प्रकाश दर्जी परियारलाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको हदसम्म सुरू सदर हुने र निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको दफा ३(१) र ५ नं. अनुसार ५(पाँच ) वर्ष कैद सजाय गरेको हदसम्म उक्त फैसला बदर गरी निज प्रतिवादीको उमेर १७ वर्ष रहेको हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) बमोजिम ३ वर्ष ४ महिना कैद हुने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७६।११।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७८ माघ २५ गते रोज ३ शुभम्।

## इजलास नं. २

### १०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-RC-००२४, जबरजस्ती करणी, नेपाल सरकार वि. सार्के भन्ने गणेश गिरी*

प्रतिवादी गणेश गिरीले नै उपर्युक्त जबरजस्ती करणी गर्ने कार्य गरेको भनी पीडितको मौकामा भएको कागजबाट देखिन्छ भने पीडितले आफूउपर प्रतिवादीबाट भएको करणीको वेलीविस्तार आमालाई सुनाइ पीडितको कथन अनुसार प्रतिवादीउपर किटानी जाहेरी देखिन्छ। पीडितले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत यी प्रतिवादीले जबरजस्ती रूपमा करणी गरेको कुरा किटानीसाथ लेखाइदिएको पाइन्छ। पीडितले आफूउपर प्रतिवादीबाट करणीजन्य कार्य नभएको भए करणी गरेका हुन् भनी आरोप लगाउनुपर्ने विश्वासप्रद अवस्था पनि विद्यमान देखिँदैन। प्रतिवादी अदालतमा इन्कार भए पनि अनुसन्धान

अधिकारीसमक्ष अभियोग दाबीको कसुर गरेको कुरामा साबित देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन एवम् सो परीक्षण गर्ने चिकित्सकको अदालतसमक्ष भएको बकपत्रसमेतबाट जबरजस्ती करणीको वारदात स्थापित भइरहेको देखिन्छ। तसर्थ, प्रतिवादी सार्के भन्ने गणेश गिरीले ६ वर्ष ७ महिनाको बालिका परिवर्तित नाम १४-K-३-७-J लाई जबरजस्ती करणीजस्तो जघन्य कसुर गरेको तथ्य पुष्टि भएको देखिँदा अभियोग दाबीबमोजिम नै जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगरको फैसला अन्यथा भन्न मिलेन।

अतः माथि विवेचित, आधार, कारण, प्रमाण तथा न्यायिक सिद्धान्तको आधारमा प्रतिवादी सार्के भन्ने गणेश गिरीलाई अभियोग दाबीबमोजिम नै मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३) (क) बमोजिम जन्मकैदको सजाय गर्ने गरेको सुरू उदयपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगरको मिति २०७८।०५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्प्यु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

**११**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७९-RC-०००८, कर्तव्य ज्यान, नेपाल सरकार वि. काली भन्ने कुमारी जिमी लिम्बूसमेत

प्रतिवादी चाउरे भन्ने रूद्रबहादुर जिमीले आफ्नो पत्नी अर्कै केटासँग लागेको छ भन्ने शंका गरी सोही रिसइवी मनमा लिएको, मृतकलाई पटक पटक खुकुरी लिई काट्न खेदेको अवस्था देखिएको, वारदातको दिन आफ्नो पत्नीलाई खुकुरीले टाउको, घाँटी तथा शरीरको विभिन्न भागमा निर्मम एवम् क्रूरतापूर्वक हत्या गरी घरमा छोराछोरीलाई कुनै जानकारी नदिई सो रात घरमै सुती भोलिपल्ट बिहान मृतकको खोजीको बहाना गरेको, मृतक लास भेटे पनि आफ्नो कसुर लुकाउन खोजेको देखिन्छ। अर्कोतर्फ प्रतिवादी काली भन्ने कुमारी जिमी लिम्बूले समेत सहप्रतिवादी चाउरे भन्ने रूद्रबहादुर जिमीले मृतकलाई खुकुरी प्रहार गरिरहेको अवस्थामा संलग्न भई आफूले समेत खुकुरी प्रहार गरेको, वारदातमा चोलोमा लागेको रगत हटाउन चोलो धोई सुकाएको, वारदातपछि कसैलाई जानकारी नदिई अपराध लुकाउन प्रयास गरेकोसमेतको स्थितिमा प्रतिवादीहरूलाई उच्च अदालत विराटनगर, धनकुटा इजलासले गरेको साधक सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः माथि विवेचित आधार, प्रमाण र कारणको आधारमा सुरू संखुवासभा जिल्ला अदालतबाट अभियोगदाबीबमोजिम नै प्रतिवादीहरू काली भन्ने कुमारी जिमी (लिम्बू) र चाउरे भन्ने रूद्र बहादुर जिमीलाई मुलुकी अपराध संहिता, २०७४ को ज्यानसम्बन्धी कसुरको दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने र नाबालिग छोराहरूको सम्पत्ति संरक्षणसमेतको दृष्टिले प्रतिवादीहरूबाट क्षतिपूर्ति भराइरहन नपर्ने गरी गरेको फैसला साधकको रोहमा सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७८।०९।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्प्यु लिम्बु
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-RC-००२२, कर्तव्य ज्यान,*

*नेपाल सरकार वि. भुपाल सुहाङ*

मृतक बालकको मृत्यु घाँटीमा धारिलो छुरीको प्रहारबाट भएको तथ्य पुष्टि भएको स्थितिमा प्रतिवादी आरोपित कसुरमा अनुसन्धान अधिकारी तथा सुरू अदालतसमेतमा साबिती रहेको हुँदा अभियोग दाबीबमोजिम प्रतिवादी भुपाल सुहाङले मृतक बालक सुबास भन्ने मिङ्सो सुहाङलाई धारिलो छुरी घाँटीमा प्रहार गरी हत्या गरेको देखिँदा अभियोग दाबीबमोजिम नै प्रतिवादी भुपाल सुहाङलाई जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादीलाई भएको सजायको सम्बन्धमा हेर्दा, प्रतिवादीले आठ वर्षको बालकलाई मृतकको आमा बाबुको रिसइवीमा घाँटी काटी मारेको स्थितिमा भएको उच्च अदालत विराटनगर, इलाम इजलासको साधक सदर मिलेकै देखिन आयो।

अतः माथि विवेचित आधार, प्रमाण र कारणको आधारमा सुरू पाँचथर जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम नै प्रतिवादी भुपाल सुहाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. को कसुरमा ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहितको जन्मकैदको सजाय हुने ठहर गरेको फैसला साधकको रोहमा सदर हुने ठहर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७८।०८।०७ को फैसलामा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम जन्मकैदको सजाय हुने गरी मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बु

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-RC-००३५, कर्तव्य ज्यान, नेपाल सरकार वि. बालम बोहोरा*

प्रतिवादी बालम बोहोराले मृतक र आफू सँगै बसी मदिरा सेवन गरी रातको समयमा घर फर्कने क्रममा निजलाई समाती घर लाँदै गर्दा गाली गरेकाले रिस थाम्न नसकी मदिराको नसामा ढुंगाले हानी मारी तलाउमा फालेको हुँ। मृतकको शरीरमा भएको घाउ चोट मैले हानेको हो, मृतकलाई मार्नमा अरू कसैको संलग्नता रहेको छैन। बरामद सोलार पाता मदिरा सेवन गर्नकै लागि बिक्री गरेको हो भन्ने बेहोरा सुरू अदालतमा उल्लेख गरी आरोपित कसुरमा साबिती भई बयान गरेको देखिन्छ। मदिरा सेवन गर्न भनी प्रतिवादी बालम बोहोरा र मृतक लोकेन्द्र बोहराले भिकारी दमाइलाई बिक्री गरेको सोलार पाता बरामद भएको बरामदी मुचुल्का र सो बरामद सोलार पाता आफ्नो हो भनी मृतकको श्रीमती क्युकला बोहोराले सनाखत गरेको देखिन्छ। जाहेरवाला कैलाश बोहोराले अदालतमा उपस्थित भई जाहेरी बेहोरा समर्थन गरेको पाइन्छ। तसर्थ, मृतक लोकेन्द्र बोहोराको मृत्यु टाउकोमा चोटको कारण भएको तथ्य शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको अवस्थामा प्रतिवादी बालम बोहोराले आरोपित कसुरमा साबिती रही सुरू अदालतमा बयान गरेको हुँदा निजलाई अभियोग दाबीबमोजिम नै जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादी बालम बोहोरालाई भएको सजायको हकमा हेर्दा, प्रतिवादीले मृतकलाई ढुंगाले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरी मारी तलाउमा फ्याँकी कसुर लुकाउन मृतकको पत्नीलाई

मृतक भारत गएको भनी झुट्ठा कुरा गरेको, वारदात मितिदेखि करिब ६ दिनसम्म कसुर ढाकछोप गर्ने प्रयत्न गरेकोसमेतको स्थितिमा उच्च अदालत दिपायलले गरेको साधक सदर अन्यथा स्थितिको देखिन आएन।

अतः माथि विवेचित आधार, तथ्य, कारण, प्रमाणको आधारमा प्रतिवादी बालम बोहोरालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं.को कसुरमा ऐ.को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू बझाङ जिल्ला अदालतको फैसला साधकको रोहमा सदर गर्ने गरेको उच्च अदालत दिपायलको मिति २०७८।११।२३ को फैसला फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम जन्मकैदको सजायको हदसम्म मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्पु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-RC-००३८, कर्तव्य ज्यान, नेपाल सरकार वि. इच्छाबहादुर राई*

वारदात मिति २०६१।०१।०१ देखि नै फरार रहेको प्रतिवादी मिति २०७७।०१।१५ मा पक्राउ परी १६ वर्षपछि अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबिती रही बयान गरेको देखिन्छ । यद्यपि, सुरू अदालतमा बयान गर्दा, वारदातमा अम्बरबहादुर राईले आफूलाई मैले भिरेको खुकुरी निकाली मलाई नै प्रहार गर्दा म घाइते भई अमरबहादुर राईलाई सो खुकुरी खोसी प्रहार गर्दा झुक्किएर मृतक झकेन्द्रबहादुर विष्टलाई लाग्न गई निजको मृत्यु भएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । मृतकउपर गम्भीर एवम् साङ्घातिक चोटहरू अति संवेदनशील अङ्ग टाउको तथा अनुहारमा लाग्ने गरी प्रहार गरिनु स्वयम् अवस्थाबाट पनि प्रतिवादीबाट मनसायपूर्वक नै प्रहार गरेको तथ्य स्थापित भएको देखिन्छ । प्रतिवादीको पूर्वरिसइवी रहेको अवस्था निजले अनुसन्धान तहकिकातको बखत गरेको बयान बेहोराबाट पनि देखिन्छ । तसर्थ, प्रतिवादी इच्छाबहादुर राईलाई अभियोगदाबीबमोजिम नै जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसला सदर हुने ठहर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादी इच्छाबहादुर राईलाई भएको सजायको हकमा हेर्दा, मृतकसँग प्रतिवादीले लेनदेनमा विवाद भई रिसइवी लिएको, खुकुरी जस्तो घातक हतियारले मृतकको घाँटी तथा टाउको जस्तो संवेदनशील अङ्गमा झन्डै घाँटी नै छिन्ने गरी पटक पटक प्रहार गरेको, मृतकलाई प्रतिवादीले गरेको चोट प्रहार रोक्न सहयोग गर्न खोज्दा अम्बरबहादुर राईसमेतलाई खुकुरीको चोटपटक लाग्न गएको, प्रतिवादी मौकादेखि नै फरार रहेकोसमेतको स्थितिमा उच्च अदालत विराटनगर, धनकुटा इजलासले गरेको सुरू सजाय सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः माथि विवेचित आधार, तथ्य, कारण, प्रमाणको आधारमा प्रतिवादी इच्छाबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. को कसुरमा ऐ.को १३(१) नं. बमोजिम तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने गरी भोजपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति

२०७८।१०।०४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्पु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

## १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-RC-००४९, कर्तव्य ज्यान, नेपाल सरकार वि. वीरबहादुर कार्की*

प्रतिवादीले आरोपित कसुरमा साबित भई अनुसन्धानको अवस्थामा बयान गरेको र पहिलेदेखि नै मृतकलाई कुटपिट गर्ने गरेको, सो दिन राति पनि कुटपिट गर्दा मरेकोले कपालमा समाती आफू एक्लैले शवलाई घिसारी लगी बाउसो र बेल्जाले खाडल खनी गाडेको हुँ, सोही दिन मैले श्रीमतीलाई मारे भनी भनेको हुँ भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादी र मृतक श्रीमान् श्रीमती भई वारदातको समयमा रक्सी खाई विवाद गरेको तथ्यमा विवाद देखिँदैन । वारदातस्थलमा टुनीको २ फिट लामो डलेटो दाउरा बरामद भएको छ । शवको मुख, औंलालगायतको शरीरको विभिन्न भागमा विभिन्न खालको चोटपटक रहेको शव परीक्षण प्रतिवेदनबाट देखिएको छ । प्रतिवादीले आफ्नो श्रीमतीको शव कसैलाई नभनी, कसैले थाहा नपाउने गरी खाल्डो खनी गाडेको देखिन्छ । अदालतमा प्रतिवादीले आफूले श्रीमती मारेको भनी शव गाडेको दिनै छोरीलाई सुनाएको भनी बयान गरेको देखिन्छ । तसर्थ, प्रतिवादी वीरबहादुर सार्कीले नै आफ्नो श्रीमती माया बोहोरालाई बरामद भएको टुनीको डलेटो दाउराले प्रहार गरी मारी गाडेको देखिँदा सुरू फैसला उल्टी गरी अभियोग दाबीबमोजिम नै सजाय गर्ने गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादी वीरबहादुर सार्कीलाई भएको सजायको हकमा हेर्दा, प्रतिवादीले वारदातको समयमा रक्सी सेवन गरी मृतकलाई मारेको, मृतक आफ्नो पत्नीको शव प्रतिवादीले परिवारको अन्य कुनै सदस्यले थाहा नपाउने गरी रातको समयमा नै घरनजिकै खाडल खनी पुरी कसुरलाई ढाकछोप गर्न प्रयत्न गरेको, मृतकलाई पहिले पनि पटक पटक कुटपिट गर्ने गरेकोसमेतको स्थितिमा उच्च अदालत पोखरा, बागलुङ इजलासले गरेको जन्मकैदको सजाय अन्यथा स्थितिको देखिन आएन।

अतः माथि विवेचित आधार, तथ्य, कारण र प्रमाणको आधारमा सुरू म्याग्दी जिल्ला अदालतबाट प्रतिवादी वीरबहादुर सार्कीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७९(१)(ग) को कसुरमा ऐ.को दफा १७९(१) बमोजिम १५ वर्ष कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपियाँ) जरिवाना हुने तथा ऐ.को दफा १८६ बमोजिम मृतकका सन्तानलाई प्रतिवादीबाट रू.३,००,०००।- (तीन लाख रूपियाँ) क्षतिपूर्ति भराइदिने ठहऱ्याई गरेको फैसला उच्च अदालत पोखरा, बागलुङ इजलासबाट उल्टी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको मिति २०७८।१०।०४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्पु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

## १६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-RC-००५७, ज्यानसम्बन्धी कसुर, नेपाल सरकार वि. इन्द्रे घर्ती*

जाहेरवाला मृतक तथा प्रतिवादी छोरा

गोकर्ण घर्तीले अदालतमा उपस्थित भई मृतक आमालाई बाबु इन्द्रे घर्तीले बन्चरो प्रहार गरी मारेकोमा विश्वास लाग्छ भनी जाहेरी बेहोरालाई समर्थन गरेको देखिन्छ। मौकामा कागज गर्ने व्यक्तिहरू चन्द्रबहादुर घर्तीमगर तथा अलसिंह पुन मगरले सुरू अदालतमा उपस्थित भई मृतकलाई प्रतिवादीले प्रहार गरेको बन्चरो झुक्किएर लागेको जस्तो नगालेको भनी मौकाको बेहोरा समर्थन गरेको पाइन्छ । प्रतिवादी इन्द्रे घर्तीले आफ्नो श्रीमतीको मृत्यु आफूले प्रहार गरेको बन्चरोको चोटको कारण भएको तथ्य अनुसन्धान अधिकारीसमक्ष साबिती रही बयान गरेको देखिन्छ। यद्यपि, अदालतसमक्ष बयान गर्दा बन्चरो झुक्किएर मृतकको टाउकोमा प्रहार हुन पुगेको भन्ने प्रतिवादीको अदालतको बयान बेहोरा अन्य तथ्यले समर्थन गरेको अवस्था देखिँदैन । बन्चरो जस्तो घातक हतियार जो कसैउपरको प्रहार नै प्रथम दृष्टिमै जघन्य कसुरको कार्य हुने गर्दछ। वारदातको समयमा आफ्नै पत्नीसँग विवाद हुँदा मृतकको दायाँ कन्चटको खप्परको हाड फुटिई मस्तिस्क बाहिर निस्केको देखिन्छ । प्रतिवादीले बन्चरो जस्तो जोखिमी हतियारले मृतकलाई प्रहार गरी आरोपित कसुर गरेको देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै जन्मकैदको सजाय गरेको सुरू फैसला सदर गर्ने गरेको उच्च अदालत तुलसीपुरको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादीलाई भएको सजायको हकमा हेर्दा, मृतकले प्रतिवादीलाई काम नगर्ने २४ घण्टा रक्सी मात्र सेवन गर्ने भनेको निहुँमा आफ्नै पत्नी मृतकलाई बन्चरो जस्तो घातक हतियार टाउकोमा प्रहार गरी मृतकको टाउको तथा खप्परको हाड फुटी मस्तिष्क बाहिर निस्किई मृत्यु भएको, अदालतमा बयान गर्दा अपत्यारयुक्त बयान गरी सजायबाट उम्कन प्रयत्न गरेकोसमेतको स्थितिमा उच्च अदालत तुलसीपुरले गरेको सुरू सजाय सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः माथि विवेचित आधार, तथ्य, कारण र प्रमाणको आधारमा सुरू रोल्पा जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम नै मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने र जाहेरवालालाई क्षतिपूर्ति भराउन नपर्ने ठहर गरेको फैसला सुरू सदर हुने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७६।०७।१८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बु

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

१७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-RC-०१०४, कर्तव्य ज्यान, नेपाल सरकार वि. जयन्द्र पाइजा पुन*

मृतक भिमबहादुर मगरको मृत्यु प्रतिवादीहरूले प्रहार गरेको धारिलो हतियारको प्रहारबाट भएको तथ्य लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदन र सहप्रतिवादी खड्कबहादुर मगरको अनुसन्धान अधिकारी तथा अदालतको साबिती बयानबाट पुष्टि भएको देखिन्छ। प्रतिवादी जयन्द्र पाइजा पुनले वारदातमा मृतकलाई समातेको र अर्का प्रतिवादी खड्कबहादुर मगरले चक्कु प्रहार गरेको तथ्य प्रत्यक्षदर्शी डिलबहादुर भन्ने अमृत मगरको घा जाँच केस फाराम र बकपत्रबाट पुष्टि भएको देखिन्छ । प्रतिवादीमध्येका खड्कबहादुर मगरले उक्त वारदातमा आफ्नो संलग्नता अदालतसमक्षको बयानमा स्वीकार गरी निज प्रतिवादीसमेतउपर पोल गरेको देखिन्छ । निज सहप्रतिवादीको पोललाई मिसिल संलग्न अन्य तथ्य प्रमाणबाट पनि सम्पुष्टि

भइरहेकोले निज प्रतिवादीको उक्त वारदातमा भएको कसुर शंकारहित तवरबाट स्थापित भएको पाइन्छ । प्रतिवादी जयन्द्र मगर सुरू मौकादेखि नै फरार रहेकोसमेत देखिन्छ । वारदातमा रहेको मृतकलाई प्रतिवादी जयन्द्र पाइजा मगरले समाती सहप्रतिवादीलाई चक्कु प्रहार गर्न र भाग्न उम्कन नदिने गरी सहज अवस्था सिर्जना गरी मृतकको ज्यान लिने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिन्छ । साथै, निज प्रतिवादीसमेतले मृतकलाई मार्ने सल्लाह गरी बाटो कुरी चक्कु जस्तो घातक हतियारले हानी मृतकको ज्यान लिएको एवम् निज प्रतिवादी फरार रही अनुसन्धान तथा अदालतलाई सहयोगसमेत नगरिरहेको सन्दर्भमा निजलाई उच्च अदालत पोखराले कसुरदार ठहर गरी गरेको सजायसमेतको हकमा अन्यथा गर्नुपर्ने अवस्था देखिन आएन ।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादी जयन्द्र पाइजा पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. कसुरमा ऐ.को १३(३) नं. बमोजिम सजाय हुने भइ मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय गर्ने गरेको सुरू कास्की जिल्ला अदालतको फैसला साधकको रोहमा सदर गरेको उच्च अदालत पोखराको मिति २०७८।०५।२१ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : कालिबहादुर साम्प्यु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम् ।

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-RC-०१०८, कर्तव्य ज्यान, नेपाल सरकार वि. निर्दलिया भन्ने निरञ्जन चौधरी*

मौकामा फरार रहेका प्रतिवादीले नै उपलब्ध गराएको कटुवा बन्दुक र गोलीले अन्य सहप्रतिवादीहरूको प्रहारबाट मृतक ज्ञानप्रसाद रिजालको मृत्यु भएको देखिएको, निज प्रतिवादीले बरामद भएको कटुवा बन्दुक र गोली अन्य सहप्रतिवादीहरूलाई उपलब्ध गराई वारदातमा मृतकलाई इसारामार्फत चिनाइदिएको भन्ने सहप्रतिवादीको बयान बेहोरा, निज प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, जाहेरवालासमेतका वस्तुस्थितिका मानिसहरूको कथन एवं बकपत्रसमेतका आधार प्रमाणबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको र मृतकको मृत्यु बन्दुकजस्तो घातक हतियारले गोली हानी भएको, निज प्रतिवादी निर्दलिया भन्ने निरञ्जन चौधरीले अनुसन्धानमा सहयोगसमेत नगरी फरार रहेकोसमेतका आधार, कारणबाट निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(४) नं. को कसुरमा ऐ.को १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरी साधक सदर गर्ने गरेको उच्च अदालत जनकपुरको मिति २०७७।०९।२२ को फैसला साधकको रोहमा समेत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कालिबहादुर साम्प्यु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम् ।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-RC-००१८, कर्तव्य ज्यान, नेपाल सरकार वि. कुमार भन्ने राजकुमार राई*

मृतकको मृत्यु धारिलो हतियारको प्रहारबाट भएको तथ्य पुष्टि भएको अवस्थामा प्रतिवादीको अदालतमा साबिती बयान, मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई प्रमाणित गरेका मौकाको बेहोरासमेतबाट प्रतिवादीले अभियोग दाबीबमोजिमकै कसुर गरेको देखिँदा

सुरू खोटाङ जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोगदाबीबमोजिम नै सजाय गर्ने गरेको फैसलामा जन्म कैदसम्मको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादीलाई भएको सजायको हकमा हेर्दा, प्रतिवादी कुमार भन्ने राजकुमार राईले आफ्नै पत्नीलाई निर्ममतापूर्वक गर्धन, खप्पर, खुट्टालगायतको शरीरको विभिन्न भागमा खुकुरीजस्तो घातक हतियारले पटक पटक प्रहार गरी वारदातस्थलमा नै हत्या गरेकोसमेतको स्थितिमा प्रतिवादीलाई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाले गरेको साधक सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः माथि विवेचित आधार, प्रमाण र कारणको आधारमा सुरू खोटाङ जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम नै प्रतिवादी कुमार भन्ने राजकुमार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं.को कसुरमा ऐ.को १३(१) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी गरेको फैसलामा जन्मकैदसम्म सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको मिति २०७५।१०।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

## इजलास नं. ३

२०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-CI-०२३८, फैसला / बन्डा मुचुल्का बदरसमेत, कृष्णकुमार यादव वि. रामजीप्रसाद यादव*

पुनरावेदक प्रतिवादीहरूले आफ्नो मुख्य प्रमाणको रूपमा उल्लेख गरेको २०४६ सालको दे.नं. ४५३/१७०५ को अंश मुद्दाको मिसिलमा पेस भएको तायदाती फाँटवारीमा सानो गोपाल राउतको नाउँको पर्सा जिल्ला इनर्वाभाठा-१ कि.नं. १ ज.बि. ०-१-० भनी उल्लेख भएको देखिन्छ। सोही तायदातीका आधारमा पर्सा जिल्ला अदालतबाट उक्त जग्गा बन्डा लाग्ने गरी मिति २०४८/९/७ मा फैसला भएको र सोही फैसला सदर हुने गरी पुनरावेदन अदालतबाट मिति २०५०/१२/३ मा फैसला भई मुद्दा अन्तिम भएको पाइयो। यसपछि वादी दाबीको जग्गाको वडा नं., क्षेत्रफलसमेत संशोधन गरिपाउन निवेदन दिई पर्सा जिल्ला अदालतबाट संशोधन आदेशसमेत भएको देखिन्छ। सो संशोधनका बेला पुनरावेदकका पिता/बाजेको नामको हो भन्ने पुष्टि हुने कुनै सबुद प्रमाण पेस भएको देखिँदैन। सोही संशोधन आदेशको आधारमा मालपोत कार्यालय, पर्साबाट कि.नं. १ को जग्गा कित्ताकाट गरी कि.नं. ९० र ९१ कायम भई पुनरावेदक प्रतिवादीहरू तपेश्वरका नाउँमा कि.नं. ९० तथा लालझरिया र कृष्ण कुमारको संयुक्त नाउँमा कि.नं. ९१ को जग्गा दर्ता हुन आएको देखिन्छ। नयाँ नापी हुँदाका बखत उक्त कि.नं. ९० र ९१ को जग्गा कि.नं. ५६ कायम भई नापी भएको र उक्त कि.नं. ५६ कित्ताकाट भई कायम कि.नं. १३० पुनरावेदकहरू लालझरिया र कृष्णकुमारका नाउँमा संयुक्त र कि.नं १३१ तपेश्वरका नाउँमा दर्ता भई २०५४ सालमा पुनरावेदकहरूले जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको पाइयो। २०४६ सालको दे.नं. ४५३/१७०५ को अंश मुद्दामा पुनरावेदकहरूले आफ्नो पिता/ससुराको नाउँ सानो गोपाल राउत भनी उल्लेख गरी निजकै नाउँ दर्ताको सम्पत्तिलाई

अंशबन्डा गर्नुपर्ने सम्पत्तिका रूपमा उल्लेख गरेको पाइन्छ । निज सानो गोपाल राउतका नाममा अन्य विभिन्न कित्ता जग्गाहरूसमेत देखिएका छन् । ती जग्गाहरू सम्बन्धमा कुनै विवाद उठाइएको देखिँदैन। उक्त मुद्दामा सानो गोपाल राउतका नाउँमा दर्ता रहेको विभिन्न कित्ता जग्गाको दर्ता स्रेस्तामा गोपाल भगत अहिर वा गोपाल राउत अहिर भनी संशोधन भएको मिसिल प्रमाणबाट देखिँदैन। अन्य सबै जग्गाको दर्ता स्रेस्ता प्रमाणपुर्जामा आफ्नो नाम सानो गोपाल राउत उल्लेख गर्ने व्यक्तिले विवादको जग्गामा गोपाल भगत अहिर भन्ने गोपाल राउत अहिर भनी लेखाउनुपर्नाको कारण नखुल्ने।

फिल्डबुकमा जग्गाधनी गोपाल राउत अहिर उल्लेख भएको छ। सानो गोपाल राउत नामका व्यक्ति नै गोपाल भगत अहिर भन्ने गोपाल राउत अहिर हुन् भन्ने तथ्यलाई प्रमाणित गर्ने आधार देखिँदैन। सानो गोपालका नाउँमा उक्त दाबीको जग्गाको दर्ता तिरो भोग रहेको भन्ने तथ्य प्रमाणित गर्ने आधार प्रमाण पनि पुनरावेदकहरूले पेस गर्न सकेको देखिँदैन । पुनरावेदकले आफ्नो पिता/बाजे सानो गोपाल राउत हो भन्ने स्वीकार गरिरहेको अवस्था तथा गोपाल भगत अहिर भन्ने गोपाल राउत अहिर एउटै व्यक्ति हुन् भन्ने सबुद पेस गरी प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीको जिकिरलाई तथ्ययुक्त मान्न मिलेन । २०५३ सालमा फैसला संशोधनका लागि निवेदन दिँदासमेत प्रत्यर्थीहरूले साबिकको दर्ता तिरो हकभोगको प्रमाण पेस गर्न सकेको देखिँदैन। दाबीको जग्गा सर्भे नापीकै अवस्थादेखि वादीको पिताको नाउँमा दर्ता भएको भन्ने वादीले पेस गरेको मिसिल संलग्न रहेको २०२९, २०३१, २०३३, २०३४, २०४२, २०४५, २०४८, २०६२ सालका विभिन्न मितिका तिरो तिरेका रसिदको प्रतिलिपिबाट देखिएको छ। वादीले पेस गरेका कागज प्रमाणलाई अन्यथा भनी पुनरावेदकले प्रमाणित गर्न सकेको अवस्था छैन । २०२९ सालदेखिको तिरो तिरेको रसिद वादीबाट पेस भएको अवस्था देखिएकोबाट सुरू सर्भे नापीको बखतको दर्तालाई पुनरावेदकले तत्काल दाबी गरी आफ्नो भनी प्रमाणित गर्न सकेको देखिँदैन । दर्तावालासँग हक छुटाई लिई प्रतिवादीहरूले आफ्नो हक स्थापित गराई लिएको भन्ने अवस्था पनि देखिँदैन। बाबुको नामको भनी विवादको जग्गाधनी प्रमाणपुर्जा, तिरो तिरेको रसिदसमेत वादीले पेस गरेको देखिएकोसमेतबाट विवादित कि.नं. १ को जग्गाधनी पुनरावेदकका पिता/बाजे सानो गोपाल राउत नभई प्रत्यर्थी वादीका पिता गोपाल भगत अहिर भन्ने गोपाल राउत अहिर हुन् भन्ने देखिने।

वादी दाबीबमोजिम फैसला, बन्डा मुचुल्का, मालपोत कार्यालय पर्साबाट मिति २०५२/१०/१८ मा भएको दा.खा. निर्णयसमेत बदर गरी पर्सा जिल्ला इनर्वाभाठा वडा नं. २(ग) कि.नं. १ को ज.बि. ०-१-१ जग्गामध्ये पश्चिमतर्फबाट ज.वि. ०-०-१०-८ जग्गा पुनरावेदकहरूका नाउँमा कायम रहेको दर्तासमेत बदर गरी वादीको नाउँमा दर्ता हुने ठहऱ्याएको पर्सा जिल्ला अदालतको मिति २०६६/२/२४ को फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८/५/२५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल पुस २५ गते रोज २ शुभम्।

- यसै लगाउको ०७३-CI-०२३९, मिलापत्र बदर, कृष्णकुमार यादव वि. रामजीप्रसाद यादव भएको यसै अनुसार फैसला भएको छ।

## २१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६९-WO-१२४५, उत्प्रेषण, सूर्यबहादुर रानाभाट वि. प्रहरी प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखा, काठमाडौंसमेत*

निवेदक प्रहरी हवल्दार मिति २०६९/०१/२७ गते पर्सा, वीरगन्जको नगवा चोकमा बिहान ०६.०० बजेदेखि बेलुका १८:०० बजेसम्म खटिएको डिउटीको क्रममा लागु औषध तस्कर राजु तामाङ र सन्तोष रानाभाटसँग अवैध साँठगाँठ गरी रू. ६,०००/- लिई तस्कर र लागुऔषधसमेत छाडिदिएको अभियोगमा निजलाई प्रहरी नियमावली, २०४९ बमोजिम पहिलो पटक मिति २०६९/०१/२९ मा तथा दोस्रो पटक मिति २०६९/०१/३१ मा स्पष्टीकरण सोधिएको देखियो। आफू डिउटीमा रहेको दिन र समयमा सन्तोष रानाभाट र राजु तामाङले आफू डिउटीमा बसेको बाटो प्रयोग गरेको देखेको छैन, रकम मैले लिएको र कसैलाई राख्न दिएको होइन, आरोप झुट्ठा हो भनी निवेदकले स्पष्टीकरण पेस गरेको पाइयो । निवेदकको उक्त स्पष्टीकरण चित्त बुझ्दो नभएको भनी जिल्ला प्रहरी कार्यालय, पर्साले मिति २०६९/०२/०२ गते प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (छ) र (ज) को कसुरमा ऐ. नियमावलीको नियम ८४ को (छ)बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी निर्णय गरेउपर निवेदकले गरेको पुनरावेदनमा मध्यक्षेत्रीय प्रहरी कार्यालय हेटौंडाले मिति २०६९/०२/०२ को सुरू निर्णयलाई नै सदर गर्ने गरी मिति २०७०/१/१२ मा निर्णय गरेको देखिने।

उक्त मितिको डिउटीको क्रममा लागु औषध तस्कर राजु तामाङ र सन्तोष रानाभाटसँग अवैध साँठगाँठ गरी रू. ६,०००/- लिई तस्कर र लागु औषध छाडेको भन्ने उही एउटै आरोपमा जिल्ला प्रहरी कार्यालय पर्साले निवेदक प्र.ह. सूर्यबहादुर रानाभाट र प्र.ज. जितेन्द्र राय यादवलाई एकैसाथ कारबाही गरेको देखिन्छ । दुवै जनालाई सेवाबाट हटाउने गरी भएको निर्णयपछि सोउपर प्र.ज. जितेन्द्र राय यादवले मध्यक्षेत्रीय प्रहरी कार्यलय हेटौंडासमेत विरूद्ध दिएको रिट निवेदनमा (०६९-WO-१३४६) यस अदालतबाट मिति २०७६/१०/१४ मा निवेदक र प्र.ह. सूर्यबहादुर रानाभाटउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम अनुसन्धान नभएको, केवल प्रहरीको आन्तरिक छानबिनमा गरेको साबिती कागज रहेको, प्रमाणको रूपमा ग्रहण गर्न स्वतन्त्र रूपमा लिइएको आधिकारिक बयानको अभाव देखिएको भन्नेसमेत आधारमा निज निवेदक जितेन्द्र राय यादवलाई प्रहरी नियमावली, २०४९ बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाइदिने गरी भएको सुरू र पुनरावेदन तहको निर्णय कानून, न्याय एवं न्यायको मान्य सिद्धान्तसमेत अनुकूल देखिँदैन भनी उत्प्रेषणको आदेशद्वारा बदर भएको देखियो । निवेदक जितेन्द्र राय यादवले दायर गरेको रिट निवेदनको विषयवस्तु र निवेदक सूर्यबहादुर रानाभाटले दायर गरेको प्रस्तुत रिट निवेदनको विषयवस्तु उही एउटै घटनासँग सम्बन्धित समान विषय देखिन्छ । समान तथ्यगत विषयमा समानस्तरका एकजना प्रहरी कर्मचारीको सम्बन्धमा न्यायिक उपचार प्रदान भइसकेको देखिँदा रिट निवेदक सूर्यबहादुर रानाभाटलाई पनि निवेदन मागबमोजिम न्यायिक उपचार प्रदान गर्नु समन्यायिक दृष्टिले मनासिब देखिने।

निवेदक सूर्यबहादुर रानाभाटलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी प्रत्यर्थी जिल्ला प्रहरी

कार्यालय पर्साले मिति २०६९/०२/०२ मा गरेको निर्णय र उक्त निर्णयलाई सदर गरेको मध्यक्षेत्रीय प्रहरी कार्यालय हेटौंडाको मिति २०७०/०१/१२ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ । अब निज निवेदक सूर्यबहादुर रानाभाटलाई साबिकको पद र सेवामा पुनर्बहाली गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल जेष्ठ १ गते रोज २ शुभम् ।

## २२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-१०५३, कर्तव्य ज्यान, रवीनन्दनी यादव वि. नेपाल सरकार*

मिति २०७५।०३।१८ गते रातिको समयमा रवीनन्दनी यादवले घरको कोठाभित्र आफ्नै श्रीमान् प्रेमचन्द्र यादवलाई घाँटीमा डोरीले कसी कर्तव्य गरी मारेको हुँदा निजलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी जाहेरी परेको देखिन्छ । जिल्ला स्वास्थ्य कार्यालय तौलिहवा कपिलवस्तुबाट प्राप्त मृतक प्रेमचन्द्र यादवको शव परीक्षण प्रतिवेदनको बेहोरामा CAUSE OF DEATH-LIGATURE STRANGULATION भनी खुलेको पाइन्छ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयानको क्रममा "मेरो श्रीमान् प्रेमचन्द्र यादवको हत्या गर्न मलाई कसैले लगाएको नभई आफैँले निजको घाँटीमा डोरीले कसिदिई च्यापी मारेकी हुँ, यसमा मबाहेक अन्य कोही कसैको संलग्नता छैन" भनी तथा अदालतमा समेत आफूले कर्तव्य गरी मारेको तथ्यलाई स्वीकार गरी बयान गरेको पाइन्छ। प्रतिवादी रवीनन्दनी यादवको पोलिग्राफ गराउँदा प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गराएको बयान ठिक साँचो छ (NO DECEPTION INDICATED) भनी बेहोरासमेत खुलेको देखिन्छ। मृतक प्रेमचन्द्र यादव र यी प्रतिवादी रवीनन्दनी यादव श्रीमान् श्रीमती भएको र घटना घटित भएको दिन दुवैजना एउटै कोठामा सुतेको तथ्यमा विवाद देखिँदैन । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा LIGATURE STRANGOLATION भनी उल्लेख भएको तथा लासजाँच प्रकृति मुचुल्कामा मृतकको घाँटीमा १ फिट २ इन्च लामो रसीले कसिएको डाम उल्लेख भएको देखिन्छ । प्रतिवादी रवीनन्दनी यादवले बरामद भएको उक्त रसी वारदातमा मैले प्रयोग गरेको हो भनी सनाखतसमेत गरेको पाइने ।

यी पुनरावेदक प्रतिवादीउपर परेको किटानी जाहेरीलाई समर्थन हुने गरी जाहेरवाला रामनरेश यादवले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीले अदालत र मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान बुझिएका मानिसहरूले मौकामा गरिदिएको कागज, बुझिएकी कुशुमकुमारीले अदालतमा आई गरेको बकपत्र, मृतकको AUTOPSY REPORT, प्रतिवादीले आफूले घटनामा प्रयोग गरेको रसीलाई चिनी गरिदिएको सनाखतसमेतका मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणबाट यी पुनरावेदक प्रतिवादी रवीनन्दनी यादवको कर्तव्यबाट मृतक प्रेमचन्द्र यादवको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । यी पुनरावेदक प्रतिवादी रवीनन्दनी यादवको कर्तव्यबाट मृतक प्रेमचन्द्र यादवको मृत्यु भएको देखिएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको उच्च अदालतको फैसला मनासिबै देखिन्छ । तथापि प्रतिवादीकै कर्तव्यबाट प्रेमचन्द्रको मृत्यु भएको तथ्य स्थापित भए पनि मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको तथ्य ठोस प्रमाणबाट पुष्टि हुन नसकेको,

मार्ने पूर्वयोजना र सो अनुसारको पूर्वतयारी पनि नदेखिएको, मुद्दाको अनुसन्धान एवम् तहकिकात र अदालतमा समेत साबित भई न्याय निरूपणमा प्रतिवादीले गरेको सहयोगसमेतलाई विचार गरी, यी पुनरावेदक प्रतिवादीलाई जन्म कैदको सजाय गर्दा चर्को हुन जाने तथ्यलाई विचार गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी रविनन्दनी यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई, जन्मकैदको सजाय गर्दा चर्को हुन जाने तथ्यलाई विचार गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७५।९।४ को फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपर, बुटवल इजलासको मिति २०७६।२।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत २२ गते रोज ४ शुभम्।

## २३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६९-CI-०१४१, निर्णय दर्ता बदर दर्ता, जयकृष्ण शिल्पकार वि. काठमाडौं जिल्ला, काठमाडौं* महानगरपालिका वडा नं. ३२ सिंहदरबार प्लाजामा अवस्थित नेपाल कृषि अनुसन्धान परिषद्समेत

पुनरावेदन अदालत पाटनको आदेशबमोजिम भएको मिति २०६७।१०।१९ को नक्सा हेर्दा न.नं.११ को जग्गा कि.नं.३६० को देखिन्छ। सो जग्गामा समेत विवादको घर पर्नेमा कि.नं.३६० को जग्गा कृषि अनुसन्धान परिषद्को नाममा दर्ता भएकोमा सोतर्फ भने वादीको दाबी देखिँदैन। घर र कि.नं.३५९ को दाबी गर्ने वादीले सो घर कि.नं.३६० मा समेत रहेकोमा सोतर्फ भने दाबी लिएको नदेखिएको तथा जग्गाको नापी नक्सामा देखिएको अधिग्रहण भएका अरू जग्गासमेत समेटेर लगाइएको एकनासको पर्खालको प्रकृति, फिल्डको अवस्थिति देखिने गरी दिचिएको मिसिल संगल्न तस्विरसमेतका प्रमाणबाट विवादको घरजग्गा वादीको भन्ने नदेखिई अधिग्रहणमा परेको जग्गा भन्ने देखिने।

वादी र प्रतिवादीसमेत भएको अंश मुद्दामा वादी दाबीको कि.नं.३५९ को जग्गामा मध्यमाञ्चल क्षेत्रीय अदालतबाट २०४२।१०।२१ मा भएको मिलापत्रबाट हक सिर्जना भएको भन्ने फिराद दाबी देखिन्छ । वादी र प्रतिवादीभएको अंश मुद्दामा मिति २०४०।२।११ मा पेस भएको तायदाती फाँटवारी, मिति २०४०।३।३० को सुरू अदालतको फैसला तथा बागमती अञ्चल अदालतको मिति २०४१।१।२६ को फैसलामा पनि उक्त कित्ता सम्बन्धमा केही उल्लेख भएको देखिँदैन। त्यसपछि मध्यमाञ्चल क्षेत्रीय अदालतमा भएको मिलापत्रमा के कसरी सो कित्ता जग्गा समावेश हुन गयो सो वादीले स्पष्टरूपमा खुलाउन सकेको पाइँदैन । एक पटक अधिग्रहण भई सरकारी संस्थाका नाममा गएको जग्गा के कुन आधारमा सुरू अदालतदेखि नदेखाएको जग्गा क्षेत्रीय अदालतमा पुगेपछि समावेश हुन पुगेको हो सो नखुलेको देखिँदा वादी दाबी समर्थित नदेखिने।

जग्गा रोक्का नरहेको र क्षतिपूर्ति / मुआब्जा नपाएको हुँदा मिलापत्रबाट प्राप्त जग्गा मेरो हो भन्ने वादी दाबी छ । यसैगरी मुआब्जा बुझेको भन्ने नदेखिएको भन्नेसमेतका आधारमा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश भएको देखिएको छ । वादीले क्षतिपूर्ति प्राप्त नगरेको भए क्षतिपूर्तितर्फ दावा

गर्न सक्ने नै हुन्छ । अधिग्रहण गरी उद्देश्यअनुरूप जग्गाको प्रयोग भएको अवस्थामा जग्गा रोक्का नरहेको अथवा हालसाबिक नगरिएको भन्ने आधारमा मात्र अधिग्रहण अवैध ठहरी व्यक्तिका नाममा नै जाने भन्ने अवस्था नहुने ।

माथि उल्लिखित विभिन्न आधार, कारण, प्रमाण र प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम वादीले प्रमाण पुर्‍याउनुपर्नेमा प्रमाणबाट वादी दाबी पुष्टि गर्न नसकेको देखिँदा सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६५।१२।५ मा भएको फैसला उल्टी भई विवादित कि.नं.३५९ को जग्गा पुनरावेदक प्रतिवादी कृषि अनुसन्धान परिषद्को नाममा दर्ता गर्ने गरेको मालपोत कार्यालय ललितपुरको निर्णय सदर कायम रहेन गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६८।८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल पुस २५ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६९-CI-०१४०, दूषित दर्ता बदर गरी दर्ता गरिपाउँ, जयकृष्ण शिल्पकार वि. नेपाल कृषि अनुसन्धान परिषद्समेत

**२४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७७-CR-१०५५, जबरजस्ती करणी, अर्जुन भन्ने रचित राई वि. नेपाल सरकार*

प्रतिवादी अर्जुन भन्ने रचित राईले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष वारदात मिति, स्थान र समयमा पीडितलाई प्रतिवादीको घर कोठाभित्र लगी कट्टु फुकाल्न बाध्य गराई खाटमा सुताई आफूले कट्टु खोली उत्तेजित लिङ्ग निकाली पीडितको योनिमा छिराई करणी गर्न खोज्दा योनिमा लिङ्ग नछिरेपछि निजको योनिमा थुक लगाई जबरजस्ती ठेल्दा निजको योनिमा जबरजस्ती छिर्‍यो । त्यसपछि २/३ पटक तलमाथि गर्दा निजको योनिबाट रगत बग्न थाल्यो । निज पीडा भई रून कराउन थालेकी हुँदा लिङ्ग योनिबाट बाहिर निकाली मेरो वीर्य निजको योनिको बाहिरी भागमा स्खलन गराई यो कुरा कसैलाई नभन्नु भनी डर, त्रास देखाई निजको घरतर्फ पठाइदिएको हुँ भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ । प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आफू वारदात भएको भनिएको समयमा वारदातस्थलमा नभई अन्यत्रै थिएँ भनी जिकिर लिए तापनि निजले उक्त जिकिर ठोस सबुद प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । स्वयम् प्रतिवादीको साक्षी सिर्जमान राईले प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भन्न नसकी करणी गरे गरेनन् मलाई थाहा भएन भनी बकपत्र गरेको देखिन्छ । पीडित बालिकाको शारीरिक परीक्षण प्रतिवेदनमा "PERINEUM: DRIED BLOOD PRESENT, VULVA, VAGINA, REDDISH TEAR, 5×1CM LACERATION, BLOOD CLOT AROUND 50ML PRESENT IN VAGINAL OPENING तथा HYMEN मा २ TEARS AT 6 O'CLOCK AND 5 O'CLOCK POSITION WITH FRESH BLEEDING MARGIN" भनी बेहोरा खुलेको पाइन्छ । जाहेरवालाले आफ्नो नाबालक छोरीलाई प्रतिवादीले घर कोठाभित्र लगी हँसिया देखाई कट्टु खोल्न लगाई जबरजस्ती करणी गरेको भनी तथा पीडितले प्रतिवादी अर्जुनले आफूलाई उसको घर कोठामा लगी जबरजस्ती करणी गरी कसैलाई नभन्नु, भनिस् भने मारिदिन्छु भनेको भनी र मुना राईले घटना विवरण कागजको बेहोरा र सहीछाप मेरै हो भनी अदालतसमक्ष किटानी बकपत्र गरेको देखिन्छ । प्रतिवादीले जिकिर लिएको

ने.का.प.२०६७ अङ्क ८ नि.न.८४३३ पृ.१३२१ र ने.का.प.२०६९ अङ्क २ नि.न. ८७६४ पृ.१७१ मा साबिती बयान आफैँमा महत्त्वपूर्ण भए तापनि साबिती मात्र अभियोगको पुष्टिको आधार बन्न सक्दैन र अनुसन्धानको क्रममा भएको प्रतिवादीहरूको साबिती बयान अन्य प्रमाणहरूबाट स्वतन्त्र रूपमा समर्थित नभएसम्म अदालतले त्यस्तो साबिती बयान मात्रैलाई आधार मानी कसुर कायम हुन सक्दैन भनी सिद्धान्त प्रतिपादन भइरहेको देखिँदा प्रस्तुत मुद्दामा यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भइरहेको अवस्थाले पुनरावेदक प्रतिवादीले आफ्नो पुनरावेदन पत्रमा शंका र अनुमानको भरमा सजाय भएको र प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएको भन्नेसमेतका आधारमा सफाइ पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

प्रतिवादी अर्जुन भन्ने रचित राईलाई जबरजस्ती करणीको कसुर कायम गरी १९(उन्नाइस) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर गरी पीडितलाई भराइदिने क्षतिपूर्तिको हकमा प्रतिवादीको आर्थिक अवस्था कमजोर भएको, निजको आफ्नै नाममा कुनै सम्पत्ति भएको नदेखिएको भनी जिल्ला प्रशासन कार्यालय संखुवासभाबाट क्षतिपूर्तिस्वरूप रू.१,००,०००/- (एक लाख) तत्काल पीडितलाई भराइदिने ठहऱ्याएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७७।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम्।

२५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-१०८५, जबरजस्ती करणी, मनिष न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा पीडितसँग विवाह गर्ने भनी ललाइफकाइ आफ्नो घर कोठामा लगि निजको कपडासमेत खोली करणी गरेको भन्ने तथ्यलाई स्वीकार गरेकोमा अदालतसमक्ष बयान गर्दा पीडितलाई जबरजस्ती करणी गरेको तथ्यमा सम्म इन्कारी रहे पनि पीडितलाई विवाह गर्ने भनी ललाइफकाइ आफ्नो घरमा लगी राति सँगै सुतेको तथ्यलाई स्वीकार गरेको पाइन्छ । अनुसन्धानको क्रममा भएको बयान आफ्नो स्वेच्छाविपरीत भएको भनी प्रतिवादीले पुनरावेदन गर्दा जिकिर लिए पनि सो जिकिर प्रमाणित हुने ठोस प्रमाण पेस गर्न सकेको देखिँदैन। प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी जाहेरवाली र पीडितसमेतले लेखाएको मौकाको बेहोरालाई पुष्टि हुने गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ। जाहेरवाली र पीडितसमेतले बिनाआधार र कारण प्रतिवादीलाई जबरजस्ती करणीको आरोप लगाउनुपर्ने अवस्थासमेत देखिँदैन । पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार HYMEN RAPTURE हुनु र योनिबाट रगतसमेत आउनुको अन्य कुनै कारण प्रतिवादीले ठोस प्रमाणबाट पुष्टि गर्न सकेको पनि देखिँदैन । पीडित नाबालिका रहेको भन्ने तथ्यमा विवाद नभएको सन्दर्भमा पुनरावेदक प्रतिवादीले पीडित आफ्नी प्रेमिका भएकोले प्रेम विवाह गरी निजको राजीखुसी र मन्जुरीमा घर लगेकोले आफ्नी पत्नीलाई करणी गऱ्यो भन्नु जबरजस्ती करणीको परिभाषाभित्र पर्दैन भनी लिएको पुनरावेदन जिकिरसमेत सान्दर्भिक देखिन आएन । साथै वादी पक्षले रौँ, वीर्य आदि प्रमाणको लागि पेस नगरेको भन्नेलगायतका विभिन्न कारण उल्लेख गर्दै आफू निर्दोष रहेको भनी पुनरावेदन जिकिर लिए तापनि यी प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित हुने ठोस

प्रमाणसमेत पेस गर्न सकेको नपाइने।

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य शंकारहित तवरबाट स-प्रमाण पुष्टि भएको देखिँदा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) को कसुरमा ऐ. संहिताको दफा २१९(३)(ख) बमोजिम १४ वर्ष कैदको सजाय गरी ऐ. संहिताको दफा २२८बमोजिम प्रतिवादीबाट पचास हजार रूपियाँ पीडितलाई क्षतिपूर्ति भराइदिने गरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला कानूनप्रतिकूल नदेखिने।

प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) को कसुरमा ऐ. संहिताको दफा २१९(३)(ख) बमोजिम १४ वर्ष कैदको सजाय गरी ऐ. संहिताको दफा २२८बमोजिम प्रतिवादी मनिष न्यौपानेबाट रू.५०,०००।– (पचास हजार रूपियाँ) पीडितलाई क्षतिपूर्ति भराइदिने गरी सुरू झापा जिल्ला अदालतबाट भएको मिति २०७६।३।२३ फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७७।८।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम्।

## २६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७०-CI-१०००, मिलापत्र बदर, देवमाया महर्जनसमेत वि. भाजुरत्न महर्जनसमेत*

काठमाडौं जिल्ला, साबिक स्वयम्भु, पञ्चायत वडा नं. २ कि.नं.२८ र २९ का.जि., बालाजु पञ्चायत, वडा नं. १ख कि.नं. १९० तथा बालाजु पञ्चायत, वडा नं. २ ख कि.नं. ४७ को जग्गा आमा श्रीमाया महर्जनको नाममा मोहिया दर्ता भएकोमा निज आमाको मिति २०२९।६।१४ मा मृत्यु भएपश्चात् बाबुरत्न महर्जन र भाजुरत्न महर्जनका बिचमा आफ्ना आमाको नाममा रहेको मोहियानी हकयुक्त जग्गा मोही नामसारीपश्चात् भाउजूलाई आधा पारित गरिदिने भनी मिति २०५४।९।२३ मा करार भएको देखिन्छ। जुन करारपश्चात् बाबुरत्नले मोही नामसारी गरी जग्गाधनीसँग जग्गा बाँडफाँडसमेत गरी प्राप्त गरेको कित्ता नं. २८, २९ र १९० समेतका जग्गा निजी गुठीको हुँदा रै.प. गर्न नेपाल बैंक लि. भूगोलपार्कमा खाता नं. ०३००१६८ मा रू. १६,७२,५००।- अक्षयकोष राखेको देखिन्छ। सो अक्षयकोष राखेको कार्य पनि कानूनविपरीत देखिन आउँदैन। तत्पश्चात् उक्त जग्गाहरू विभिन्न व्यक्तिहरूमा हस्तान्तरण गरिसकेको अवस्था देखिन्छ। कानूनतः गुठी जग्गा बन्डायोग्य हुँदैन। गुठीको सम्पत्ति नास्न मास्न र हस्तान्तरणसमेत गर्न मिल्दैन। तर आफ्नी आमाको नाममा मोहियानी हक रहेको र निजको देहान्तपछि छोरा नाताको व्यक्ति बाबुरत्न महर्जनले आफ्नो नाममा मोही नामसारी एवं बाँडफाँड गरी प्राप्त निजी गुठीको जग्गा रैकर गर्न खडा गरेको अक्षयकोषमा आफ्नै दाजु भाजुरत्न महर्जनको नामसम्म समावेश गरी सो कोषबाट प्राप्त हुने ब्याज आधा आधा लिई / दिई गुठी चलाउने सर्त राखी मिलापत्र भए गरेको देखिन्छ। कानूनबमोजिम भएको मिलापत्रमा उल्लेख भएको सर्तहरू उल्लङ्घन भएमा सो हदसम्म मात्र बदर हुन सक्ने अवस्था रहन्छ। अन्यथा सो मिलापत्रबमोजिमका कार्य सम्बन्धित पक्षका लागि बन्धनकारी हुन आउँछ। यी पुनरावेदक वादीले उक्त मिलापत्रको कारण गुठी सञ्चालनमा बाधा अड्चन वा गुठी लोप हुन सक्ने आधार, कारण प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिन आएन। मिति २०६७।८।८ मा भएको मिलापत्रको मतलब र परिणामसमेत राम्रोसित सम्झी बुझी मन्जुर गरी राजीखुसीसाथ भएको मिलापत्रमा कहीँकतै बाबुरत्न महर्जन र भाजुरत्न

महर्जनका बिच गुठीको सम्पत्ति भागबन्डा गर्ने उल्लेख नभएको तथा मिलापत्रले यी वादीहरूको हक हित तथा गुठी सञ्चालनमा असर परेको भन्न सकिने अवस्थाको विद्यमानता नदेखिएकोले पुनरावेदन अदालत पाटनबाट भएको फैसला कानूनप्रतिकूल मान्न मिलेन।

तसर्थ, माथि उल्लिखित आधार, कारण र प्रमाणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६९।२।३ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।५।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत २१ गते रोज ३ शुभम्।

२७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७२-CI-०३५४, घर बनाउन हालेको पिलर भत्काई जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, रामसेवक मण्डल वि. संजयकुमार मण्डल*

यिनै वादी प्रतिवादीहरूबिच चलेको अंश (दे.पु.नं.६४३) मुद्दामा मिति २०४६।११।१४ गते जनकपुर अञ्चल अदालतबाट निज सो उत्तर निज सो दक्षिण रास्ता सोपूर्व रामविलास सो पश्चिम गाउँ ब्लकअन्तर्गतको ०-१-० जग्गामध्ये क्रमशः पूर्वबाट ०-०-६२/३ रामचन्द्र मण्डलको भागमा, सोदेखि पश्चिम ०-०-६१/३ प्रतिवादी संजयकुमारको भागमा र सोदेखि पश्चिम बाटोछेउमा ०-०-६२/३ वादी रामसेवकको भागमा पर्ने गरी मिलापत्र भएको तथ्यमा विवाद देखिँदैन। वादी रामसेवकले आफ्नो ०-०-४ जग्गा खिचोला गरेको भनी गरेको दाबीका सम्बन्धमा सुरू अदालतबाट भई आएको नक्साको न.नं. ९क, ख, १० र १७ मध्ये वादीले न.नं. ९क, ख सार्वजनिक बाटोको जग्गा भनी दाबी गरेको देखिन्छ। उक्त नक्साको न.नं. ७ को जग्गा सार्वजनिक बाटो रहेको देखिन्छ । साबिकमा २४ फिट र पछि बढाएर ३१ फिट भएको उक्त बाटोको न.नं.८ को जग्गासमेत जोड्दा बाटोको जग्गाको चौडाइ करिब त्यति नै पुग्न जानेसमेत देखिन्छ। न.नं.९क र ख को जग्गाको समानान्तर रहेको न.नं. १७ को जग्गासमेत सार्वजनिक बाटोको हो भनी वादीले जिकिर लिएको उक्त जग्गामा रहेका २ कटघेरा वादीले भाडामा लगाई आर्थिक सुविधा प्राप्त गरिरहेको भन्ने प्रतिवाद रहेको देखिन्छ। न.नं.९क र ख को जग्गा सार्वजनिक भनी दाबी लिने वादीले सो जग्गाको भोग र सोको सुविधा परित्याग गर्न र सोको क्षेत्रफल कट्टा गराएर सार्वजनिक कायम गराई बाटोमा नै प्रयोग हुन, गर्न र गराउन सकेको अवस्था पनि देखिँदैन। सो न.नं. मा कटघेरा भएका भनिएका सतो मण्डल र शिवकुमार चौधरीलाई निज वादीले प्रतिवादी बनाएको देखिँदैन। साथै, नापी नक्सा मुचुल्कामा रोहबरमा बसी जिरह गर्ने प्रतिवादीले सो न.नं.९(क) र ९(ख) को जग्गामा निज सतो मण्डल र शिवकुमार चौधरीलाई भाडा लिई कटघेरा बनाउन दिएको भनी बेहोरा खुलाइदिएको देखिन्छ । नक्सा मुचुल्काको समग्रस्वरूप र सतो मण्डल र शिवकुमार मण्डल विरूद्ध वादी दाबी नभएकोसमेतका कारणबाट न.नं. ९(क), ९(ख) का सम्बन्धमा प्रतिवादीको नाप नक्सामा भएको जिरह समर्थित रहेको देखिन्छ । यसरी, नक्साको प्रकृति, तथ्य, प्रमाण र जग्गाको क्षेत्रफलको हिसाबले न.नं.९क र ख को जग्गा सार्वजनिक नभई वादीकै हुने देखिन्छ भने न.नं. ११ए को जग्गा वादीको हुने अवस्था देखिँदैन। उक्त जग्गाहरूको हाल साबिक भई जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको भन्ने प्रतिवादीको जिकिरसमेत रहेको देखिन्छ । साथै, न.नं. ९क,

ख, न.नं. १० र १७ को जग्गाको योगबाट यी पुनरावेदकले आफ्नो जग्गा नपुगेको भनी स्पष्ट दाबी लिनसमेत सकेको अवस्था नदेखिएकोले पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन।

तसर्थ, माथि उल्लिखित आधार, कारणबाट सुरू धनुषा जिल्ला अदालतबाट भएको मिति २०६७।३।२१ को फैसला केही उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।३।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २१ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CI-०३५५, सार्वजनिक सडक बनाएको घर पिलर भत्काई जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, रामसेवक मण्डल वि. रामचन्द्र मण्डल भएको यसैअनुसार फैसला भएको छ।

## २८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७७-RB-०१५७, बैंकिङ कसुर, भोजबहादुर दर्जी वि. नेपाल सरकार*

प्रतिवादी भोजबहादुर दर्जीले दिएको चेक सटहीका लागि प्रभु बैङ्क लिमिटेडसमक्ष जाहेरवालाले पेस गर्दा खातामा रकम पर्याप्त नरहेको कारण चेक फिर्ता भएको कुरा अभियोग पत्रसाथ संलग्न चेक र प्रभु बैंक लिमिटेडको मिति २०७५/३/२७ को पत्रबाट समेत पाइयो । आफ्नो खातामा पर्याप्त रकम नभएको जानी जानी चेक काटिदिन नहुने भन्ने व्यवस्था बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ ले गरेको देखिन्छ । प्रतिवादीले प्रभु बैंक लिमिटेडमा रहेको १३३००१००८३९९६२००००० १ नं को खातामा मौज्दात रकम नभएको जानी जानी जाहेरवालालाई चेक काटी दिएको कुरा जाहेरी दरखास्त, प्रतिवादीको अनुसन्धानको क्रममा तथा अदालतसमक्ष भएको बयान, मौकामा सङ्कलित घटना विवरण कागजको बेहोरा, मिसिल संलग्न सटही हुन नसकी फिर्ता भएको चेक, बैंकले लेखिदिएको पत्र र जाहेरवालाले अदालतमा गरेको बकपत्रलगायतका प्रमाणबाट पुष्टि भइरहेको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) ले निषेध गरेको कार्य गरेको पुष्टि हुन आयो। पुनरावेदक प्रतिवादीउपर विनिमय अधिकार पत्र ऐन, २०३४ बमोजिम मुद्दा चल्नुपर्दछ भन्ने पुनरावेदन जिकिर भएकोमा कुनै कसुरका सम्बन्धमा बहुऐनहरूले व्यवस्था गरेको अवस्थामा पीडित पक्षले चाहेको ऐनबमोजिमको क्षेत्राधिकार उपयोग गर्न पाउने सम्बन्धमा यसै अदालतको पूर्ण इजलासबाट पुनरावेदक प्रतिवादी निर्मला सोडारी विरूद्ध नेपाल सरकार भएको मुद्दा नं. ०७६-NF-००११ को बैंकिङ कसुर मुद्दामा व्याख्या भएकोसमेतबाट प्रतिवादीको पुनरावेदन जिकिर स्थापित हुने नदेखिने।

जाहेरी बेहोरा, प्रतिवादीको अनुसन्धान तथा अदालतसमक्ष भएको बयान, मिसिल संलग्न चेक, प्रभु बैंक लिमिटेडको पत्र, घटना विवरण कागज, जाहेरवालाको बकपत्रसमेतबाट प्रतिवादी भोजबहादुर दर्जीले बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिम कसुर गरेको देखिँदा प्रतिवादी भोजबहादुर दर्जीलाई सोही ऐनको दफा १५(१) बमोजिम बिगो रू.६,००,०००/- (छ लाख रूपियाँ) कायम गरी प्रतिवादीले जाहेरवालालाई बिगो भराई बिगोबमोजिम रू.६,००,०००/- (छ लाख रूपियाँ) जरिवाना र दिन

३(तीन) कैद हुने साथै प्रतिवादीलाई भएको जरिवाना रकम रू.६,००,०००/- को चार प्रतिशतले हुन आउने रकम रू.२४,०००/- (चौबिस हजार रूपियाँ) प्रतिवादीले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७६/८/८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल वैशाख २५ गते रोज २ शुभम्।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-RB-०१६६, बैंकिङ कसुर, माधुरी शाह वि. नेपाल सरकार*

प्रतिवादी माधुरी शाहले दिएको चेक सटहीका लागि कुमारी बैंकसमक्ष जाहेरवालाले पेस गर्दा खातामा रकम पर्याप्त नरहेको कारण चेक फिर्ता भएको कुरा अभियोगपत्रसाथ संलग्न चेक र कुमारी बैंकको मिति २०७४/७/१४ को पत्रबाट समेत पाइयो। आफ्नो खातामा पर्याप्त रकम नभएको जानी जानी चेक काटिदिन नहुने भन्ने व्यवस्था बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ ले गरेको देखिन्छ। प्रतिवादीले कुमारी बैंक लि. को चेक नं. ०००४५२७४५९ खाता नं. १९२२५२४४७१२०००१२ रू.२,००,०००।- (दुई लाख) को चेक काटी खातामा मौज्दात रकम नभएको जानी जानी जाहेरवालालाई चेक काटी दिएको कुरा जाहेरी दरखास्त, प्रतिवादीको अदालतसमक्ष भएको बयान, मौकामा सङ्कलित घटना विवरण कागजको बेहोरा, मिसिल संलग्न सटही हुन नसकी फिर्ता भएको चेक, कुमारी बैंकले लेखिदिएको पत्र र जाहेरवालाले यस अदालतमा गरेको बकपत्रलगायतका प्रमाणबाट पुष्टि भइरहेको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) ले निषेध गरेको कार्य गरेको पुष्टि हुने।

जाहेरी बेहोरा, प्रतिवादीको अनुसन्धान तथा अदालतसमक्ष भएको बयान, मिसिल संलग्न चेक, कुमारी बैंक लिमिटेडको पत्र, घटना विवरण कागज, जाहेरवालाको बकपत्रसमेतबाट प्रतिवादी माधुरी शाहले बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग)बमोजिम कसुर गरेको देखिँदा निज प्रतिवादी माधुरी शाहलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ दफा १५(१) बमोजिम ७ दिन कैद र बिगोबमोजिम रू.२,००,०००/- (दुई लाख रूपियाँ) जरिवाना हुने साथै जाहेरवालाले आफ्नो बिगो प्रतिवादीबाट भराइलिन पाउनेसमेत ठहरी भएको उच्च अदालत पाटनको मिति २०७५/३/५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल वैशाख २५ गते रोज २ शुभम्।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-RB-०३४९, बैंकिङ कसुर, गिता राणा वि. नेपाल सरकार, नेपाल सरकार वि. गिता राणा*

सर्वप्रथम आरोपित कसुरबाट सफाइ हुनुपर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, कुनै पनि खातावालाले आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिन नहुने, त्यस्तो कार्य कसैले गरेमा सो कार्य बैंकिङ कसुर अपराध गरेको मानिने भन्ने बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा व्यवस्था छ। प्रतिवादी गीता राणाले जग्गा पास गरिदिन्छु भनी रू.७५,००,०००।- रकम लगी जग्गा पास नगरेको

तथा रकमसमेत फिर्ता नगरेबाट सो रकम माग गर्दा रू.७५,००,०००।– बराबरका विभिन्न चेक काटी दिएअनुरूप सो चेकको बैंकहरूमा भुक्तानी लिन जाँदा खातामा रकम नभएको र पटक पटक सम्पर्क गर्दा कुनै वास्ता नगरेबाट म जाहेरवालीले सो बैंकमा गई निवेदन दिई कालो सूचीमा राख्ने भनी बैंकबाट निज गिता राणाको नाममा पत्रसमेत काटिसकेकोले प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अनुसार कसुर अपराध गरेको हुँदा निजलाई कारबाही गरी जाहेरवालाले पाउनुपर्ने रू.७५,००,०००।– निज प्रतिवादीबाट दिलाई भराइपाउँ भन्ने जाहेरी बेहोरा रहेको देखिन्छ । जाहेरवालाका नाममा प्रतिवादीका नामबाट काटिएको चेक निज प्रतिवादीले काटेको कुरामा स्वीकार गरी बयान गरेको देखिएको छ । नबिल बैंकको १० JULY २०१७ को पत्रमा चेक नं. ००१८९७८८१३ को रू.५८,००,०००।– को चेक पेस हुँदा "INSUFFICIENT FUND" भनी लेखिआएको देखिएको छ। जाहेरवालाले चेक पेस गर्दा खातामा पर्याप्त रकम नभएका कारण रकम भुक्तानी हुन नसकेको अवस्था देखिएको छ । प्रतिवादीले जाहेरवाला लाई रू.११,००,०००/- एघार लाख रूपियाँ मात्र दिन बाँकी रहेको छ भनी आफ्ना बयान कागजमा जिकिर लिएको पाइए तापनि सो कुरा प्रमाणबाट पुष्टि भएको देखिँदैन । प्रतिवादीबाट काटिएको नबिल बैंकको नामको ००१८९७८८१३ नं. को रू.५८,००,०००।- को चेक अनादर भई बैंकबाट फिर्ता भएको आधारबाट यी प्रतिवादीले बैंकिङ कसुर गरेको तथ्य पुष्टि भइरहेको छ । यसरी जाहेरी दरखास्त, घटना विवरण कागज, प्रतिवादीको बयान तथा मिसिल संलग्न चेकबाट समेत प्रतिवादीले कसुर गरेको स्थापित भइरहेको हुँदा प्रतिवादीले सफाइ पाउनुपर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथ्ययुक्त देखिएन । साथै पुनरावेदक प्रतिवादीले प्रस्तुत मुद्दा विनिमेय अधिकार पत्र ऐन, २०३४अन्तर्गत चल्नुपर्ने भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा निर्मला सोडारी विरूद्ध नेपाल सरकार भएको मुद्दा नं. ०७६-NF-००११ को बैंकिङ कसुर मुद्दामा दुई भन्दा बढी ऐनहरू कुनै कसुरका सम्बन्धमा क्रियाशील भएमा पीडितपक्षले रोजेको उपचारको मार्ग अवलम्बन गर्न सकिने भनी व्याख्यासमेत भइसकेकोले पुनरावेदकको जिकिर कायम रहन सक्ने नदेखिने ।

प्रतिवादीले अनुसन्धान अधिकारी एवम् यस अदालतसमक्ष बयान गर्दा लक्ष्मी बैंक लिमिटेडको २ वटा चेक र नबिल बैंक लिमिटेडको २ वटा चेक काटी दिएको हो, जाहेरवाला सितादेवी काफ्लेसँग पटक पटक गरी जम्मा रू. ३५,००,०००।– रकम घरायसी व्यवहारको लागि सापटी लिएको थिएँ । मैले निज जाहेरवालालाई पटक पटक गरी जम्मा रू.२३,७५,०००।– दिइसकेको छु। मैले निज जाहेरवाला सितादेवी काफ्लेलाई रू.११,२५,०००।– मात्र दिनुपर्ने हो भनी बयान गरेको देखिन्छ । लक्ष्मी बैंक लिमिटेडको मिति २०७४/०३/२६ को पत्रबाट विवादका चेक भुक्तानीको लागि पेस नभएको भन्ने उल्लेख गरेको पाइन्छ । नबिल बैंकको १० JULY २०१७ को पत्रमा चेक नं. ००१८९७८८१३ को रू.५८,००,०००।– को हकमा "INSUFFICIENT FUND" र चेक नं. ००१८४७४४६५ को रू.६,००,०००।– को हकमा "NOT ABLE TO TRACE IN ABSENCE OF COPY OF BACK SIDE OF CHEQUE" भनी उल्लेख गरेको पाइन्छ । अभियोगमा उल्लिखित लक्ष्मी बैंक लि. को खाता नं. ०२१२४११४१७३ को चेक नं. ००४५५२१८०२१७०१ बाट रू. ६,००,०००।- र ००४५८२१६०८१७०१ बाट रू.५,००,०००।– गरी जम्मा रू. ११,००,०००।– रूपियाँ बराबरका

२ वटा चेक जाहेरवालाबाट भुक्तानीका लागि लक्ष्मी बैंकमा पेस भएको मिसिलबाट देखिएन। भुक्तानीका लागि दाबी नै नगरेको चेक खातामा रकम अपर्याप्त भई भुक्तानी हुन नसकेको भनी मान्न मिलेन। त्यस्तै नविल बैकको १० JULY २०१७ को पत्रमा चेक नं. ००१८४७४४६५ को रू.६,००,०००।– को हकमा "NOT ABLE TO TRACE IN ABSENCE OF COPY OF BACK SIDE OF CHEQUE" भन्ने उल्लेख गरेको देखिन्छ। जसबाट खातामा पर्याप्त रकम नभएकै कारण मात्र नभई हस्ताक्षर नमिलेर, अङ्क अक्षर नमिलेर जस्ता विविध कारणले चेक फिर्ता हुन सक्ने हुँदा रीतपूर्वकको नभएको नविल बैंकको नामको रू.६,००,०००।- को चेकलाई बैंकिङ कसुरको बिगोको रूपमा समावेश गर्न मिलेन। फौजदारी सरकारवादी मुद्दाको शङ्कारहित तवरबाट यथेष्ट प्रमाणका साथ पुष्टि गर्नुपर्ने प्रमाणको भार वादी पक्षमा रहन्छ। तथ्ययुक्त प्रमाणको अभाव भई शङ्काको अवस्था रहेमा सो शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायशास्त्रको सामान्य सिद्धान्त रही आएको पाइने।

वादी नेपाल सरकारबाट अभियोगपत्रमा रू. ७५,००,०००।– बिगो कायम हुनुपर्दछ भनी दाबी लिइएको भए तापनि प्रतिवादीबाट काटिएको नविल बैंकको नामको ००१८९७८८१३ नं. को रू. ५८,००,०००।- रकमको चेकसम्म अनादर भई बैंकबाट फिर्ता भएको पुष्टि भएकोले रू.५८,००,०००।– बराबरको बिगो रकमसम्म मात्र प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ बमोजिम कसुर गरेको पुष्टि हुने।

प्रतिवादी गीता राणाले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ देहाय (ग) विपरीतको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी गीता राणालाई सोही ऐनको को दफा १५(२)(क) बमोजिम दिन ९० (नब्बे) कैद र बिगो बमोजिम रू.५८,००,०००।- (अन्ठाउन्न लाख) जरिवाना हुने तथा प्रतिवादीबाट जाहेरवालाले बिगो रू.५८,००,०००।- (अन्ठाउन्न लाख) भराइलिन पाउने ठहर गरी भएको उच्च अदालत पाटनको मिति २०७४/११/८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल वैशाख २५ गते रोज २ शुभम्।

## ३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६–WO-०८३४, उत्प्रेषण, मोलिमा खातुन वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

निवेदकले २०७६ सालमा निवेदन गर्दा अवकाश पाउन १७ महिना चानचुन अवधि मात्र बाँकी रहेको भनी उल्लेख गरेको देखियो। सरूवाको निर्णय तत्काल कार्यान्वयन नगर्नु भनी यस अदालतबाट अन्तरिम आदेश जारी भएको र रिट निवेदकले सरूवा भएको कार्यालयमा हाजिर हुन जान नपरेको अवस्था रहेकोसमेत पाइयो। निज रिट निवेदक मोलिमा खातुनले मिति २०७८/३/२८ मा उमेर हदको कारणले सेवाबाट अनिवार्य अवकाश पाइसकेको भनी निवेदकको तर्फबाट उपस्थित कानून व्यवसायीले बहसको क्रममा उल्लेख गर्नुभएको देखिन्छ। निवेदकका वारेस रहेका निजका छोरा जाविद खाँले पेन्सन पट्टासमेत पाइसकेको भनी द.नं. १६३५ मिति २०७९/१/४ मा निवेदन पेस गरी मिसिल संलग्न रहेको पाइयो। यसरी निवेदकले उमेर हदको कारणले सेवाबाट अनिवार्य अवकाश पाइसकेको स्थिति हुँदा अब निवेदन मागदाबीबमोजिम आदेश जारी गर्नुको प्रयोजन नदेखिने।

रिट निवेदनको प्रयोजन समाप्त भइसकेको देखिँदा निवेदन मागबमोजिम कुनै आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : ओजा लामिछाने

कम्प्युटर : विजय खड्का

इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम् ।

## ३२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-WO-०९६९, उत्प्रेषणसमेत, रामबालक राय वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौंसमेत*

निवेदक रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ६ हाल परिवर्तित गढिमाई न.पा. वडा नं. १ घर भएका व्यक्ति हुन् भन्ने तथ्यमा विवाद छैन । निजलाई हेटौंडाबाट निजको घर पायकपर्ने स्थान वीरगन्जको अस्पतालमा रही कामकाज गर्ने गरी खटाइएको देखिन्छ । निजलाई वीरगन्जमा काज वा सरूवा गर्दा कुन कानूनको उल्लङ्घन हुने हो भन्ने कुरा पनि निवेदकले खुलाउन सकेको देखिँदैन । नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१घ. मा "ऐन र यस नियमावलीको विपरीत सरूवा हुन गई कुनै कर्मचारीलाई मर्का परेमा निजले सोको आधार र कारणसमेत खुलाइ सरूवा गर्ने अधिकारीभन्दा एक तहमाथिको सरूवा गर्ने अधिकारीसमक्ष सरूवा भएको मितिले एक्काइस दिनभित्र निवेदन दिन सक्ने र यसरी परेको निवेदनउपर छानबिन गर्दा निजको माग जायज देखिएमा सम्बन्धित अधिकारीले कारण र आधारसमेत उल्लेख गरी त्यस्तो सरूवा बदर गरी मिलान गर्न सक्ने" व्यवस्था रहेको देखिन्छ । तदनुसार उपचारको मार्ग अपनाएको भन्ने पनि देखिँदैन । स्वास्थ्य सेवाका कर्मचारीले कोभिड-१९ जस्ता महामारीको अवस्थामा आवश्यकता अनुसार राज्यले खटाएको स्थानमा रहेर स्वास्थ्य सेवा प्रदान गर्नु नै पर्दछ । यो वा त्यो बहानामा जिम्मेवारीबाट पन्छिनु मनासिब हुँदैन । निवेदक सेवा प्रदान गर्न नसक्ने अवस्थाका अशक्त बिरामी भएको कुरा मेडिकल बोर्डबाट प्रमाणित भएकोसमेत देखिँदैन । निजलाई कुनै प्रवृत्त धारणा राखेर वीरगन्जमा खटाएको भन्न पनि नदेखिने ।

निवेदकलाई कानूनप्रतिकूल हुने गरी वीरगन्जमा खटाएको भन्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - ओजा लामिछाने

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम् ।

## ३३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-WO-०४१४, उत्प्रेषणसमेत, प्रहलाद कार्की वि. वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानसमेत*

वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम ११.१(१) मा कुनै शिक्षक वा कर्मचारीको उमेर ६१ वर्ष पूरा भएमा सेवाबाट अवकाश दिइने प्रावधान साबिकमा रहेको देखिन्छ । सोही प्रावधानको प्रयोग गरी निवेदक प्रा.डा. प्रहलाद कार्कीलाई मिति २०७६/८/५ गतेबाट लागु हुने गरी सेवाबाट अवकाश दिने भनी पत्र लेखिएको पाइयो । तर उमेर हदसम्बन्धी उक्त प्रावधान वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालक परिषद्को ४२ औँ बैठकको निर्णय नं. ३३५ मिति २०७५/११/१७ को निर्णयबाट शिक्षकको उमेर हद ६१ को सट्टा ६५ वर्ष कायम हुने गरी नियमावलीमा संशोधन गरिएको देखियो । उल्लिखित संशोधित नियमावली कार्यान्वयनमा आइसकेको भन्ने कुरा वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको

मिसिल संलग्न मिति २०७७/३/१४ को पत्रबाट समेत देखिन आउँदछ । निज निवेदक पदमा बहाल छँदाछँदै नियमावलीमा संशोधन भएको अवस्था हुँदा यसरी संशोधित नियमावलीबमोजिमको सुविधा निवेदक प्रा.डा. प्रहलाद कार्कीले नपाउने भन्नु न्यायोचित हुँदैन । निवेदकको जन्म मिति वि.सं. २०१५/८/५ भएको र निजको ६५ वर्षको उमेर मिति २०८०/८/५ मा मात्र पूरा हुने कुरामा विवाद देखिँदैन । यस अवस्थामा संशोधित व्यवस्था अनुसारको सुविधा प्रदान नगरी साबिकको नियमबमोजिम उमेर हद कायम गरेकोलाई उचित मान्न मिल्दैन । हाल पनि उक्त प्रतिष्ठानका शिक्षकको अवकास पाउने उमेर हद ६५ वर्ष कायम रहेको भन्ने देखिन्छ । निवेदकसमेत यस अदालतबाट जारी भएको अन्तरिम आदेशको परिणामस्वरूप हालसम्म पदमा बहाल नै रहेको भन्ने देखिन्छ । यसरी कानूनी तथा समन्यायिक दृष्टिले हेर्दा निवेदकलाई ६१ वर्षको उमेर हद कायम गरी अवकास दिने गरी भएको निर्णय, काम कारबाही तथा पत्राचारसमेत कानूनअनुकूल र न्यायोचित देखिएन । सो अवकास दिनेसम्बन्धी पत्र कार्यान्वयन भएमा सामान्य कानूनको प्रयोगमा निवेदकउपर अनुचित भेदभावपूर्ण व्यवहार गरेको परिणाम पैदा हुने र निजको पेसा रोजगारीको हकमा समेत अनुचित तवरबाट बन्देज लाग्न पुग्ने स्थिति देखिने ।

रिट निवेदक प्रा.डा. प्रह्लाद कार्कीलाई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवाबाट ६१ वर्षको उमेर पूरा हुने कारण जनाई संशोधित नियमावलीको प्रावधान प्रतिकूल हुने गरी मिति २०७६/८/५ गतेदेखि सेवाबाट अवकाश दिने भनी गरिएको निर्णय, सो प्रयोजनका लागि लेखिएको मिति २०७६/७/२५ को पत्रलगायतका काम कारबाही उत्प्रेषणको आदेशले बदर हुन्छ । निज निवेदक प्रा.डा. प्रह्लाद कार्कीलाई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावलीमा गरिएको संशोधित प्रावधानबमोजिम अनिवार्य अवकास पाउने प्रयोजनका लागि ६५ वर्षको उमेर हद कायम गरी तदनुसार प्रतिष्ठानको सेवामा रही कामकाज गर्न दिनु दिलाउनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत - डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७८ साल चैत्र ८ गते रोज ३ शुभम् ।

**३४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-WO-०३५०, उत्प्रेषण, विजयश्री गौतम अग्नीहोत्रीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकहरूका नाउँमा दर्ता रहेका माथि उल्लेख भएबमोजिमका जग्गासँग जोडिएको महेन्द्रको शालिकदेखि कृष्ण पाउरोटी चोकको मोडसम्मको भागमा पर्ने प्रज्ञा भवन पछाडिको सडकको दायाँ बायाँ सडक विस्तार गर्न लागिएको विषयलाई लिएर प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ । सो स्थानमा कानूनबमोजिम नक्सा पास गरी निर्माण गरिएका घरहरूलगायतका साँस्कृतिक तथा पुरातात्विक महत्त्वका भौतिक संरचना रहेको कुरामा विवाद देखिँदैन । नेपाल सरकारको निर्णयले २०३३ सालको मापदण्डअनुरूप केन्द्र सडक रेखाबाट ८/८ मिटर जग्गा छाड्नुपर्ने भन्ने मापदण्डबमोजिम सडकका लागि जग्गा छाडेर घर निर्माण कार्य गरिएको देखिन्छ । पछि पुन: २०५० सालमा तयार गरिएको मापदण्ड अनुसार भनी सडकको दायाँ बाँया दुवै भागमा ११/११ मिटर विस्तार गर्ने योजना अनुसार पुन: सडक विस्तार गर्न काठमाडौं उपत्यका विकास प्राधिकरणबाट मिति

२०७३/२/२६ मा सूचना प्रकाशित गरिएको र सोही अनुसार विस्तार गरिने सडकको लागि चिह्न अङ्कित गर्ने कार्यसमेत भएको पाइयो । यसरी सडक विस्तार गर्नुपूर्व रिट निवेदकहरूलाई कुनै प्रकारको मुआब्जा क्षतिपूर्ति दिने सम्बन्धमा कानूनबमोजिमको प्रक्रिया अपनाइएको नदेखिने ।

नेपालको संविधानको धारा २५, सार्वजनिक सडक ऐन, २०३१ को दफा ३, तथा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम सडक व्यवस्थापनको प्रयोजनार्थ सार्वजनिक हितका लागि सडक विस्तार गर्दा व्यक्तिको जग्गालगायतका सम्पत्ति अवश्य नै प्राप्त गर्न सकिन्छ । तर यसका लागि कानूनद्वारा निर्धारित सर्त र प्रक्रिया पूरा गर्नु आवश्यक हुन्छ । स्वेच्छाचारी अथवा मनोमानी रूपमा व्यक्तिगत सम्पत्तिउपर राज्यले भोग वा कब्जा गर्न पुग्नु उचित र कानूनसङ्गत हुँदैन । व्यक्तिको सम्पत्तिको सुरक्षा गर्नु राज्यको पनि दायित्व बन्दछ । यस अवस्थामा राज्यका तर्फबाट कार्य गर्ने निकायले कानूनी सर्त र प्रक्रियाको अन्देखा गरी स्वेच्छाचारी शैलीमा कार्य गर्नु शोभनीय र सुशासनको मर्मअनुकूल हुँदैन । यस विषयमा यस अदालतबाट विभिन्न विवादहरूका सन्दर्भमा पटक पटक व्याख्या र विवेचना पनि भएका छन् । यसरी स्थापित न्यायिक सिद्धान्तको प्रतिकूल हुने गरी गरिएको कार्य स्वीकार्य विषय मानिन नसक्ने ।

विवादित बाटो विस्तारको कार्य २०३३ सालमा बनेको मापदण्डका आधारमा २०४३ सालमा सडक केन्द्रबाट दायाँ बायाँ ८/८ मिटर सडक कायम गरिएको भन्ने देखिन्छ । उल्लिखित तथ्यलाई प्रत्यर्थीहरूले खण्डन गर्न सकेको देखिँदैन । एक पटक एउटा मापदण्ड निर्धारण भई बाटो विस्तार गरिएपछि तदनुसार रिट निवेदकहरूले कानूनबमोजिम नक्सा पास गरी घरलगायतका भौतिक संरचना निर्माण कार्य गरेर वर्षौंदेखि भोगचलन गरिआएको अवस्थामा पुन: ११/११ मिटरको मापदण्ड तोक्नु र यसरी बाटो विस्तार गर्दा क्षेति पुग्ने सम्पत्तिका स्वामित्ववालाहरूलाई कुनै प्रकारको मुआब्जा, क्षतिपूर्ति प्रदान गर्नेतर्फ कानूनबमोजिमको प्रक्रिया अपनाएको नदेखिनुलाई औचित्यपूर्ण कार्य मान्न सकिँदैन । सार्वजनिक हितसम्बन्धी प्रयोजन देखाएर व्यक्तिको निजी सम्पत्ति राज्यले स्वेच्छाचारी तवरबाट उपभोग गर्ने तथा कानूनी सर्त र न्यायिक मान्यताहरूको उपेक्षा गर्ने छुट स्वीकार्य हुँदैन । राज्यले व्यक्तिको निजी सम्पत्ति सार्वजनिक प्रयोजनका लागि प्राप्त गर्दा वा उपयोग गर्दा उचित/मनासिब क्षतिपूर्ति दिनु वा सो प्रयोजनका लागि सम्बन्धित हक स्वामित्ववाला व्यक्तिको स्वेच्छापूर्ण सहमति प्राप्त गर्नु आवश्यक हुन्छ । प्रस्तुत विवादका सन्दर्भमा हेर्दा प्रत्यर्थीहरूबाट वाञ्छित विवेक तथा कानूनपरायणता अपनाएको देखिन नआउने ।

प्रत्यर्थीहरूबाट भएको मिति ०७३/२/२६ को सडक विस्तारसम्बन्धी सूचना, तदनुसार बाटो बिस्तारका लागि चिह्न लगाउनेलगायतका काम कारबाहीहरू कानूनअनुकूल भएको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिएको छ । विवादित सडक/बाटो विस्तार गर्नुपर्ने हो भने त्यसरी बाटो विस्तार गर्दा व्यक्तिको निजी सम्पत्तिमा पुग्न जाने क्षतीको समुचित मूल्याङ्कन गरी सोबापत सम्बन्धित घर वा जग्गाधनीलाई मनासिब माफिकको क्षतिपूर्ति प्रदान गरेर मात्र बाटो बिस्तारको कार्य गर्नु गराउनु तथा यसरी सडक विस्तार गर्दा ऐतिहासिक, धार्मिक वा साँस्कृतिक महत्त्वका सम्पदाहरू ननासिने, नमासिने, अर्थात् संरक्षण हुनेसमेतको समुचित व्यवस्था मिलाउनु भनी प्रत्यर्थीहरूका नाउँमा नेपालको संविधानको धारा १३३ उपधारा (२) र

(३) बमोजिम परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असोज २४ गते रोज २ शुभम् ।

**३५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-CI-०७७०, रैकर परिणत दर्तासमेत, केदार पोखरेल वि. मनदेवी मिश्रसमेत*

भक्तपुर जिल्ला, सिद्धिगणेश गा.वि.स. वडा नं. ६ कि.नं. ३९३ को क्षेत्रफल ०-५-०-०, ऐ. कि.नं. ४३० को क्षेत्रफल १-३-२-० जग्गा बिर्ताको भई बिर्तावालले दर्ता नगरेकोले जोताहा मोहीको नाउँमा दर्ता गरिपाउँ भनी निवेदक वादीले जिकिर लिएको पाइयो । उक्त जग्गाको मिसिल संलग्न फिल्डबुकको छायाँप्रति हेर्दा किसानको नाम, थर, वतनको महलमा मोही देवकुमारी खत्री रहेको र किसानको बेहोरामा कि.नं. ३९३ मा यो जग्गा ल.पु. बाउन सुब्बालाई कुत बुझाई जोती खाइआएको भन्ने र कि.नं. ४३० मा यो जग्गा ल.पु., कुपन्डोल बस्ने सुबेनी बाउनीलाई कुत बुझाई जोती कमाइआएको भन्ने उल्लेख भएको देखिन्छ । प्रतिवादीको उक्त जग्गा बिर्ता जग्गा नै होइन, प्रतिवादीका सासु तथा बज्यै सुबेनी दुर्गादेवीका नाउँमा रैकर परिणत दर्ता भएको उक्त न.नं. १२३२ को अ.रो. २।२ मध्येको साबिक लगतबाट भिडी आएको भन्ने जिकिर देखिएको अवस्थामा विवादित कि.नं. ३९३ र ४३० को जग्गा बिर्ता वा रैकर परिणत के हो ? फिल्डबुकमा उल्लेख भएका मोही देवकुमारी खत्री र किसान बाउन सुब्बा/सुबेनी बाउनीका यी वादी प्रतिवादीको पुस्तेवारी के हो ? के कसरी हकवाला भएका हुन ? लगतमा उल्लेख भएको खला र वादी दाबीको कित्ता जग्गा भिड्ने नभिड्ने, चार किल्ला भिड्ने नभिड्ने, जग्गाको तिरोभरोको निस्सा प्रमाण भए नभएकोलगायतका जग्गाको हक बेहकमा प्रश्न उठेको पाइयो । विवादित जग्गाको हक बेहकमा प्रश्न उठेमा सम्बद्ध प्रमाण बुझी ठहर गर्नुपर्ने हुन्छ । सोका लागि मालपोत कार्यालयले मुद्दाका पक्षलाई अदालतबाट हक कायम गरी ल्याउन सुनाउनुपर्नेमा मालपोत कार्यालय भक्तपुरले वादी प्रतिवादीहरूलाई हक कायमतर्फ अदालत जान नसुनाइ छुट दर्ताको रोहबाट हक कायम हुने गरी प्रतिवादीहरू मनदेवी मिश्रसमेतको नाउँमा छुट जग्गा दर्ता हुने ठहर निर्णय गरेको पाइयो । हक बेहकको प्रश्न उपस्थित भई सबुद प्रमाण बुझी ठहर गर्नुपर्ने अवस्थामा सो निर्णय गर्ने अधिकार अदालतलाई मात्र भएकोमा मालपोत कार्यालय भक्तपुरले प्रतिवादीहरू मनदेवी मिश्रसमेतको नाउँमा छुट जग्गा दर्ता हुने ठहर गरेको मालपोत कार्यालय भक्तपुरको निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि भई बदर हुने ।

अधिकारक्षेत्रात्मक त्रुटि भएको सुरू मालपोत कार्यालय भक्तपुरको मिति २०६८।१२।३० को निर्णय बदर गर्नुपर्नेमा प्रतिवादी मनदेवी मिश्रसमेतका नाममा छुट जग्गा दर्ता हुने ठहराएको उक्त निर्णय सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।१।९ को फैसला त्रुटिपूर्ण हुँदा बदर भई मुद्दाका पक्षलाई साधिकार अदालतमा नालिस गरी आफ्नो नाउँमा हक कायम गरी ल्याउन सुनाइदिनु भनी मिसिल सुरू मालपोत कार्यालय भक्तपुरमा पठाइदिने ।

इजलास अधिकृत : डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल वैशाख २९ गते रोज ५ शुभम् ।

**३६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७७-CR-०५४०, अदालतको अवहेलना, भरतबहादुर अधिकारी वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंसमेत*

पुनरावेदक निवेदकले प्रत्यर्थीमध्येको गणेशप्रसाद खराल नाउँको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.५ कि.नं.७३ को जग्गामा बनेको घरको भुइँतल्लाको २ वटा सटरमा भाडामा लिई व्यापार व्यवसाय गर्दैआएकोमा उक्त पसल सटर खाली गराउन प्रत्यर्थी गणेशप्रसाद खरालले प्रत्यर्थीमध्येको काठमाडौं महानगरपालिका, न्यायिक समितिसमक्ष उजुर गरी उक्त समितिबाट घरको पसल सटर खाली गर्ने ठहराई मिति २०७५।१०।१३ मा फैसला भएको देखिन्छ । सो फैसला कार्यान्वयन गर्ने प्रयोजनको लागि पसल सटर खाली गर्नु भनी काठमाडौं महानगरपालिकाबाट च.नं.१७२ मिति २०७५।१०।१५ को पत्रसमेत जारी गरेको देखिने।

न्यायिक समितिको उक्त निर्णयउपर यी पुनरावेदकले काठमाडौं जिल्ला अदालतसमक्ष पुनरावेदन दायर गरेको र सो मुद्दामा अन्तिम निर्णय हुन बाँकी रहेकै अवस्थामा पसल सटरबाट हटाउने प्रयास गरेकोले रोकिपाउँ भनी पुनरावेदकले उच्च अदालत पाटनसमक्ष उत्प्रेषण परमादेशको माग गरी रिट निवेदन दायर गरेको देखिन्छ । सो निवेदनमा उक्त अदालतबाट मिति २०७६।३।१८ मा फैसला हुँदा "काठमाडौं जिल्ला अदालतमा दायर भएको पुनरावेदनमा फैसला नहुँदै विचाराधीन रहिरहेको अवस्थामा काठमाडौं महानगरपालिकाबाट जारी भएको मिति २०७५।१०।१५ को पत्र उत्प्रेषणको आदेशले बदर हुने र पुनरावेदनको किनारा नलागेसम्म निवेदक (पुनरावेदक) ले सञ्चालन गरेको पसल सञ्चालनमा रहेको अवरोध हटाई निवेदकको पसल सञ्चालन गर्न आवश्यक प्रबन्ध गर्नु" भनी प्रत्यर्थी महानगरीय प्रहरी परिसरसमेतका नाउँमा परमादेशको आदेश जारी हुने ठहर भएको देखिने।

पुनरावेदक निवेदकले प्रत्यर्थीहरूले सोही फैसला कार्यान्वयन नगरी अदालतको अवहेलना गरेको भन्ने जिकिर लिएको देखिए तापनि फैसला कार्यान्वयनका खातिर सम्बन्धित सबै पक्षहरूलाई पत्राचार गरी मिति २०७६।८।२९ मा काठमाडौं महानगरपालिकाका प्रतिनिधिहरूको रोहबरमा उक्त पसलमा रहेको अवरोध हटाई पसल सञ्चालनमा ल्याएको अवस्था छ । अदालतको आदेश फैसला कार्यान्वयन गर्न कुनै आलटाल भएको छैन भन्ने महानगरीय, प्रहरी वृत्त कमलपोखरीसमेतको लिखित जवाफ देखिन्छ । मिसिल संलग्न लिखित जवाफसाथ पेस भएको मिति २०७६।८।२९ को मुचुल्का हेर्दा निवेदक भरतबहादुर अधिकारी र प्रत्यर्थी प्रहरी कार्यालयका प्रतिनिधिहरू, काठमाडौं महानगरपालिकाका प्रतिनिधि / कर्मचारीहरू र स्थानीय निकायका मानिसहरूबिच उच्च अदालत पाटनको मिति २०७६।३।१८ को फैसला कार्यान्वयन गर्ने प्रयोजनका लागि सम्बन्धित ठाउँमा भेला जम्मा भई पुनरावेदकले सञ्चालन गरी आएको पसल सटर सञ्चालनमा रहेको अवरोध पूर्णरूपमा हटाएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । सो मुचुल्कामा पुनरावेदक भरतबहादुर अधिकारीले समेत अदालतको फैसला अनुसार पसल सञ्चालनमा भएको अवरोध हटाई पसल सञ्चालन गर्न आवश्यक प्रबन्धसहित पसल पूर्णरूपमा सञ्चालनमा रहेको ठिक साँचो हो भनी सहीछाप गरेको देखिएबाट पुनरावेदकले दाबी गरे अनुसार प्रत्यर्थीहरूले फैसलाको कार्यान्वयन नगरेको वा फैसला कार्यान्वयनमा अवरोध गरेको भन्ने देखिन आउँदैन । अपितुः अदालतको आदेश कार्यान्वयन भइसकेको देखिन आयो । पुनरावेदकले जुन आदेश कार्यान्वयन नगरी अदालतको अवहेलना गरेको भन्ने जिकिर लिएको हो उक्त आदेश पूर्ण कार्यान्वयन भइसकेको भन्ने मिसिल प्रमाणबाट देखिन आएकोले

प्रत्यर्थीहरूले अदालतको अवहेलना गरेको तथ्य स्थापित हुन आएको नदेखिएको र अदालतको अवहेलनामा कारबाही गरिपाउँ भन्ने पुनरावेदकको दाबी स्थापित हुन सक्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदनमा दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा उच्च अदालत पाटनबाट निवेदन खारेज हुने ठहर गरे तापनि परिणाममा तात्विक भिन्नता नभएकाले मिति २०७६।१०।२२ को उच्च अदालत पाटनको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : डल्लुराम चौधरी / विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल श्रावण २५ गते रोज ४ शुभम्।

**३७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०६९-WO-१२९४, उत्प्रेषण, अति कुमारी थापा क्षेत्री वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदन दाबीको कि.नं. ११५ को जग्गा बगर जनिई नापी भएको तथ्यमा विवाद छैन। मालपोत ऐन, २०३४ को दफा २(ख२) तथा जग्गा नापजाँच ऐन, २०१९ को दफा २(ङ) ले सरकारी घरजग्गा भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन जङ्गल रहेको, रूख, बुट्यान, नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर आदिलाई सरकारी जग्गाको परिभाषाभित्र समेटेको पाइन्छ। मालपोत ऐन, २०३४ को दफा २४(१) मा सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवाद गराउन नहुने व्यवस्था गरेको देखिन्छ। त्यस्तै उक्त ऐनको दफा २४(२) ले कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुने तथा त्यस्तो जग्गाको व्यक्ति विशेषका नाममा रहेको दर्ता लगतसमेत मालपोत कार्यालयले कट्टा गर्नुपर्ने भन्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा सरकारी जग्गाको परिभाषाभित्र समेटिएको निवेदन दाबीको जग्गा निवेदन दाबीबमोजिम व्यक्ति विशेषको नाममा दर्ता गर्न कानूनत: मिल्ने नदेखिने।

विवादित उक्त कि.नं. ११५ को जग्गाको नाप नक्सा २०२९ सालमा नै भएको देखिन्छ। जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ख(३) मा "कुनै निवेदनमा सो क्षेत्रको जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण भएका मितिले साठी दिनभित्र त्यस्तो जग्गा सरकारी वा सार्वजनिक जग्गाको रूपमा दर्ता गरी स्रेस्ता कायम गरिने छ" भन्ने व्यवस्था भएकोमा सो कानूनी व्यवस्थाबमोजिम छुट जग्गाको सम्बन्धमा सोही कानूनमा तोकेको हदम्यादभित्र कुनै निवेदन परेको भन्ने पनि देखिँदैन। २०२९ सालमा नापी भएको विषयमा झण्डै २२ वर्षपछि २०४१ सालमा मात्र छुट दर्ताको निवेदन परेको देखिन्छ। दाबीको जग्गा निवेदकको भए मौकामा छुट दर्तातर्फ निवेदन दिन सक्नुपर्नेमा धेरै लामो समयपछि नेपाल सरकारका नाउँमा दर्तासमेत भइसकेपछि २०४१ सालमा मात्र निवेदन दिएको अवस्था छ। निवेदकले यति लामो समयसम्म कुनै दाबी नगरी अत्यन्त विलम्ब गरी आउनु पर्नाको कुनै औचित्यपूर्ण कारण आफ्नो निवेदनमा खुलाउन सकेको पनि पाइँदैन। यस अतिरिक्त यिनै निवेदकका ससुरा र पतिले निवेदन दाबीको जग्गा वरिपरिका अन्य कित्ता जग्गा नापीका बखत नापनक्सा गराई आफ्ना नाउँमा दर्तासमेत गराएको अवस्था छ। एकै गाउँ ठाउँ स्थानको कुनै कित्ता जग्गा नापी गराउन सक्नेले सँगैको अर्को कित्ता जग्गा नापी गराउन छुट भएको दाबी लिँदा त्यसरी नापी गराउन छुट हुन गएको तथ्ययुक्त

कारण मिसिलबाट देखिनुपर्नेमा प्रस्तुत निवेदनमा निवेदकले कुनै मनासिब कारणसमेत उल्लेख गर्न सकेको देखिएन।

तसर्थ, माथि उल्लिखित आधार र कारणहरूबाट विवादित कि.नं.११५ को जग्गाको फिल्डबुकमा बगर जनिइ नेपाल सरकारका नाउँमा दर्ता भइसकेको, सोसम्बन्धी विवाद तह तह हुँदै यस अदालतबाट अन्तिम रूपमा फैसला भई बसेको, निर्णय दर्ता बदरतर्फ निवेदकले कानूनबमोजिम कारबाही चलाएको अवस्थासमेत नभएको स्थितिमा साधारण क्षेत्राधिकारबाट टुङ्गिसकेको विवादमा प्रस्तुत रिट निवेदनको रोहबाट पुन: तथ्यमा प्रवेश गरी निवेदकले दाबी लिएका जग्गाको स्वामित्वका प्रमाणको विश्लेषण गरी न्याय निरूपण गर्न मिल्ने देखिएन । दर्ता निर्णय भइसकेको कित्ता जग्गाका हकमा छुट जग्गा दर्तातर्फ कारबाही गर्न नमिल्ने भनी विपक्षी निकायहरूले गरेको निर्णय तथा काम कारबाहीबाट निवेदिकाको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात परेको भनी मान्न मिल्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन २४ गते रोज ३ शुभम्।

## ३८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-WO-१०६६, उत्प्रेषण / प्रतिषेध / परमादेश, सम्झना खतिवडा (अधिकारी) वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौंसमेत*

निवेदकको घरजग्गा रहेको स्थानसमेत पर्ने गरी मिति २०६३/१०/२८ जिल्ला प्रशासन कार्यालय, काठमाडौं तथा जिल्ला प्रशासन कार्यालय, भक्तपुरको जग्गा प्राप्तसम्बन्धी प्रकाशित सूचना अनुसार मनोहरा जग्गा एकीकरण आयोजना लागु भएको देखिन्छ। तथापि सोभन्दा पहिलेदेखि नै निवेदकको घरजग्गाको दक्षिणतर्फ कच्ची मोटरबाटो रहेको, उक्त जग्गामा बिजुली, टेलिफोनलगायतका आवश्यक पूर्वाधारहरूसमेत कायम भइसकेको भन्ने निवेदन जिकिरको सम्बन्धमा प्रत्यर्थी आयोजनालगायत कसैले पनि होइन थिएन भनी विवाद उठाएको देखिएन । साथै उक्त आयोजना लागु हुनुपूर्व नै त्यस्ता आवश्यक पूर्वाधारहरू तयार भइसकेका जग्गाधनीहरूबाट मनोहरा जग्गा एकीकरण आयोजनाले ढल निर्माणबापत प्रतिआना रू.१०,०००।- (दश हजार रुपियाँ) का दरले नगद रकम मात्र लिने र सोबाहेक अन्य सहयोग त्यस्ता जग्गाधनीहरूले गर्नु नपर्ने भन्ने उक्त आयोजनाअन्तर्गतको सहयोग समितिको मिति २०६४।१०।२२ को निर्णय उक्त आयोजना अन्तर्गतकै जग्गा व्यवस्थापन उपसमितिबाट मिति २०६४।११।३ मा अनुमोदन भई अन्तिम भइरहेको मिसिल संलग्न निर्णय प्रतिलिपिहरूबाट देखिन्छ । यस स्थितिमा निवेदकले ढल निर्माणबापत प्रतिआना रू.१०,०००।- (दश हजार रुपियाँ) का दरले नगद रकम योगदान गर्नुपर्नेबाहेक अन्य दायित्व देखिन आउँदैन। निजले उक्त रकम नदिएको वा दिन नचाहेको भनी प्रत्यर्थीहरू जिकिरसमेत देखिँदैन । जग्गा व्यवस्थापन उपसमितिको उल्लिखित निर्णयबाट साबिकमा बाटो र अन्य पूर्वाधार भएको एवं घर निर्माण भइसकेको कित्ता जग्गाको हकमा सबै जग्गा सम्बन्धित धनीलाई नै फिर्ता दिने जग्गाधनीबाट ढल निर्णयबापतको रकम मात्र प्राप्त गर्ने भन्ने देखिन्छ । उल्लिखित निर्णयहरूबाट पूर्वाधार भएका घर जग्गाको हकमा पुर्वाधार नभएका अन्य

घरजग्गासरह पुर्वाधारका लागि केही जग्गा कट्टा गरी बाँकी रहने जग्गा मात्र सम्बन्धित जग्गाधनीलाई फिर्ता गर्ने भन्ने देखिन आउँदैन । वस्तुतः यी निवेदकको जग्गा यो यस्तो पूर्वाधार निर्माणका लागि यो यति क्षेत्रफल कट्टा गर्न आवश्यक भएको भन्ने आयोजनाको दाबी पनि देखिँदैन । आयोजनाले मूलतः सम्बन्धित मालपोत कार्यालयबाट निवेदकको नाउँको ०-३-२-० जग्गाको साबिक स्रेस्ताबमोजिमको अभिलेख प्राप्त भएकाले तदनुरूपको क्षेत्रफलको जग्गा मात्र निवेदकले फिर्ता पाउने भन्ने जिकिर लिएको सन्दर्भमा हेर्दा उक्त आयोजना सुरू गर्नुपूर्व नै संवत् २०५८-५९ सालमा यी निवेदकको जग्गा पुनः नापी (हाल साबिक) भई कि.नं. २६८ को क्षेत्रफल १२८.६० वर्गमिटर कायम गरी जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरेको र उक्त जग्गामा काठमाडौं महानगरपालिकाबाट विधिवत् नक्सापास गरी घरको तला थपी भोग चलन गरी आएको अवस्था छ । सर्भे नापीमा नक्सा अद्यावधिक गराई कायम हुन आएको क्षेत्रफल आयोजनाले साबिक स्रेस्ताको आधार लिई कम गर्न वा घटाउन मिल्ने देखिँदैन । वस्तुतः प्रत्यर्थी आयोजनाको अनुरोधमा निवेदकलगायतका आयोजना क्षेत्रका उपभोक्ताहरूको जग्गा रोक्का भएको भए तापनि आयोजना उक्त कित्ता जग्गाको जग्गाधनी होइन । जग्गा पुनः नापी गर्दा नरबढी नरघटी जे हुन्छ सो जग्गाधनीकै हुन्छ । बढी जग्गा आयोजनाले खान पाउँदैन । आयोजनाले पूर्वाधार नभएको ठाउँमा पूर्वाधारयुक्त घडेरी विकास गर्ने र सोका लागि तोकिएको मापदण्ड अनुसार जग्गा कट्टा गर्ने वा तोकिएबमोजिम रकम लिनसम्म सक्नेमा हाल साबिक गर्दा नरबढी भएको जग्गा नै कट्टी गर्न मिल्ने देखिँदैन । नरबढी भएको जग्गा कट्टी गरेर मात्र जग्गाधनीलाई जग्गा फिर्ता गर्ने भन्ने आयोजनाको जिकिर न्यायोचित र कानूनसम्मतसमेत देखिएन। यस स्थितिमा साबिक क्षेत्रफलभन्दा नरबढी भई कायम भएको निवेदकको उक्त कि.नं. १८ को क्षेत्रफल १२८.६० वर्गमिटर जग्गाको पूर्वतर्फको जग्गा कटाई अर्कै प्लटतर्फ मिसाई निवेदकको सेफ्टीट्याङ्की रहेको घरकम्पाउन्डभित्रको जग्गा अतिक्रमण गर्ने गरी प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनाले नक्सा निर्माण गरेको कार्य कानूनसम्मत देखिएन । कानूनबमोजिम नरबढी भई कायम भएको निवेदकको जग्गालाई प्रत्यर्थीहरूले बढेको क्षेत्रफल घटाउनु वा घटाउन खोज्नु कानूनविपरीतको कार्य हुन जाने देखिने ।

नरबढीसहितको जग्गामा निवेदकको हक कायम हुने वा आयोजना कसको भन्ने सम्बन्धमा यस्तै प्रकृतिको विवाद समावेश रहेको यसै मनोहरा जग्गा एकीकरण आयोजना, टेकु, काठमाडौंसमेतले जुठे गिरीउपर यस अदालतमा दायर गरेको ०७५-NF-००३४ को निवेदनमा यस अदालतको पूर्ण इजलासबाट कानूनी अख्तियारप्राप्त निकायले नरबढी कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा प्रदान गरिसकेको जग्गाको नरबढी घटाउने तथा जग्गा कट्टा गर्ने निर्णय गर्ने अधिकार काठमाडौं नगर विकास समितिलाई नहुने भन्नेसमेत बेहोराको निर्णय मिति २०७९।१।१५ मा भएको देखिन्छ । उक्त मुद्दासँग प्रस्तुत मुद्दाको विवादको विषयवस्तु र निरूपण हुनुपर्ने प्रश्नसमेत समान प्रकृतिको देखिँदा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित उक्त सिद्धान्तको आधारमा समेत निवेदकको नाउँदर्ताको उक्त कि.नं. १८ मा कायम भएको नरबढीसहितको पूरै क्षेत्रफल १२८.६० वर्गमिटर जग्गामा निवेदकको हक कायम हुने देखिँदा उक्त क्षेत्रफलको समुचा प्लट निजले प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनाबाट फिर्ता पाउने नै देखियो । नरबढी भएको क्षेत्रफल कट्टा गर्न मिल्ने नदेखिने ।

निवेदक सम्झना खतिवडा (अधिकारी) को नाममा दर्ता कायम रहेको उक्त कि.नं. १८ को क्षेत्रफल १२८.६० वर्गमिटर जग्गाको समुचा प्लटमा नै निवेदकको हक रहने र सो प्लट प्रत्यर्थी आयोजनाले जग्गा कटौती गर्न नमिल्ने भएकोले सो जग्गाको पूर्वतर्फको जग्गा कटाई अर्कै प्लटतर्फ मिसाई निवेदकको सेफ्टीट्याङ्की रहेको घरकम्पाउन्डभित्रको जग्गा अतिक्रमण गर्ने गरी नक्सासमेत निर्माण गरी प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनासमेतले निवेदकको कानूनबमोजिम कायम भएको नरबढी जग्गालाई अनधिकृतरूपमा अन्य प्लटमा मिसाउने गरी गरेको निर्णय र सोबमोजिम तयार गरेको नक्सालगायतका सम्पूर्ण कामकारबाहीहरूबाट निवेदकको संविधान तथा कानूनप्रदत्त साम्पत्तिक हक उपभोगमा गैरकानूनी तवरले अतिक्रमण हुन गएको देखियो । यस्तो अवस्थामा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी प्रत्यर्थीहरूको उक्त अनधिकृत एवं गैरकानूनी निर्णय एवं कार्यहरू बदर गरी निवेदकको साम्पत्तिक हक अधिकार न्यायोचित तवरले संरक्षणका लागि प्रत्यर्थीहरूको नाउँमा परमादेशसमेत जारी गर्नुपर्ने देखिने।

रिट निवेदक सम्झना खतिवडा (अधिकारी) को नाममा दर्ता रहेको काठमाडौं जिल्ला, साबिक सिनामंगल गा.वि.स. वडा नं. १(ख), कि.नं. २६८ को क्षेत्रफल रोपनी ०-३-२-० जग्गा नै पछिल्लो पटकको नयाँ नापीमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ (हाल ३२), नक्सा सिट नं. १०२-११४८-२४, कि.नं. १८ को क्षेत्रफल १२८.६० वर्गमिटर कायम भई नापनक्सा भएको देखिएकोले नयाँ नापीबाट नरबढी भएजति जग्गा अन्य प्लटमा मिसाउने गरी भएको प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनासमेतको निर्णय, नक्सालगायतका कामकारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने । निवेदकले प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनालाई उक्त क्षेत्रको जग्गा विकास गरेको सन्दर्भमा ढलबापत गर्नुपर्ने योगदानबाहेक अन्य कुनै किसिमको योगदान नलिई निवेदकको नामदर्ताको उक्त कि.नं.१८ को क्षेत्रफल १२८.६० वर्गमिटर जग्गा नघट्ने गरी पूर्ववत् रूपमा पूरै जग्गा निवेदकलाई फिर्ता दिनु दिलाउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत - डल्लुराम चौधरी र प्रदीपकुमार उपाध्याय

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन २२ गते रोज १ शुभम्।

## ३९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-CI-०१५२, अंश दर्ता, हरिनारायण महतो धानुक वि. विगनीदेवी धानुकसमेत*

शिवशरणका २ छोराहरूमध्ये जेठो लगन र कान्छो गौरी महतोका बिच वा निजहरूका सन्तानका बिच विधिवत् अंशबन्डा भएको देखिँदैन। प्रतिवादीले पहिले नै अंशबन्डा भइसकेको हुँदा अब पुन: अंशबन्डा गर्नुपर्ने अवस्था छैन भनी मिति २०५७/३/२९ मा पारित भएको बन्डापत्रलाई प्रमाणको रूपमा अगाडि सारेको देखिन्छ । तर उल्लिखित बन्डापत्र पारित गर्दा लगन महतो धानुकको छोरा स्व. रामअशिष महतोका श्रीमती र छोराहरू रामरतियादेवी, मुनेसर र सुकेसर महतो समेतलाई अंशियारको रूपमा देखाएको पाइएन। भएका अंशियारलाई नदेखाई/लोप गरी भएको उक्त बन्डापत्र बदर गराउन लक्ष्मीनिया महतो र गौरी महतोले दे.नं. ८२३ को बन्डापत्र लिखत बदर मुद्दा दायर गरेको र उक्त बन्डापत्र कायम राख्ने गरी मिति २०५७/१२/५ मा मिलापत्र भएको देखिन्छ। तथापि, सो बन्डापत्र बदर मुद्दामा पनि निज

अंशियारहरूलाई नदेखाई मिलापत्र भएको देखियो। यसका अतिरिक्त, पुनरावेदक प्रतिवादी हरिनारायण महतो धानुकले प्रतिवादी भगरित महतोसमेतउपर मिति २०६८/६/९ मा दे.नं. ९७६ को अंश मुद्दा दायर गरी सो मुद्दामा पनि मिलापत्र गरेको देखिन्छ। सो मुद्दाको फिरादपत्रमा निज हरिनारायणले पिता लगन महतो र आमा सम्पतियादेवीको तर्फबाट २ छोरा टईट र आफू मात्र भएको कुरा उल्लेख गरेको पाइयो। यसबाट लगन महतोका छोरासमेतका अन्य अंशियारलाई लोप गरी/नदेखाई मुद्दा गर्ने र प्रमाण सिर्जना गर्ने ढंगबाट प्रतिवादी हरिनारायण महतोले कार्य गरेको देखिन्छ। यस प्रकारको व्यवहारलाई मान्यता प्रदान गरी मिलापत्रको प्रक्रियामा संलग्नता नै नरहेका अंशियार (वादी) र प्रतिवादीबिच अंशबन्डा भइसकेको ठहर गर्नु न्यायोचित देखिँदैन। यसका अतिरिक्त, यिनै पक्ष विपक्षहरूबिच चलेको ०७४-CI-०१५३ को मिलापत्र दा.खा. दर्ता बदर मुद्दामा आज फैसला हुँदा वादीको हक पुग्ने हदसम्म विवादित मिलापत्र बदर हुने ठहरी फैसला भएको छ। तसर्थ, प्रतिवादीको जिकिर अनुसार मिलापत्रको परिणामस्वरूप अंशबन्डाको व्यवहार टुङ्गो लागिसकेको रहेछ भनी सम्झन मिल्ने नदेखिने।

अतः तायदाती फाँटवारीमा उल्लेख भएको सम्पत्तिमध्ये कि.नं. ११५ को ज.वि. ०-४-१० जग्गा प्रतिवादी हरिनारायण महतो धानुकको निजी आर्जनको कायम भई बन्डा नलाग्ने र सोबाहेक तायदाती फाँटवारीमा उल्लेख भएका सम्पत्तिबाट २ भागको १ भाग (आधा भाग) सम्पत्तिमध्येबाट ६ खण्डको १ खण्ड स्व. रामअशिष महतो धानुकका पत्नी छोरा वादी रामरतियादेवी, सुकेसर महतो, मुनेश्वर महतो धानुकको नाममा संयुक्त दर्ता हुने र सो ६ भागको १ भाग स्व. दशै महतो धानुकका पत्नी/छोरा वादी विगनीदेवी, रामएकबाल, मनेजर र गम्भीरा महतो धानुकका नाममा संयुक्त दर्ता हुने गरी वादीले अंश पाउने भनी ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२/२/१ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक २८ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-०१५४, अंश दर्ता, हरिनारायण महतो धानुक वि. भागररित महतो धानुक
- ०७४-CI-०१५३, मिलापत्र दा.खा. दर्ता बदर, हरिनारायण महतो धानुक वि. रमरतिया धानुकसमेत
- ०७४-CR-०१९०, जालसाजी, हरिनारायण महतो धानुक वि. रमरतिया धानुकसमेत

## ४०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI-२०९७, फलामको ढोका हटाई बाटो कायमसमेत, कुमार राना मगर वि. सरस्वतीदेवी पन्त*

नापनक्सा मुचुल्कामा देखाएको न.नं. १९ र १६ अर्थात् कि.नं. ५०२ र ५०४ का जग्गा पुनरावेदक प्रतिवादी कुमार राना मगरको पिता कृष्णबहादुर राना मगरले वादी सरस्वतीदेवी पन्तलाई बाटोको निम्ती राजीनामा पारित गरिदिएको जग्गा भएको र कि.नं. ३९४ को पूर्वीभागको ५ फिटे बाटोको जग्गा (न.नं. १७) को ०-२-२-२ जग्गा रहेको पाइयो। सो जग्गाबाट ५ फिट चौडाइको बाटोको जग्गा कित्ताकाट भएमा उक्त कित्तामा बाँकी रहने क्षेत्रफल रो.०-२-२-० भन्दा कम मात्र बाँकी रहने हुँदा कित्ताकाट गर्न नमिल्ने भएकाले राजीनामा पारित गर्न नमिल्ने भई

उक्त कि.नं. ३९४ को पूर्वी भागबाट उत्तर-दक्षिण ५ फिटे बाटो वादी सरस्वतीदेवी पन्तसमेतले बाटोको रूपमा उपभोग गर्न पाउने गरी वादी सरस्वतीदेवी पन्तबाट रू.७५,०००।- बुझिलिई पुनरावेदक प्रतिवादीका पिता कृष्णबहादुर राना मगरले वादीलाई सर्तनामाको कागज गरिदिएको र सो कागजमा प्रतिवादी कुमार राना मगर एकाघरको छोरा भई साक्षीमा बसी मन्जुरी सही गरिदिएको भन्ने तथ्य पनि स्थापित रहेको देखिने।

वादी सरस्वतीदेवी पन्तलाई निजको नाम दर्ताको कि.नं. ५४४ र ५४५ (हालको कि.नं. ६६१ र ५०९) को जग्गामा आउन-जानका लागि प्रतिवादीका पिता कृष्णबहादुर राना मगरले बाटोको निम्ति कि.नं. ५०२ को क्षेत्रफल रो. ०-०-१-३ र कि.नं. ५०४ को क्षेत्रफल रो. ०-०-२-१ जग्गा मिति २०५३/९/२३ मा लिखत गरिदिएकोसमेत देखिएको छ। कि.नं. ३९४ को क्षेत्रफल रो. ०-२-२-२ जग्गाबाट कित्ताकाट गर्न नमिल्ने भई राजीनामा पारित गर्न नमिलेकोले उक्त कित्ताको पूर्वतर्फबाट उत्तर-दक्षिण हुनेगरी ५ फिटे बाटो प्रयोग गरेबापत प्रतिवादीका पिता कृष्णबहादुर राना मगरले उक्त जग्गाको मूल्यबापत रू.७५,०००।- लिई मिति २०५३/९/२३ मा बाटोको सर्तनामाको कागज गरिदिएको पाइयो । सर्तनामाको कागजमा उल्लिखित बेहोरा हेर्दा प्राविधिक कारणबाट उक्त ५ फिटे बाटो कित्ताकाट गरी राजीनामा पारित गरिदिन नमिलेकोले प्रतिवादीका पिता कृष्णबहादुर राना मगरले एकाघरको छोरा पुनरावेदक प्रतिवादी कुमार राना मगरलाई साक्षी राखी वादीलाई सर्तनामाको कागज गरिदिएको बेहोरा उक्त कागजबाट देखिन्छ। उक्त सर्तनामाको कागजअनुसार वादीले भोगचलन गरेको उक्त ५ फिटे बाटोमा प्रतिवादीले खिचोला वा अवरोध सिर्जना गर्न पाउने देखिँदैन । सर्तनामाको कागजमा आफैँ साक्षी बसी मन्जुरी दिएको तथ्यमा पुनरावेदक प्रतिवादी कुमार राना मगर विबन्धित हुने अवस्थासमेत रहेको छ। मिति २०५३/९/२३ मा भएको सर्तनामा कागजको कारणीको रूपमा कृष्णबहादुर राना मगरले गरेको ल्याप्चेछाप र साक्षीको रूपमा प्रतिवादी कुमार राना मगरले गरेको सही नमुनाको रूपमा पठाइएका ल्याप्चेछाप र सहीसँग मिले भिडेको देखिन्छ भनी लिखत परीक्षण गर्ने विशेषज्ञको राय रहेको छ। सो रायलाई समर्थन गर्दै निजले यस अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको पाइयो । उक्त कागजबाट विवादित बाटोमा वादीको भोगाधिकार सिर्जना भएको तथ्य प्रमाणित भएको पाइयो। तसर्थ, कि.नं. ३९४ जग्गाको पूर्वतर्फबाट ५ फिटे बाटो दिने भनी गरिएको सर्तनामाको कागजबाट प्रतिवादीउपर सिर्जित दायित्व पालना गर्दिन भन्न निजले पाउने नदेखिने।

अतः मिति २०६९/५/२० मा भएको नापनक्सा मुचुल्कामा खुलाइएको न.नं. १, १क, २२, १६, १७ समेतका जग्गा बाटो आकृतिको रहेको कुरा प्रस्टरूपले देखिएको, सो मार्ग लामो समयदेखि बाटोको रूपमा प्रयोग हुँदैआएको तथ्य प्रमाणबाट समर्थित रहेको, कि.नं. ३९४ को जग्गा कमाउने मोही कुमार राना मगरले मिति २०५३/९/२३ को सर्तनामा लिखतबाट नै वादीले प्रयोग गर्ने बाटोको लागि मन्जुरी दिएको देखिएबाट उक्त कि.नं. ३९४ को पूर्वतर्फबाट उत्तर-दक्षिण ५ फिटे बाटो अर्थात् न.नं.१७ मा प्रत्यर्थी वादीले बाटोको रूपमा प्रयोग गर्न पाउने देखियो । पुनरावेदक प्रतिवादीले बाटो बन्द गर्ने उद्देश्यले सोमा आफूखुसी फलामको ढोका (न.नं. २२) लगाई एकलौटी रूपमा प्रयोग गरेको कार्य खिचोलाजन्य कार्य हो भन्ने देखिन आयो । उक्त फलामको ढोका (गेट) हटाइदिने र सो ५ फिटे बाटोमा प्रत्यर्थी वादीको समेत हक कायम हुने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर

हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७१/११/१५ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन २९ गते रोज १ शुभम् ।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-०३०८, जबरजस्ती करणी, नेपाल सरकार वि. मिलन राई*

काठमाडौं स्थित वीर अस्पतालमा कार्यरत सुरक्षा गार्ड प्रतिवादी मिलन राईले सो अस्पताल स्थित सुरक्षा गार्डको कपडा फेर्ने कोठामा बोलाई मिति २०७१/३/२८ गते दिउँसो १३:०० बजेको समयमा ढोका थुनी जबरजस्ती करणी गर्न खोज्दा मैले गुहार मागी चिच्याउँदा प्रतिवादीले मुख थुनी गालामा हिर्काई जबरजस्ती किसिमले विनामन्जुरी एक पटक करणी गरेको, तत्पश्चात् ढोका खोली बाहिर निस्की हल्ला गरेकोले प्रतिवादीले गालामा कुटपिट गरेको र मलाई आरोप नलगा भनेकाले अन्यायमा परी जाहेरी दिएको भन्ने जाहेरवाली नाम परिवर्तन काठमाडौं जिल्ला २६ वृत्त जनसेवा २ को जाहेरी दरखास्त रहेको देखिन्छ । श्रीमान्‌को दुईटै किड्नी फेल भई वीर अस्पतालमा उपचार हुँदाका बखत प्रतिवादीसँग चिनजान भएको भन्ने जाहेरीवालीको भनाइ रहेको छ । सामान्य चिनजानको मानिसले बोलाउँदैमा निजको कोठामा जाहेरीवाली जानुपर्नेसम्मको कारण के पर्‍यो भन्ने जाहेरीमा खुलेको पाइएन । सामान्य चिनजानकै आधारमा कसैले बोलाउँदैमा महिला मानिस अरूको कोठाभित्र गएको कुरा स्वाभाविक देखिँदैन । प्रतिवादीले जबरजस्ती करणी गर्न खोज्दा आफूले चिच्याएको र चिच्याउँदा प्रतिवादीले मुख थुनेको र करणी भइसकेपछि आफैँले ढोका खोली बाहिर निस्की हल्ला गरेको र हल्ला गर्दा प्रतिवादीले कुटपिट गरेको भन्ने जाहेरीवालीको भनाइ रहेको भए पनि वीर अस्पतालजस्तो मानिसहरूको भिडभाड हुने स्थानमा दिउँसो १३:०० बजेको समयमा अनायास एउटी वयस्क महिलालाई कोठाभित्र लगेर करणी गरेको र सो कुरा अरू कोही कसैले केही थाहा जानकारी पाउन नसकेको कुरा आफैँमा विश्वासलायक देखिँदैन । बन्द कोठाभित्र जबरजस्ती करणीको वारदात भएको भनिएकोले प्रत्यक्ष देख्ने मानिसको अभाव हुन सक्ने मानिएको अवस्थामा पनि जबरजस्ती करणीमा परेको महिलाले कोठाबाट वाहिर आइसकेपछि हारगुहार माग्नु वा हल्लाखल्ला गर्नु स्वाभाविक बन्दछ । त्यस प्रकारको अवस्था पनि देखिँदैन । बुझिएका मानिसहरू सो घटना वा वारदात भएको देख्ने वा प्रत्यक्षरूपले थाहा पाउने साक्षी हुन भन्ने पनि देखिँदैन । घटना वारदात हुँदाको बखत तत्कालअघि वा पछि सो कुरा थाहा पाउने मानिस अस्पतालमा थिएनन् भनी मान्न सकिने अवस्था पनि नदेखिने ।

पीडित जाहेरवालीको योनिमा करणीको कुनै चिह्न देखिएको छैन । कन्याजाली पुरानो च्यातिएको भन्ने निजको स्वास्थ्य जाँच परीक्षण रिपोर्टमा उल्लेख भएको देखिन्छ । प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि जबरजस्तीको करणी गरेको भन्ने तथ्य समर्थित हुने कुनै तथ्य खुल्न आएको पाइएन । प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतमा बयान गर्दा कसुर नगरेको भनी निर्दोषिताको जिकिर लिएको देखिन्छ । प्रतिवादी विवाहित व्यक्ति भएको र निजकी पत्नी वीर अस्पताल परिसरछेउमा नै कारोबार गरी बसेको भन्ने तथ्य पनि खुल्न आएको छ । अन्य कुनै प्रमाणबाट अभियोगदाबी समर्थित हुन आएको नदेखिएको हुँदा केवल जाहेरवालीको संदेहास्पद र अपत्यारिलो भनाइको आधारमा कसुर

ठहर गर्नु मनासिब हुँदैन । भरपर्दो र विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले दाबी प्रमाणित गर्न नसकेको ।

प्रतिवादीउपरको कसुर शंकारहित तवरले प्रमाणित हुन आएको नपाइँदा प्रतिवादी मिलन राईलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको उच्च अदालत पाटनको मिति २०७३/१०/१७ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम् ।

**४२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-०७८८, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. नाम परिवर्तित C को नाति D को छोरा A*

प्रत्यक्षदर्शी भनी उल्लेख भएको मुना सुनारले अदालतमा बकपत्र गर्दा प्रतिवादीले पीडितलाई छातीमा समाएको भन्ने बेहोरा गलत हो, प्रतिवादीले पीडितलाई पिटेको र पिटने क्रममा खाटमा लडेको भन्नेसम्मको कुरा साँचो हो भनी उल्लेख गरेको देखिन्छ । मुना सुनारको अदालतसमक्ष भएको बकपत्रले पीडितको अदालतसमक्षको बयानलाई समर्थन गरिदिएको देखिन्छ । प्रतिवादीले अदालतमा गरेको बयानमा छोरी धारामा भाँडा माझिरहेको देखी छोरी तिमी स्कुल जाउ, भाँडा म माझ्छु भनेर भन्दा छोरीले म स्कुल जाउँ कि नजाउँ तँलाई के मतलब भनेर जवाफ फर्काएकोले मैले एक थप्पड हानेको हुँ, त्यसपछि छोरीले मलाई गाली गर्दै बकैनाको लाठीले हानेकी हुन् । मैले रक्सी खाएको थिइनँ, हामी बाबु छोरीले झगडा गरेको देखेपछि गाउँलेहरू आएका हुन्, म घरको कोठाभित्र गएको छैन, मैले छोरीलाई संवेदनशील अङ्गमा समातेको र जबरजस्ती करणी गरेको भन्ने बेहोरा झुट्ठा हो, मैले छोरीलाई जबरजस्ती करणी गर्न खोजेको होइन, छोरीलाई स्कुल जा भनेर पिटेकोसम्म हो, अभियोग दाबीबमोजिम कसुर नगरेकोले सजाय हुनुपर्ने होइन भनी मौकाको साबिती बयानलाई इन्कार गरेको पाइयो । प्रतिवादीले मादक पदार्थ सेवन गरेको भन्ने कुरा निजको स्वास्थ्य जाँच परीक्षण प्रतिवेदनबाट देखिँदैन । जाँच भई आएको भौतिक प्रमाणहरूबाट जबरजस्ती गरेको देखिने कुनै सङ्केत गर्न सकेको पाइँदैन । जाहेरवालीले पीडितको भनाइलाई आधार बनाई जाहेरी दिएको देखिन्छ । यसरी पीडितले मौकामा गरेको कागजमा खुलाइदिएको कुरा र जाहेरवालीको जाहेरी दरखास्त सङ्कलित प्रमाणहरूबाट समर्थन भएको नपाइँदा मौकामा भएको पीडितको कागज र जाहेरवालीको जाहेरी दरखास्तलाई प्रमाणयोग्य रहेको भनी मान्न मिल्ने देखिँदैन । पीडितउपर प्रतिवादीले अभद्र र अमानवीय तवरबाट व्यवहार गरेको देखिए तापनि निजको सो कार्य जबरजस्ती करणी गर्ने अभिप्रायले गरेको हो भनी मान्न सकिनेसम्मको अवस्था देखिँदैन । प्रतिवादीउपरको आरोपित कसुर शंकारहित तवरले स्थापित भएको नपाइएको हुँदा वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसक्ने ।

प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको उच्च अदालत पाटन हेटौंडा इजलासको मिति २०७४/१२/६ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम् ।

**४३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७६-CR-०४६६, जबरजस्ती चोरी, तेजबहादुर थापा वि. नेपाल सरकार*

सुरू फैसलाउपर प्रतिवादी तेजबहादुर थापाले गरेको पुनरावेदन खारेज हुने भनी उच्च अदालतबाट फैसला भएको देखियो। सो सन्दर्भमा हेर्दा निज प्रतिवादी तेजबहादुर थापाका नामको तनहुँ जिल्ला अदालतको फैसलाउपर पुनरावेदन गर्न पाउने म्याद मुलुकी ऐन, अ.बं. ११० नं. विपरीत बेपत्ते रूपमा तामेल गरिएको देखिन्छ। त्यस प्रकारको म्याद बेरितको भएको भनी रजिस्ट्रारले पुनरावेदन दर्ता हुने भनी गरेको आदेशलाई कानूनप्रतिकूल मान्न मिल्ने अवस्था देखिँदैन। अदालतका कुन तहका कुन पदाधिकारीबाट निर्णय वा आदेश भयो भनी सेवाग्राहीले निक्र्योल गर्ने विषय पनि हुँदैन। अदालतका सक्षम अधिकारीबाट पहिले जारी भएको म्याद बदर गरी पुनरावेदन दर्ता गर्ने आदेश भएपश्चात् दर्ता भई कारबाही प्रक्रियामा रहेको विषयमा पछि आएर पुनरावेदनउपरको सुनुवाइ नै नगरी इजलासबाट म्याद बदर गरिनुपर्ने भन्ने नितान्त प्राविधिक र अनुचित तर्क अगाडि सारेर मुद्दा खारेज गर्नु मनासिब नहुने।

उच्च अदालतबाट पुनरावेदनको तथ्यमा प्रवेश नगरी खारेज हुने भनी फैसला गरिएको भए पनि न्याय प्रशासन ऐन, २०७३ को दफा १४बमोजिम यस अदालतबाट मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न मिल्ने नै देखिन्छ। यसरी हेर्दा सुरू अदालतबाट भएको फैसलाउपर प्रतिवादीमध्येको आकाश खड्का र दुर्गा खड्काको पुनरावेदन परेको भन्ने देखिँदैन। प्रतिवादी तेजबहादुर थापाको पुनरावेदन जिकिरको सन्दर्भमा विचार गर्दा, मिति २०५७/९/२४ गते तनहुँ बन्दीपुर गा.वि.स. वडा नं. १ डुम्रे बजार स्थित बसपार्कमा प्रतिवादीहरू आकाश खड्का, तेजबहादुर थापा र दुर्गा खड्कासमेतका तीन जनाले जाहेरवाला नारायणदत्त भेटवाललाई धारिलो हतियार चक्कु देखाई डर धाक धम्की दिई निजको कोटको खल्ती काटी विभिन्न दरका गरी जम्मा रू.५८,०१०।– चोरीको ४ नं. मा उल्लिखित रीतसँग जबरजस्ती चोरी गरेकोले प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको १४(२) नं. अनुसार सजायको माग दाबी लिई अभियोगपत्र दायर भएको पाइयो। प्रतिवादीउपर किटान गरी जाहेरी परेको र जाहेरवालाले प्रतिवादीहरूउपर किटान गरी बकपत्रसमेत गरेको देखिन्छ। प्रतिवादीहरू पक्राउ भएपछि चोरी गर्ने यिनै प्रतिवादीहरू हुन् भनी जाहेरवालाले मानिसको सनाखतसमेत गरेको देखिन्छ। चोरीको रकममध्ये प्रतिवादीहरूबाट रू.२०,०११।– बरामद भएकोसमेत देखियो। तीनै जना प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जबरजस्ती चोरीको रोहरीतबाट जाहेरवालाको रकम चोरी गरेको सिलसिलेवार विवरण खुलाई बयान गरेको देखिन्छ। निजहरूको उक्त बयान इच्छाविपरीत करकाप, डरधाकमा पारी गराइएको थियो भनी देखिने कुनै मनासिब तथ्य प्रस्तुत हुन आएको देखिँदैन। यस अवस्थामा प्रतिवादीहरूले अदालतसमक्ष गरेको कोरा इन्कारी बयानकै आधारमा प्र. तेजबहादुर थापालाई निर्दोष मान्न मिल्ने देखिँदैन। निज प्रतिवादी तेजबहादुर थापासमेतले जाहेरवालाको रकम जबरजस्तीको रोहरीतसँग चोरी गरी लगेको भन्ने कसुर शंकारहित तवरबाट प्रमाणित हुन आएको देखिने।

सुरू अदालतले प्रतिवादीहरूउपरको अभियोग दाबी ठहर गर्दा निजहरूलाई तत्काल प्रचलित मुलुकी ऐन, चोरीको महलको १४(२) नं.बमोजिम जरिवानाबापत कैद हुने भनी ठहर गरेको पाइयो। हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ मा जरिवानाबापत कैदमा नै बस्नुपर्ने भन्ने साबिक कानूनमा रहेसरहको प्रावधान रहेको देखिँदैन। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४

को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने व्यवस्था रहेको छ। मुलुकी ऐन, चोरीका महलको १४(२) नं. मा समावेश रहेको जरिवानाबापत कैदमा नै बस्नुपर्ने व्यवस्था हाल कायम नरहेको हुँदा प्रतिवादीहरूलाई जरिवानाबापत कैद नहुने भई जरिवाना रकम नै कानूनबमोजिम असुल गर्नुपर्ने देखिन्छ। जरिवाना रकम असुल हुन नसकेको अवस्थामा मात्र कानूनबमोजिम कैदमा राख्न सकिने हुन्छ । तसर्थ, प्रतिवादी तेजबहादुर थापालगायत सबै प्रतिवादीहरूबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ समेतको आधारमा जरिवानाबापत कैद हुने गरी भएको फैसला कार्यान्वयन नगरी जरिवाना रकम नै असुल गर्नुपर्ने ठहर्छ । जरिवाना रकम असुल हुन नसकेमा मात्र कानूनबमोजिम कैदमा राख्न सकिने।

प्रतिवादी तेजबहादुर थापाले आरोपित कसुर गरेको कुरा शंकारहित तवरबाट प्रमाणित भएको हुँदा निजलाई तत्काल प्रचलित मुलुकी ऐन, चोरीका महलको १४(२) नं. बमोजिम एक महिना पन्ध्र दिन कैद र बिगो रू. ५८,०१०।– को डेढी बढाउँदा हुने रू.८७,०१५।– जरिवाना हुने तथा बरामद भएको रकमबाट जाहेरवालाको नपुग बिगो प्रतिवादीहरूबाट दामासाहीले भराइदिने ठहर गरेको सुरू तनहुँ जिल्ला अदालतको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम्।

## इजलास नं. १०

### ४४

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा** *०७५-CI-०९६७, निषेधाज्ञा, लोकेन्द्र यादवसमेत वि. उषा झा*

प्रस्तुत निषेधाज्ञा मुद्दाको रोहमा नापनक्सा गरी आदेश गर्नुपर्नेमा नाप नक्सा नै नगरी भएको आदेश त्रुटिपूर्ण छ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ । पुनरावेदकले लिएको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा, निवेदकले आफ्नो कि.नं. ७५० को जग्गामा चारैतिरबाट पर्खाल लगाई घर बसोबास गरी आएकोमा दक्षिण साँधमा जग्गा रहेको विपक्षी सत्यनारायण यादवले निवेदक उषा झाउपर दिएको CP-१६१८ को जग्गा खिचोला मुद्दा सप्तरी जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरी मिति २०७३।४।१९ मा भएको फैसलाउपर परेको ०७३-DP-३३६ को पुनरावेदन उच्च अदालतबाट सदर हुने ठहरी २०७५।७।१३ मा फैसला भएको देखिन्छ । सोही मुद्दामा विवाद जनिएको पर्खाल जग्गाको सम्बन्धमा प्रस्तुत निषेधाज्ञाको निवदेन पर्न आएको र उक्त मुद्दामा भइआएको नक्साको आधारमा सो प्रत्यर्थी निवेदकको जग्गामा हस्तक्षेप नगर्न भनी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट आदेश भएको देखियो । CP-१६१८ को मुद्दामा दाबी नपुग्ने ठहर भएपछि प्रत्यर्थी निवेदकले यी पुनरावेदकको बाँकी रहेको जग्गासमेत भित्र पारी नयाँ पर्खाल लगाएको भन्ने सम्बन्धमा पनि सप्तरी जिल्ला अदालतमा अर्को CP-३०५ को खिचोला मुद्दा दायर भई विचाराधीन रहेको भन्ने पुनरावेदकको पुनरावेदन पत्र बेहोरासमेत रहेको छ । निजको जग्गा खिचोला भए नभएको सम्बन्धमा सोही मुद्दाबाट नक्सासमेतको

प्रमाण मूल्याङ्कन गरी निर्णय हुने विषय हो। निजले सोही मुद्दाबाट आफ्नो कानूनी उपचार प्राप्त गर्न सक्ने।

प्रत्यर्थी निवेदकले जग्गा खिचोला गरी पर्खाल निर्माण गरेको दाबी पुनरावेदकले गरेको र सो सम्बन्धमा प्रत्यर्थीउपर जिल्ला अदालतमा खिचोला मुद्दा गरेको र पहिला दायर गरेको CP-१६१८ को खिचोला मुद्दामा वादी दाबी नपुग्ने भई फैसला अन्तिम भएको र पुनरावेदकले दिएको अर्को CP-३०५ को खिचोला मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको अवस्थामा उक्त मुद्दाको रोहमा नै पुन: नापनक्सा गर्नुपर्ने हो, होइन ? भन्ने विषय निरूपण हुने नै हुँदा प्रस्तुत मुद्दाको रोहमा नापनक्सा गर्नुपर्ने स्थिति नदेखिएको हुँदा नापनक्साविना भएको आदेश त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन एवं बहस जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदकले यिनै प्रत्यर्थीउपर सप्तरी जिल्ला अदालतमा दिएको CP-१६१८ को मुद्दामा दाबी नपुग्ने ठहरी जिल्ला अदालतको फैसला उच्च अदालतबाट सदर भइसकेको र पुनरावेदकले यिनै प्रत्यर्थीउपर सप्तरी जिल्ला अदालतमा दिएको अर्को CP-३०५ को जग्गा खिचोलासमेत मुद्दाबाट ठहरेबमोजिम हुने नै हुँदा पुनरावेदक सत्यनारायण यादवले प्रत्यर्थीउपर दिएको जग्गा खिचोलासमेत मुद्दामा मिति २०७३।२।७ मा भइआएको नक्सामा विवाद जनिएको न.नं. २ मा रहेको पर्खाल अनधिकृतरूपमा नभत्काउनु, जग्गामा प्रवेश नगर्नु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने गरी उच्च अदालत, जनकपुर राजविराज इजलासबाट मिति २०७५।७।१३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

इति संवत् २०७९ साल चैत्र ८ गते रोज ४ शुभम्।

## ४५

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WO-०३४५, उत्प्रेषण / परमादेशसमेत, धर्मेन्द्रप्रसाद धमला वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक धर्मेन्द्रप्रसाद धमलालाई सरूवा गर्ने श्रम मन्त्रालयको मिति २०७९।४।१० मा निर्णय भई सोही मितिमा पत्राचार भएको देखिन्छ। सो निर्णयउपर निवेदकले निजामती सेवा नियमावलीको नियम ३६ बमोजिम सरूवा बदरको निमित्त प्रशासकीय अदालतमा निवेदन दिएको देखिँदैन भने सो सरूवा निर्णय अख्तियारी प्राप्त निकायबाट निजामती सेवा ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी गरिएको देखियो । उक्त मिति २०७९।४।८ को सरूवा निर्णयलाई कानूनविपरीतको निर्णय देखिने कुनै प्रमाण निवेदकबाट पेस हुन सकेको पनि देखिएन। साथै सो कार्यालयको कार्यकारी निर्देशक पदमा प्रत्यर्थी घर्मराज रोकाया पदस्थापन भई सो पदको कार्यभारसमेत वहन गरेको देखिने।

निजामती कर्मचारीलाई प्रचलित कानूनविपरीत सरूवा गरिएमा निजामती सेवा नियमावली, २०५० को नियम ३६ मा व्यवस्था भएबमोजिम सरूवा निर्णय बदर गरिपाउन नियम ३६को उपनियम (१४)(क) बमोजिम तोकिएको निकायमा निवेदन दिनुपर्ने कानूनी उपचार भएकोमा सो कानूनी उपचारको मार्ग अवलम्बन नगरी निवेदक सोझै अदालतमा प्रवेश गरेको देखियो । यसैगरी कर्मचारीको सरूवा तथा काजका सम्बन्धमा यस अदालतबाट रिट निवेदक राजेन्द्रप्रसाद साह र प्रत्यर्थी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत भएको ०७९-WO-०१८९ को उत्प्रेषण मुद्दामा नयाँ संविधान जारी भएसँगै कानूनमा परिवर्तन

भई साधारण अधिकार क्षेत्रको विस्तार भएको छ। सुरूका दिनहरूमा रिट क्षेत्राधिकारको प्रयोग गरी सर्वोच्च अदालतमा सोझै आउने बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको मुद्दाहरू श्रम अदालतमा, गठन आदेशअन्तर्गत बनेका समितिका कर्मचारी, निजामतीदेखि स्थानीय तहका कर्मचारीसम्बन्धी मुद्दाहरू प्रशासकीय अदालतले हेर्ने गरी अधिकार क्षेत्रको निर्धारण गरी कानूनमा परिवर्तन भएको छ । यो कुरालाई अनदेखा गरी सरूवाको विषयमा स्पष्ट रूपमा प्रशासकीय अदालतलाई पुनरावेदकीय क्षेत्राधिकार प्रदान गरेको अवस्था देखिँदादेखिँदै सोभन्दा कम गम्भीर प्रकृतिका काजमा खटाउने वा कामकाजमा खटाउने कुराहरूलाई असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गर्न पाउने गरी व्याख्या गरी रिट क्षेत्राधिकारको प्रयोग गर्नु र उपचारको सहज व्यवस्था विद्यमान हुँदाहुँदै न्यायको याचकलाई कार्यबोझको चपेटामा रहेको यस अदालतको असाधारण अधिकारक्षेत्रमा सोझै प्रवेश गराउनु न्यायमा सहज पहुँचको दृष्टिबाट समेत उचित हुने देखिँदैन । निवेदक यस अदालतमा प्रवेश गर्नुपूर्व प्रशासकीय अदालतमा पुनरावेदन लिएर गएको र सो अदालतले पुनरावेदन लाग्दैन भनी दरपिठ गरेको अवस्थासमेत नहुँदा अहिले नै सो प्रत्यर्थीहरूका नाममा कुनै आदेश जारी गर्नुपर्ने अवस्था नभई यस अदालतले क्षेत्राधिकारको सम्बन्धमा गरेको व्याख्याबारे जानकारी दिनुसम्म पर्याप्त हुने देखियो भनी यस अदालतबाट ०७९-WO-०१८९ को उत्प्रेषण मुद्दामा मिति २०७९।७।१४ मा फैसला भइसकेको देखिन्छ । प्रस्तुत मुद्दामा आफूलाई मर्का पर्ने गरी कानूनका प्रावधानहरूलाई अनदेखा गरी सरूवा गरिको भनी सरूवा निर्णयउपर यी रिट निवेदकले प्रशासकीय अदालतमा पुनरावेदन गरेको पनि नदेखिने।

निवेदकलाई पायक नपर्ने गरी मिति २०७९।४।८ मा सरूवा निर्णय भएको भनी निवेदन दाबी लिएको भए तापनि निवेदक धर्मेन्द्रप्रसाद धमलाको हकमा सो सरूवा निर्णय कार्यान्वयन नगर्ने गरी मिति २०७९।५।२० मा पुनः अर्को निर्णय भइसकेको निवेदकन साथ पेस भएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६६ मिति २०७९।५।२० को निर्णय कार्यान्वयन नगरिएको विषयको पत्रबाट देखिन्छ । सो मिति २०७९।५।२० को पत्रमा यी निवेदकलाई साबिकको मन्त्रालयअन्तर्गत रहने गरी यथावत गरिएको बेहोरासम्म उल्लेख भएको देखिन्छ भने सो पत्रमा निज निवेदकलाई साबिकको कार्यकारी निर्देशक पदमा रहने गरी यथावत कायम गरिएको भन्ने बेहोरा रहेको देखिँदैन। यसका साथै सो प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा प्रत्यर्थी घर्मराज रोकाया सरूवा पदस्थापना भई निजले सो कार्यकारी निर्देशक पदमा हाजिर भई कामकाज गरी आएको देखिने।

रिट निवेदक धर्मेन्द्रप्रसाद धमलालाई प्रचलित निजामती सेवा ऐनमा रहेको प्रावधानविपरीत सरूवा गरिएको भनी सरूवा निर्णयउपर पुनरावेदन गर्न कानूनले तोकिएको निकाय प्रशासकीय अदालतमा निवेदकले उजुरी नगरेको तथा व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान, इटहरी, सुनसरीको कार्यकारी निर्देशक पदमा प्रत्यर्थी धर्मराज रोकाया हाजिर भई कामकाज गरिआएको अवस्थामा निवेदकलाई सरूवा गर्ने निर्णयलाई कानूनविपरीतको कार्य मानी निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मुकुन्द निरौला

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल फागुन २१ गते रोज १ शुभम्।

## ४६

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०८०-WH-००५५, बन्दीप्रत्यक्षीकरण, निरूपा श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत*

रिट निवेदकले आफू हाल भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नं. ५ मा बसी आएको भनी रिट निवेदनमा आफ्नो वतन खुलाएको देखिन्छ । उक्त उल्लिखित बैंकिङ कसुर मुद्दा सम्बन्धमा जाहेरवालाले जाहेरी दिँदा प्रतिवादीको ठेगाना भक्तपुर सल्लाघारी भनी उल्लेख भएकोमा अभियोगपत्रमा सो ठेगाना उल्लेख नगरी शंखमुल उल्लेख गरेको देखियो । यी निवेदक प्रतिवादीले आफ्नो खाता रहेको वैंकमा भरेको KYC फारामको ठेगानामा शंखमुल घर नं. ०५ भन्ने उल्लेख भएको आधारमा सो ठेगाना देखाई अभियोग दायर भएको रहेछ । तर उक्त KYC फाराम ११-१२ वर्षअगाडि भरेको र अस्थायी ठेगाना वर्षौंको अन्तरालमा परिवर्तन हुन स्वाभाविक नै पनि हुन्छ । त्यसमा पनि स्वयम् जाहेरवालाले नै भक्तपुरको ठेगाना उल्लेख गरेको अवस्थामा अन्यत्र वतनमा म्याद जारी गरेकोसमेत मिलेको देखिएन । साथै रिट निवेदनसाथ पेस गरेको सूर्यविनायक नगरपालिका, भक्तपुरको मिति २०७४।१२।२० मा व्यवसाय दर्ता प्रमाणपत्र हेर्दा निज निरूपा श्रेष्ठले सूर्यविनायक नगरपालिका वडा नं. ५ भक्तपुरको ठेगानामा रिभोल्भिङ किचेनवेयर व्यवसाय दर्ता गरेको बेहोरा प्रमाणित भएको देखिने ।

बैंकिङ कसुर मुद्दाका प्रतिवादी निरूपा श्रेष्ठउपर सो मुद्दाको अभियोग दायर हुँदा निज प्रतिवादी लमजुङ जिल्ला, साबिक तार्कुघाट गा.वि.स. वडा नं. ९ को परिवर्तित राइनास न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ मा बसोबास गरेको कारण निजको नामको म्याद बेपत्ते तामेल भएको र मिति २०७९।१२।६ र २०७९।१२।२० मा गोरखापत्रमा म्याद सूचना प्रकाशित गर्दा पनि निजको वतन लमजुङ जिल्ला, तार्कुघाट न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१, शंखमुल बस्ने उल्लेख भएकोले सो म्यादलाई प्रतिवादीका नाममा रीतपूर्वक जारी भएको भन्न नमिल्ने ।

मुद्दामा प्रतिवादीका नाममा समाह्वान वा इतलायनामाको म्याद जारी गर्नुको उद्देश्य केवल मुद्दाको अङ्ग पुऱ्याई औपचारिकता पूरा गर्ने मात्र नभई निजका विरूद्ध लागेको अभियोगको सम्बन्धमा प्रतिवादीलाई जानकारी दिनुको साथै आफू विरूद्धको आरोपमा प्रतिवाद गरी आफ्नो प्रमाण पेस गर्ने उचित मौका प्रदान गर्नु पनि हो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(२) तथा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ को आशय पनि आफू विरूद्ध लागेको अभियोगका सम्बन्धमा प्रतिवादीले सुनुवाइको उचित मौका पाउनुपर्ने भन्ने रहेको देखिन्छ । उपर्युक्त विवेचित आधारमा उक्त बैंकिङ कसुर मुद्दामा प्रतिवादीले आफ्नो नाममा जारी भएको म्याद सूचना पाएको भन्न सक्ने अवस्था नदेखिएकोले प्रतिवादीलाई उपर्युक्त सुनुवाइको मौका दिएको भन्ने नदेखिने ।

प्रतिवादीको बसोबास नै नरहेको ठेगानामा म्याद तामेल भएको कारण यी निवेदकले निजका नामको म्याद प्राप्त गरी प्रतिवाद गर्न नपाएको देखिँदा बेपत्ते तामेल भएको म्याद तथा उच्च अदालत पाटनबाट निज निवेदकका नाममा मिति २०७९।१२।६ र २०७९।१२।२० को गोरखापत्रमा प्रकाशित भएको म्याद सूचनासमेत रीतपूर्वक तामेल भएको भन्न मिलेन । त्यस्तो बेरितको म्याद तामेलीका आधारमा भएको उच्च अदालत पाटनको

मिति २०७९।१।२९ को फैसलासमेत कायम रहन नसक्ने हुँदा उल्लिखित निवेदकका नाममा जारी भएको म्याद, सूचना तथा फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब निज निवेदकलाई उक्त बैंकिङ कसुर मुद्दामा बयान गराउनका लागि कारागार कार्यालयबाट उच्च अदालत पाटन वाणिज्य इजलासमा उपस्थित गराई बयानलगायतका कानूनबमोजिमको प्रक्रिया पूरा गर्नु भन्ने परमादेशको आदेशसमेत जारी हुने।

निवेदकका विरूद्धमा चलेको बैंकिङ कसुर मुद्दाको तामेली म्याद तथा फैसलासमेत उत्प्रेषणको आदेशबाट बदर भए तापनि निवेदक अधिकारप्राप्त निकाय उच्च अदालत पाटनको वाणिज्य इजलासबाट भएको तत्काल कायम रहेको फैसला कार्यान्वयनको क्रममा थुनामा रहेको हुँदा निज गैरकानूनी रूपमा थुनामा रहेको भन्न मिलेन । निजउपरको बैंकिङ कसुरको मुद्दामा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी भई म्याद सूचना जारी गर्नेसमेतको मुद्दाको प्रक्रिया पुनः पूरा गर्न आदेश भएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : समी नेपाली

इति संवत् २०८० साल भदौ १३ गते रोज ४ शुभम्।

## ४७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CR-०११८, वैदेशिक रोजगार, नेपाल सरकार वि. विकास गुरूङसमेत*

विदेश जानका लागि रकम दिएका जाहेरवालाहरूले रकम दिएपछि केही जाहेरवालाहरूले भरपाई लिएको, केहीले प्रहरी वृत्त, महाराजगन्जमा उजुरी गरी प्रतिवादीहरूलाई महाराजगन्ज वृत्तमा ल्याई संयुक्त दस्तखत गराएको भन्ने कुरा यस मुद्दाका जाहेरवालाहरूको बकपत्र तथा लगाउका स.फौ.नं. १।३६ को फुर्वा लामासमेत जाहेरवाला भई चलेको वैदेशिक रोजगार कसुर मुद्दामा मिसिल कागजातहरूबाट समेत देखिन्छ । सो मुद्दाबाट रसिद भरपाई अनुसारको रकम कतिपय जाहेरवालाले प्रहरी वृत्तमा समेत प्रतिवादीहरूबाट बुझेको देखिन्छ । प्रस्तुत मुद्दामा जाहेरी दिने सबै जाहेरवालाहरूले न्यायाधिकरणमा उपस्थित भई जाहेरी बेहोरा पुष्टि गरी बकपत्र गरेको देखिँदैन। केही जाहेरवाला उपस्थित भएको देखिन्छ। वादी पक्षको साक्षी र प्रमाणको रूपमा रहेका जाहेरवालालाई न्यायाधिकरणमा उपस्थित गराई जाहेरी तथा अभियोग दाबी समर्थन हुने गरी बकपत्र गराएको देखिँदैन । जाहेरवालाहरूले न्यायाधिकरणसमक्ष गरेको बकपत्र जाहेरी बेहोराभन्दा पृथक् रहेको देखिन्छ । वैदेशिक रोजगारमा जानको लागि जाहेरवालाहरूले रकम बुझाएको रसिदमा प्रतिवादी विकास गुरूङको मात्र हस्ताक्षर भएको साथै निजले सो सम्बन्धमा कुनै प्रतिवाद नै नगरी म्याद गुजारी बसेको देखिन्छ । प्रतिवादी श्यामप्रसाद उप्रेतीले कसुरमा पूर्ण इन्कार रहेको र जाहेरवालाहरूले रकम ARMAN DEVELOPER AND BUILDERS (P) LTD. मा बुझाएको रकमको निरन्तरता हो भनी उल्लेख गरेको मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी विकास गुरूङले जाहेरवालाहरूको रकम बुझी रसिद दिई वैदेशिक रोजगारमा नपठाएको पुष्टि भएको हुँदा सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी विकास गुरूङलाई कसुरदार ठहर गरेको र सो फैसलाउपर निजको पुनरावेदनसमेत परेको नहुँदा सो फैसला अन्यथा नदेखिने।

त्यसैगरी प्रतिवादी श्यामप्रसाद उप्रेतीको हकमा हेर्दा, प्रतिवादी श्यामप्रसाद उप्रेती र विकास गुरूङ दुवैजनाले संयुक्त रूपमा SONALI

OVERSEAS PVT.LTD. नामको कम्पनी सञ्चालन गरेको देखिन्छ । जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउनलाई केही व्यक्तिलाई ARMAN DEVELOPER AND BUILDERS (P) LTD. र केही व्यक्तिलाई SONALI OVERSEAS PVT.LTD. नामको कम्पनीको नामबाट रकम बुझेको रसिद दिएको देखिए पनि उक्त रसिदहरूमा प्रतिवादी श्यामप्रसाद उप्रेतीको हस्ताक्षर देखिँदैन, सबै रसिदमा प्रतिवादी विकास गुरूङकै हस्ताक्षर भएको देखिन्छ । जाहेरवालाहरूबाट प्रतिवादी श्यामप्रसाद उप्रेतीले रकम बुझेको देखिने कुनै प्रमाण पेस हुन सकेको छैन । केही जाहेरवालाहरूले प्रहरी वृत्त महाराजगन्जमा श्यामप्रसाद उप्रेती र विकास गुरूङसमेतउपर उजुरी दिएकोमा प्रहरी वृत्तमा दुवै जना बाट रकम बुझेको भरपाईको कागज गराएको देखिन्छ । प्रतिवादी श्यामप्रसाद उप्रेतीले अनुसन्धानका क्रममा निवेदन दिएको र न्यायाधिकण समक्ष उपस्थित भई कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । जाहेरी दरखास्त दिएका सबै जाहेरवालाहरू न्यायाधिकरणसमक्ष उपस्थित भई जाहेरी बेहोरा समर्थन गरी बकपत्र गर्न सकेको देखिँदैन । संयुक्त भरपाई र सोमा उल्लेख भएको रकमका सम्बन्धमा न्यायाधिकरणमा बकपत्र गर्ने जाहेरवालाहरूमध्ये केहीले ARMAN DEVELOPER AND BUILDERS (P) LTD. मा बुझाएको रकमको निरन्तरता हो, पछि उजुरी गरी संयुक्त भरपाई कागज प्रहरीमा बनाएको हो भनी गरेको बकपत्रबाट पनि प्रतिवादी श्यामप्रसाद उप्रेतीको इन्कारी बयानलाई समर्थन गरेको देखिन्छ। प्रतिवादी श्यामप्रसाद उप्रेती जाहेरवालाबाट रकम लिई वैदेशिक रोजगारमा नपठाएको भन्ने प्रमाणबाट पुष्टि नभएको अवस्थामा सुरू न्यायाधिकरणबाट प्रतिवादी श्यामप्रसाद उप्रेतीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला अन्यथा नदेखिने।

जाहेरवालाहरूलाई विदेश पठाइदिने नाममा प्रतिवादीहरूले रकम लिई विदेश नपठाएको भन्ने जाहेरी तथा अभियोग दाबी रहेको छ । प्रतिवादी विकास गुरूङको ARMAN DEVELOPER AND BUILDERS (P) LTD. नामको एउटा छुट्टै र SONALI OVERSEAS PVT. LTD. नामको प्रतिवादी विकास गुरूङ र श्यामप्रसाद उप्रेतीको नाममा संयुक्त कम्पनी रहेको देखिन्छ । जाहेरवालाहरूबाट रकम बुझी लिएको रिसिप्ट रसिदहरूमा प्रतिवादी विकास गुरूङको हस्ताक्षर भएको देखिन्छ । प्रतिवादी विकास गुरूङ सुरू म्याद गुजारी बसेको देखिन्छ । प्रतिवादी श्यामप्रसाद उप्रेती कसुरमा इन्कार रहेको छ । सबै जाहेरवालाहरूले न्यायाधिकरणसमक्ष आई जाहेरी बेहोरा समर्थन गरी बकपत्र गर्न सकेको छैन । केही जाहेरवालाहरू न्यायाधिकरणका समक्ष बकपत्र गर्दा वैदेशिक रोजगारीमा जान ARMAN DEVELOPER AND BUILDERS (P) LTD. मा लगी रकम विकास गुरूङलाई दिएको र ARMAN DEVELOPER AND BUILDERS (P) LTD. मा बुझाएको रकमको निरन्तरता हो, पछि उजुरी गरी संयुक्त भरपाई कागज महाराजगन्ज प्रहरी वृत्त बनाएको हो भनी बेहोराको बकपत्र गरेको देखिन्छ । किटानी जाहेरी आफैँमा प्रमाण हुँदैन । सो जाहेरी बेहोरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको हुनुपर्छ । वैदेशिक रोजगारका लागि जाहेरवालाहरूबाट रकम प्रतिवादी विकास गुरूङले लिएको कुरा मिसिल संलग्न रसिदसमेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादी विकास गुरूङउपर कसुर ठहर गरी प्रतिवादी श्यामप्रसाद उप्रेतीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको न्यायाधिकरणको फैसला अन्यथा देखिएन । पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन एवं बहस जिकिरसँग सहमत

हुन नसकिने ।

मिसिल संलग्न जाहेरी दरखास्त, रकम बुझिलिएको रसिद, केही जाहेरवालाहरूले न्यायाधिकरणसमक्ष गरेको बकपत्रसमेतबाट प्रतिवादी विकास गुरूङउपरको अभियोग दाबी पुष्टि भइरहेको देखिँदा निजलाई २ वर्ष कैद र रू.२,००,०००।- (दुई लाख रूपियाँ) जरिवाना तथा न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्ने जाहेरवालाहरूले बिगो र हर्जानाबापतको रकम प्रतिवादी विकास गुरूङबाट भराइदिने र न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र नगर्ने जाहेरवालाहरूको बिगो र हर्जानातर्फको अभियोग दाबी नपुग्ने गरी तथा प्रतिवादी श्यामप्रसाद उप्रेतीउपरको अभियोग दाबी पुष्टि हुने वस्तुनिष्ठ प्रमाणको अभावमा अभियोग दाबीबाट सफाइ दिने गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१२।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव) : जानकी रमण यादव

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल मङ्सिर १४ गते रोज ४ शुभम् ।

## इजलास नं. १३

### ४८

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-१४४१, परमादेशसमेत, मनिषा ठाकुर वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत*

कुनै व्यक्ति जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्ता व्यक्तिका सन्तानले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन आउँछ । साथै यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएका र निजको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता पाउन सक्ने संवैधानिक र कानूनी व्यवस्था रहे भएको पाइयो । निवेदिकाको जन्म दर्ताको प्रमाणपत्र, तथा निजको बाबु सहदेव ठाकुरको नागरिकताको प्रमाणपत्रबाट निवेदिकाको जन्म नेपालमा नै भएको र स्थायी ठेगानासमेत धनुषा जिल्ला, साबिक दिगम्बरपुर गा.वि.स. वडा नं. ३ हाल परिवर्तित छिरेश्वरनाथ नगरपालिका वडा नं. ८ रहेको भन्ने देखिने ।

निवेदिकाका बाबुको स्थायी वतन धनुषा जिल्ला, साबिक दिगम्बरपुर गा.वि.स. वडा नं. ३ हाल परिवर्तित छिरेश्वरनाथ नगरपालिका वडा नं. ८ रहेको भन्ने उल्लेख रहेको भन्ने तथ्य स्थापित भएको छ भने निवेदिकाका बाबुले जन्मसिद्धका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिएकोमा सोलाई विपक्षीहरूले समेत अन्यथा भन्न सकेको देखिँदैन । निवेदिका बाबुको सँगसाथमा नै रहेको अवस्थामा त्यस्ता नेपाली नागरिकका सन्तानले नागरिकता माग गरिरहेको अवस्थामा त्यसलाई अनदेखा गरी व्यवधान खडा गरिएमा नेपाली नागरिकसरहको समानताको हक, उच्च शिक्षा हासिल गर्ने तथा रोजगारी प्राप्त गर्ने एवम् बसोबासको चयन गर्ने हकमा अवरोध पुग्न जान्छ । यसरी नेपालको संविधानको धारा ११ को उपधारा (१)(२), धारा १२ तथा धारा ३८(१) मा भएको संवैधानिक व्यवस्था तथा नेपाल नागरिकता ऐन, २०६३ मा रहे भएको कानूनी व्यवस्था अनुसार निवेदिकाका बाबुले जन्मका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको, निज नेपालमा जन्मेकोमा विवाद नरेहको र निजको जन्मदर्ता प्रमाणपत्र तथा जिल्ला प्रशासन कार्यालय, धनुषाबाट च.नं. ८७००

मिति २०७९।०२।१७ मा जारी भएको पत्रबाट समेत यी निवेदिका नेपाली नागरिक भएको र निजका बाबुले जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिएबाट निवेदिकालाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न कुनै बाधा अड्चन नरहे नभएको अवस्थामा जिल्ला प्रशासन कार्यालय, धनुषाले निजलाई नेपाली नागरिकताको प्रमाणपत्र नदिएबाट नेपालको संविधानको धारा १० को उपधारा १ मा उल्लिखित "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन" भन्ने प्रावधान र प्रत्याभूतिको हनन हुन जाने।

तसर्थ, निवेदिका मनिषा ठाकुरका बाबुले जन्मसिद्धका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र आमाले वंशजको आधारमा नागरिकता प्राप्त गरेको, निजहरू नेपालमा स्थायी रूपमा बसोबास गरेको देखिएको र यी निवेदिका १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिक देखिएकाले नेपालको संविधान, नागरिकतासम्बन्धी कानून तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आधारबाट निवेदिकाको सम्बद्ध कागज प्रमाण हेरी अन्य कानूनी प्रक्रिया पूरा गरी निवेदिका मनिषा ठाकुरलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, धनुषासमेतका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर - प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम्।

**४९**

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-०७२१, उत्प्रेषण / परमादेश, रिषवकुमार शर्मासमेत वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरू नेपालमा जन्मेको भन्नेमा विवाद देखिँदैन । निवेदकहरूको आमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक भन्नेमा पनि विवाद रहेको पाइँदैन । उल्लिखित विद्यमान अवस्था रहेकोबाट निवेदकहरूको बाबुको नागरिकता नभए पनि निवेदकहरू नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने सक्षम व्यक्ति भन्ने नदेखिने।

तसर्थ, बुबाको नागरिकता नभएको र बाबु विदेशी वा स्वदेशी भएको भन्ने यकिन नभएको भनी कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्दा निवेदकहरूको मौलिक हकमा आघात पुग्ने देखिएकाले कागजात प्रमाणहरू हेरी आवश्यक प्रक्रिया पूरा गरी निवेदकहरू रिषवकुमार शर्मा र महेशकुमार शर्मालाई आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, पर्सासमेतको नाममा परमादेश जारी हुने। निवेदकहरूले वीरगन्ज महानगरपालिका वडा नं. ६ को मिति २०७७।१०।०७ को पत्र उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी जिकिर लिएकोमा उक्त पत्रको बेहोरामा नागरिकता प्रमाण पत्रको सिफारिस दिन इन्कार गरेको नभई उच्च शिक्षा हासिल गराइदिनको लागि निवेदकहरूको फोटोसमेत प्रमाणित गरी सिफारिस गरेको देखिँदा उक्त पत्र उत्प्रेषणको आदेशले बदर नहुने।

इजलास अधिकृत : देवी चौधरी / दामोदर घिमिरे

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम्।